# अध्ययन एक

# परिचय

## १.१ अध्ययनको सैद्धान्तिक पृष्ठभूमि

### लोकतन्त्र

लोकतन्त्रलाई जनताको शासन मानिन्छ। शासन प्रक्रियामा जनताको प्रत्येक्ष वा पारोक्ष सहभागिता रहने भएकाले यसलाई जनताको शासन भनिएको हो यसहिसावले लोकतन्त्रमा जनता नै सर्वेसर्वा हुन्छन् भन्ने मान्यता राखिन्छ ।

सिद्धान्ततः लोकतन्त्रमा जनअभिमत नीतिमा प्रतिविम्वित हुन्छ वा हुनुपर्दछ। जनचाहना अनुरुप आएको नीति र विधिबाट देश चल्छ। यसरी जनतालाई केन्द्रमा राखेर सञ्चालन गरिने शासन प्रणाली नै लोकतन्त्र हो ।यो शासन प्रणालीमा लोक अभिमत प्रधान मानिन्छ। अझ प्रष्ट भाषामा भन्नु पर्दा स्वतन्त्रता, समानता, विधिको शासन, वालिग मताधिकार, आवधिक निर्वाचन, शुशासन आदि विविध पक्षहरु शासनमा प्रतिविम्वित हुन्छन्। यी र यस्तै तमाम जन हितकारी पक्षप्रतिप्रतिवद्ध रही सञ्चालन गरिने शासन प्रणाली नै वास्तवमा लोकतन्त्र हो ।

शाब्दिक रुपमा हेर्ने हो भने **'लोकतन्त्र'** अंग्रेजी शब्द 'डेमोक्रेसी'को नेपाली रुपान्तरण हो। 'डेमोक्रेसी' शब्द पनि ग्रीसको डेमोक्रेटस बाट आएको हो। जहाँ डेमोसको अर्थ जनता र क्रेटसको अर्थ शासन भन्ने हुन्छ। र यी दुबै शब्दलाई मिलाउदा **जनताको शासन** भन्ने अर्थ हुन्छ। **dēmos *(the many or people")* kratos *("rule or power")***

यसरी हेर्दा लोकतरुन्त्रलाई जनताको शासन भनेर अर्थ लगाउन सकिन्छ। यो मानव अधिकारवादिहरुले अति शासनको विरुद्ध अघि सारेको अवधारणा हो। सानो समूहले मात्रै शासन गर्ने **कुलीन तन्त्र** र एउटाले मात्रै शासन गर्ने **एकतन्त्रीय व्यवस्था वा निरंकुश राजतन्त्र** (मोनार्की) को विपरित, शासनमा सबैको सहभागिता रहने व्यापक धारणा हो ( अब्बास, कुमार : २०१२)।

प्राचीन ग्रीसमाशासन व्यवस्थालाई मुख्यतया तीन भागमा वर्गीकर गरिएको थियो। पहिलो,एउटै व्यक्ति अर्थात राजाको हातमा शासनको सम्पूर्ण वागडोर रहेको राजतन्त्र। अहिले यसलाई निरंकुश राजतन्त्रात्मक व्यवस्था समेत भन्ने गरिन्छ। यो व्यवस्थालााई निरंकुश वा अधिनायकवादी व्यवस्था मान्ने हो भने मार्क्सवादी विचारधारालाई पनि अधिनायकवादकै कोटिमा राख्न सकिन्छ। फरक यत्ती हो कि राजतन्त्रमा एउटा व्यक्तिको शासन हुन्छ भने मार्क्सवादमा पार्टिको। अथवा भनौं राजा पछि राजाको छोरोले शासन गर्ने व्यवस्था हुदैन। त्यस्तै राजतन्त्रलाई ठालुहरुको शासन मानिन्छ भने कम्युनिष्ट शासनलाई सर्वहारा वर्गको शासन मानिन्छ। तर अधिनायकवादको स्वरुप एउटै हो।

दोस्रो , केही धनवान व्यक्ती वा व्यक्ती समूहको हातमा शासनको वागडोर रहेको **धनिक वा कुलीन** शासन व्यवस्था र तेस्रो तथा अन्तिम, आम जनताको हातमा शासनको वागडोर रहेको विश्वास गरिने शासन व्यवस्था अर्थात **लोकतन्त्र**। लोकतन्त्रमा जनताले शासन सञ्चालनमा प्रत्येक्ष सहभागिता जनाउन पनि सक्छन्, अथवा आफ्ना प्रतिनिधि मार्फत पनि। प्राचीन ग्रीसका नगर राज्यमा राज्यका प्रत्येक काम कार्वाहीमा प्रत्येक नागरिकको प्रत्येक्ष सहभागिता रहन्थ्यो (*वार्कर, १९१७*)।

त्यस्तै पूर्वीय अभ्यासको कुरा गर्नु पर्दा वैशालीमा लिच्छवी, कपिलवस्तुमा शाक्य, पुसी नगर र पावामा मल्ल लगायतका शासकहरुलगायतले जनसहभागितामूलक लोकतन्त्रको अभ्यास गरेको पाइन्छ (*नकर्मी, २०७६* )। प्राचिन कालमा ससाना राज्यहरु हुन्थे।जनता राज्यका सबै प्रशासनीक तथा नीति निर्माणका कार्यहरुमा प्रत्येक्षसहभागिता जनाउन सक्दथे।

त्यो समयमा जनसंख्याको आकार सानो हुने भएकाले प्रत्येक्ष लोकतन्त्र संभव थियो। प्लेटोले आदर्श राज्यको जनसंख्या ५०४० हुनुपर्ने मान्यता अघि सारेका थिए। हाम्रो छिमेकी मुलुक भारत र चीनमा अहिले करिव १ अर्ब ५० करोड हाराहारीको जनसंख्या छ। कहाँ प्लेटोले कल्पना गरेको आदर्श जनसंख्याको आकार? कहाँ आजका आधुनिक राज्यको जनसंख्याको आकार ? यी दुई अवस्थाका बिच कुनै तुलना हुनै सक्दैन।

सानो जनसंख्यालाई अनुशासनमा राख्न सहज हुने भएकोले प्लेटोले सो आदर्श स्वरुपको कल्पना गरेका थिए। साथै सानो आकारको जनसंख्या हुदा प्रत्येक्ष प्रजातन्त्रको अभ्यास समेत सहज हुन्थ्यो। थोरै जनसंख्यामा सबैले सबैलाई चिनेका हुन्छन्। जसको फलस्वरुप

सबैको सहभागितामा आधारित प्रत्येक्ष लोकतन्त्र संभव थियो । तर आजको विश्वमा धेरै जनसंख्या भएका देशहरु छन्, जहाँ प्रत्येक्ष लोकतन्त्रको अभ्यास त्यति सहज छैन ।

## १.२ प्रयोगमा आधारित सन्दर्भ

एकाध अपवादको रुपमा अहिलेको समयमा समेतस्विजरल्याण्डमा र अमेरिकाका केही राज्यहरुमा प्रत्येक्ष लोकतन्त्रको अभ्यास देख्न सकिन्छ । प्रत्येक्ष लोकतन्त्रमा राज्यका हरेक क्रियाकलापमा जनताले चासो राख्नुका अतिरिक्त निर्वाचित जनप्रतिनिधिको क्रियाकलाप मन नपरेको अवस्थामा आफ्ना प्रतिनीधिलाई फिर्ता बोलाउन सक्ने अधिकार समेत जनतामा सुरक्षित रहन्छ ।*(अब्वास र कुमार : २०१२)*

ग्रिसेलीहरुले ठूलो राज्य निर्माण गर्ने भन्दा पनि राज्यमा प्रजातन्त्रलाई जीवित राख्नमा बढी ध्यान दिएको पाइन्छ । उनीहरु राज्यको क्षेत्रफल बढाउने भन्दा पनि राज्यलाई व्यवस्थित तरिकाले चलाउने कुरामा विश्वास राख्दथे ।

स्विजरल्याण्ड र अमेरिकाका केही राज्यहरुलाई अपवाद मान्ने हो भने अहिलेका लोकतान्त्रिक राज्यहरुमा जनताहरु शासन प्रक्रियामा प्रत्येक्ष रुपमा सहभागी नभई आफ्ना प्रतिनिधिमार्फत सहभागी हुने गरेको पाइन्छ । जस अन्तरगत जनताले निर्वाचनको प्रक्रियाबाट आफ्ना प्रतिनिधि छनोट गर्ने गर्दछन्, र तिनै जनप्रतिनीधिले नै वास्तवमा राज्य संचालन गर्दछन्, वा सरकार बनाउनमा भुमिका निर्वाह गर्दछन् । निर्वाचित जनप्रतिनिधिमार्फत सत्ता सञ्चालन हुने यसकिसिमको शासन व्यवस्था लाई प्रतिनिधिमूलक लोकतन्त्र भनिन्छ ।

एकाध अपवाद वाहेक आजको विश्वमा प्रतिनिधिमूलक लोकतन्त्र नै प्रचलनमा छ। त्यसैलेप्रतिनिधिमूलक अर्थात अप्रत्येक्ष लोकतन्त्रलाई आजको विश्वको सर्वमान्य सिद्धान्त मान्न सकिन्छ ।

आजको विश्वमा ठुलाठूला राज्यहरु छन् । जहाँ प्रत्येक्ष लोकतन्त्रको अभ्यास त्यति सहज छैन । त्यसैले जनताले आफूलाई मन परेका व्यक्तिलाई आफ्ना प्रतिनिधिको रुपमा छनोट गर्दछन् र तिनै जनप्रतिनिधिले शासन सञ्चालन गर्ने गर्दछन् । वा भनौं जनप्रतिनिधिमार्फत नागरिकहरुलेनै शासन गर्दछन । यसको मतलव आधुनिक राज्यका नागरिकहरुले आफ्ना

प्रतिनीधिलाई आफूमा निहित अधिकार र शक्ति दिएर काम गर्ने जिम्मेवारी सहित पठाएका हुन्छन् ।

आवधिक निर्वाचन प्रणालीमा आधारित यस शासन प्रणालीमा प्राप्त जिम्मेवारी अनुरुप काम गर्न नसक्ने र अयोग्य जनप्रतिनिधिलाई अर्को चुनावमा जनताले पाखा लगाउँछन् भन्ने मान्यता राखिन्छ । जनप्रतिनीधि जनताबाट अनुमोदनहुनैपर्ने भएकाले यो विकल्प बलियो छ । तर यो तथ्यले सबैतिर समान रुपमा काम गरेको छ भनेर ठोकुवा गर्न सकिने आधार भने छैन ।

शास्त्रीय अर्थमा लोकतन्त्र भनेको जनताको शासन हो । त्यस्तो शासन जनताले प्रत्येक्ष रुपमा आफै सहभागी भएर पनि गर्न सक्छन्, र निर्वाचितजनप्रतिनिधिमार्फत पनि ।

यस सन्दर्भमा अमेरिकाका साह्रौं राष्ट्रपति अब्राहम लिंकनले सन् १८६३ नोवेम्वर १९ मा गेटेजवर्गमा दिएको भाषणलाई महत्वपूर्ण रुपमा लिने गरिन्छ । जहाँ लिङ्कनले लोकतन्त्रलाई जनताले जनताको लागि गरिने शासन भनेर परिभाषित गरेका थिए (लिंकन, १८६३) । यहाँ जनताको लागि गरिने शासन भन्ने बाक्यांशको अर्थ प्रष्ट छ । जहाँसम्म जनताले गर्ने शासन भन्ने बाक्यांश छ त्यसलाई जनताका प्रतिनीधिहरुले गर्ने शासन भनेर बुझ्नु पर्ने हुन्छ । लिंकनको यो परिभाषाले जनतालाई शासन सञ्चालनको केन्द्रीय तत्वको रुपमा लिएको छ ।

त्यस्तै प्राचीन एथेन्सको लोकतान्त्रिक मान्यतालाई बहुमतको शासन मान्न सकिन्छ । एथेन्समा राज्यका प्रशासनीक कार्य र नीति निर्माण कार्यमा सबै नागरिकको समान सहभागिता रहथ्यो तर नगर भित्र बसोवास गर्ने सबैलाई नागरिक मानिदैनथ्यो ।

नगर राज्यमा महिला, दासदासी र आप्रवासीहरुलाई नागरिकताको अधिकार थिएन । विशेष गरेर युवावस्थाका पुरुषलाई मात्रै नागरिकताको अधिकार थियो । र नागरिक मात्रै नगरको प्रशासनिक, राजनितिक र नीतिगत कार्यमा सहभागी हुन्थे *(हेल्ड, ,२००८)* यही कारणले एथेन्सको लोकतान्त्रिक अभ्यासलाई बहुसंख्यकहरुको शासन मान्न सकिन्छ ।

नागरिकतामा कडाई नभएको भए र सबै नगरवासीहरुलाई राजनितिक अधिकार दिइएको भए यस किसिमको सहभागितामूलक शासनलाई सबैको शासन भन्न सकिन्थ्यो।

एथेन्सका प्रत्येक नागरिकलाई निर्णय प्रक्रियामा समान अधिकार थियो। त्यसैले एथेन्सको शासन प्रक्रियाबाट समानताको अवधारणा स्थापित भयो। समानताको यो अवधारणाले राजनैतिक समानतालाई जनाउँछ। जहाँ नागरिकमा समान मताधिकार र सार्वजनिक सम्पत्तीमा समान अधिकार रहन्छ। यसरी हेर्दा जनतालाई वैधानिक शक्तीको मुख्य केन्द्र मान्न सकिन्छ। त्यसैले लोकतन्त्र भनेको जनताको शासन हो। चाहे त्यो प्रत्येक्ष अर्थात सहभागितामूलक होस्, अथवा अप्रत्येक्ष अर्थात प्रतिनीधिमूलक*(अब्बास र कुमार, २०१२)*।

लोकतन्त्र एउटा त्यस्तो बहुदलीय शासन प्रक्रिया हो , जहाँ समान मताधिकारको आधारमा स्वच्छ, निष्पक्ष र भयरहित माहौलमा समान मताधिकारको प्रयोग गरी आवधिक निर्वाचनको माध्यमले जनता आफ्ना प्रतिनिधिलाई छनोट गर्दछन्, र तिनै जनप्रतिनिधि नै सरकार निर्माण प्रक्रियामा सहभागी हुन्छन् । जनताका प्रतिनिधिहरुले निर्माण गरेको सरकार शासन सत्ता सञ्चालन गर्दछ। यसरी जनता आफ्ना प्रतिनिधिमार्फत शासन प्रक्रियामा सहभागी भएका हुन्छन् । त्यसैले लोकतन्त्रमा जनतालाई वैधानिक शक्तिका स्रोत मानिन्छ ।

वहुदलीय प्रतिस्प्रधामा आधारित यो अवधारणाले बहुमतको सरकार र अल्पमतको प्रतिपक्षमा विश्वास गर्दछ। लोकतन्त्र भनेको सबैको व्यवस्था हो। यो कुनै विशेष वर्ग र समुदायको व्यवस्था नभई यसमा सबैको अपनत्व हुन्छ। सबै वर्गको हितलाई ध्यानमा राखिन्छ। गार्नरका अनुसार, '*लोकतन्त्र सरकारको त्यो स्वरुप हो, जसमा राज्यको प्रशासकीय शक्ति कुनै एक वर्गको हितमा नरहेर सम्पूर्ण जन समाजका सदस्यहरुमा निहित रहन्छ* (गार्नर, १९२८) ।

यसरी हेर्दा लोकतन्त्रमा हरेक नागरिक समान अधिकार, अस्तित्व र आत्मसम्मान सहित बाँचेका हुन्छन् । वास्तवमा लोकतन्त्र भनेको फराकिलो विचारधारा पनि हो , जहाँ सबै अटाउन सक्छन् ।

राजतन्त्रमा राजाको बोलवाला हुन्थ्यो, धनिक तन्त्रमा केही सीमित धनी र कुलीनहरुको दवदवा रहन्थ्यो। तर लोकतन्त्रमा लोक अर्थात जनताको आधिपत्य रहन्छ। तर त्यसका लागि लोकतन्त्रका 'लोक'को 'लोक'कै रुपमा पहिचान हुनुपर्ने हो , अन्य रुपमा होइन। तर आजको विश्वमा यस्तो भएको देखिदैन। लोकतन्त्रका 'लोक' (नागरिक) व्यवस्थाको विरोधमा उत्रिए भने समस्या समाधानतिर जाने भन्दा पनि असन्तुष्टहरुलाई कुनै पार्टी वा

विचारधाराको ट्याग लगाएर सरकारका कमीकमजोरी लुकाउने प्रचलन बढ्दो छ कतिपय लोकतान्त्रिक भनिने देशहरुमा ।

जे एस मिलले लोकतन्त्रलाई अझ फराकिलो तरिकाले हेरेका छन्, । उनले आफ्नो किताव 'प्रतिनीधिमूलक सरकार' ('रिप्रिजेन्टेटिभ गभर्नमेन्ट', १८६१) मा सबै समुदायको समानुपातिक प्रतिनिधित्व रहने किसिमको सरकारको अवधारणा अघि सारेका छन् । मिलले यसकिसिमको लोकतन्त्र लाई वास्तविक(pure) लोकतन्त्रको नाम दिएका छन् । मिलका अनुसार वास्तविक लोकतन्त्रमा शासन शत्तामा सबैको समान स्वामित्व रहन्छ । मिलले पनि वहुदलीय प्रतिस्प्रधा र वहुमतको सरकारको मान्यता लाई नकारेका छैनन्, तर सबै वर्ग र समुदायको समान सहभागिताको सुनिस्चितता खोजेका छन् (मिल , १८६१)।

मिलले यो अवधारणा चेतनशीलसमाजको लागि मात्रै प्रस्ताव गरेका हुन् । तात्कालीन समयमा विशेशतः बेलायत र अन्य युरोपेली मुलुकलाई ध्यानमा राखेर यस्तो अवधारणा अगाडी सारिएको हो । जसरी लिंकनले लोकतन्त्रलाई जनताले जनताको लागि जनताद्वार गरिने शासन भनेर परिभाषित गरेका छन्, त्यसै गरी मिल (१८६१) ले लोकतन्त्रलाई सबैका लागि सबैको शासन भनेर परिभाषित गरेका छन् ।

उसोभए लोकतन्त्रलाई कसरी हेर्न सकिन्छ त ?सरकारको स्वरुपमा वा समाजको स्वरुपमा ?

लोकतन्त्रलाई मुख्यतया दुईओटा स्वरुपमा हेरिन्छ - (१) सरकारको स्वरुप, (२) समाजकोस्वरुप । धेरैले लोकतन्त्रलाई सरकारको स्वरुपको रुपमा व्याख्या गर्ने गरेका छन् । तर यसलाई समाजको स्वरुप मान्ने विद्वान हरु पनि छन् । र त्यस्ता चिन्तकहरु पनि छन्, जसले लोकतन्त्रलाई सरकार र समाज दुवैको स्वरुप वा व्यवस्था मान्दछन् । जेम्स रसेल लोवेलले यसलाई समाजको व्यवस्था वा समाजको स्वरुप मानेका छन् ( लोवेल,१८८७) । यो मान्यता अनुसार सरकार मात्रै सबै थोक होइन, समाजिक संरचना र समाजिक व्यवस्थाको पनि त्यत्तिकै भुमिका रहन्छ । सरकार वाहिर पनि अन्य व्यवस्था हुन्छन् र सरकार बाहिर पनि धेरै विद्वान मानिसहरु हुन्छन्, विचारसील व्यक्तिहरु हुन्छन्, जसले समाजलाई नेतृत्व गरेका हुन्छन् । लोवेल(१८८७)ले राजनीतिक व्यवस्था भन्दा सामाजिक व्यवस्थालाई बढी महत्व दिएको पाइन्छ ।

प्रशिद्ध फ्रान्सेली समाजशास्त्री तथा राजनितिक चिन्तक एलेक्स डि टकभिल (Alex de Tocqueville) ले लोकतन्त्रलाई सरकारको स्वरुप र समाजको प्रकार यी दुवै रुपमा हेरेका छन् ( डेमोक्रेसी इन अमेरिका, १८३१)।उनले सर्वसाधारणको आफ्नो सरकारका गतिविधिमा धेरै वा थोरै सहभागितालाई सरकारको स्वरुपको रुपमा हेरेका छन् । साथै उनी लोकतान्त्रिक संस्था र लोकतान्त्रिक जिवन पद्यतीलाई पनि लोकतन्त्रको रुप मान्दछन् । यसरी टकभिल ( १८३१) (Alex de Tocqueville, 1831) ले सामाजिक व्यवस्था र सरकारको व्यवस्थालाई जोड्ने कार्य गरेका छन् । सामाजिक व्यवस्था अन्तरगत उनी स्वतन्त्रता र समानतालाई अत्यन्त महत्व दिन्छन् । यसलाई उनमा परेको अमेरिकी समाजको प्रभावको रुपमा समेत हेर्न सकिन्छ ।

जेहोस् लोकतन्त्रलाई सरकारको मात्रै होइन र समाजको मात्रै पनि होइन । यसलाई त सरकार र समाज दुवैको स्वरुपमा हेर्नुपर्ने हुन्छ ।

नेपालको उदाहरण हेर्ने हो भने यहाँ राजनीतिक रुपमा ऐन, कानून, सरकारको स्वरुप र राज्यको स्वरुपले यहाँको राजनीतिक स्वरुपलाई जनाउँछ भने यहाँका चालचलन, प्रथा( कुप्रथा पनि), परम्परा, पारिवारिक संरचना आदिले यहाँको सामाजिक स्वरुपलाई जनाउछ । नेपालमा कानुनी रुपमा वाल विवाह र जातीय भेदभाव तथा छुवाछुत प्रतिवन्धित छन् । तर समाजमा यी दुवै कुरा प्रचलनमा छन् । वालविवाह पनि र जातीय छुवाछुत पनि ।

यसरी हेर्दा दलितहरुका लागि यो देशमा कानुनी रुपमा समानता छ । समान अधिकार, अस्तित्व र आत्मसम्मान सहित बाँच्न पाउने व्यवस्था छ । तर दलितहरुलाई सार्वजनिक स्थानमा नै प्रतिवन्ध छ । उनीहरुलाई अहिले पनि देशका कतिपय भुभागमा मन्दिर प्रवेशमा रोक लगाइन्छ । दलित भएकै कारण अपहेलित हुनुपर्ने व्यवस्था छ । त्यसैले राजनीतिक रुपमा त उनीहरुले समानताको अधिकार पाए तर सामाजिक व्यवस्थाले उनीहरुलाई समानताको अधिकार उपभोग गर्न दिएन । वास्तविक लोकतन्त्रका लागि राजनीतिक र सामाजिक दुवै क्षेत्रमा उदार भाव आउन आवस्यक छ । त्यसैले लोकतन्त्रलाई सामाजिक र राजनीतिक यी दुवै स्वरुपमा हेर्नु उपयुक्त हुन्छ ।

## १.३ खोजी गर्ने विषय र अनुसन्धानात्मक प्रश्न

*अहिलेको अवस्थमा सबै शासकहरु आफू र आफ्नो शासन व्यवस्थालाई लोकतान्त्रीक भएको दावी गर्दछन् । तसर्थ यो अध्ययनमा कस्तो लोकतन्त्र र कसको लोकतन्त्र ? भन्ने विषय उठान गरिएको छ ।*

*आजको विश्वमा लोकतन्त्र शव्द यतिधेरै मजबुत भएको छ कि कुनै पनि शासक आफ्नो शासनव्यवस्थालाई अलोकतान्त्रिक व्यवस्था भन्न समेत डराउँछन् । अन्तर्यमा जेसुकै भए पनि आवरणमा लोकतन्त्रीक व्यवस्थाको वकालत गर्ने गरिएका कयौं उदाहरण छन्, आजको विश्वमा । त्यस कारण मैले शासक र शासितको लोकतान्त्रीक चरित्रको समेत अध्ययन गरेको छु ।*

*सिद्धान्तले मात्रै कुनै पनि व्यवस्थालाई पूर्णता दिन सक्दैन त्यसैले सिद्धान्तअनुरुपको व्यवहार छ कि छैन ? यो प्रश्न पनि अहं रुपमा उठाइएको छ । अर्थात् शासक र शासितमा लोकतान्त्रीक संस्कार कस्तो छ ? अथवा भनौं नेपालमा यी दुवै पक्षमा लोकतान्त्रीक संस्कार छ कि छैन ? भन्ने कुरालाई हेर्न खोजिएको छ ।*

*स्टेभेन लेभेस्की र डेनिल जिब्लाटले आफ्नो किताव **हाउ डेमोक्रेसीज् डाई** मा अहिलेका प्रत्येक शासकहरु लाकतान्त्रिक विधी र प्रक्रियाबाटै शत्तामा पुग्ने र त्यसपछि विस्तारै अधिनायकवादी चरित्र अवलम्वन गर्दै जाने कुरा उल्लेख गरेका छन् । यसरी विस्तारै लोकतन्त्रको हत्या हुने कुरा दर्साउन खोजिएको छ यो कितावमा ।*

*त्यस्तै यास्सा मंकले आफ्नो किताव **द पिपल भर्सेसडेमोक्रेसी**मा शासकहरु लोकप्रिय कुरा गरेर शत्तामा पुग्ने तर शत्तामा पुगेपछि उनीहरुको अर्कै व्यवहार प्रदर्सन गर्ने कुरा उल्लेख गरेका छन् । नेताहरु लोकप्रिय बन्नका लागि जुनसुकै हदसम्म जान खोज्ने र त्यस्तो छवी कायम राख्न लोकतान्त्रिक विधी र प्रक्रिया मिच्न समेत पछि नपर्ने साथै अल्पसंख्यकहरुप्रति अनुदार व्यवहार प्रदर्सन गरी लोकतन्त्रको नाममा अधिनायकवादी चरित्र प्रदर्सन गर्ने तथ्य उजागर गरेका छन् ।*

*यी दुवै कितावमा ठ्याक्क लोकतान्त्रिक चरित्र भन्ने शव्द प्रयोग नभए पनि वास्तवमा सम्पूर्ण रुपमा लोकतान्त्रिक चरित्रकै कुरा गर्न खोजिएको छ । वा भनौं अहिले सर्वत्र संस्कारविहिन नाममात्रको लोकतन्त्र प्रचलनमा रहेको कुरा दर्साउन खोजिएको छ ।*

*मुख्यतया यिनै दुई कितावमा उल्लेख भएको विचारधारमा आधारित रहेर नेपालको लोकतान्त्रिक अभ्यासलाई हेर्ने कोसिश गरेको छु ।*

अझ प्रष्ट भाषामा भन्नुपर्दा यो अध्ययनमा निम्न प्रश्नको उत्तर खोज्ने प्रयत्न गरिएको छ :

१. नेपालमा लोकतन्त्र भनेर दावी गरिएको शासन व्यवस्था वास्तवमा लोकतन्त्र हो कि होइन ?

२. नेपाली नेता र नागरिकमा लोकतान्त्रीक चरित्र छ कि छैन ?

वास्तविक लोकतन्त्रका लागि नेताहरुमा लोकतान्त्रीक चरित्र हुन जति आवस्यक छ त्यत्तिकै नागरिकमा पनि। साथै लोकतान्त्रीक संविधान र लोकतान्त्रीक संस्थाका अतिरिक्त वास्ताविक लोकतन्त्रका लागि लोकतान्त्रीक व्यवहार समेत अपरिहार्य छ। त्यसैले नेपालमा वास्तविक लोकतन्त्र छ कि छैन भन्ने जान्नका लागि नेपालका शासक र शासित यी दुवै पक्षको लोकतान्त्रीक चरित्र अध्ययन गरिएको हो ।

## १.४ अध्ययनको उद्देश्य

लोकतन्त्र भनेको जीवन पद्धती हो। कुनै पनि देशमा लोकतन्त्र छ कि छैन भन्नका लागि त्यहाँका शासकहरुको चरित्रलाई मात्रै मुल्याङ्कन गरेर हुदैन। साथै शाशितहरुको चरित्र चित्रण गरेर मात्रै पनि पुग्दैन। यी दुवै पक्षलाई नियाल्नु पर्ने हुन्छ। तर स्वभाविक रुपले लोकतन्त्र नेतृत्वको चरित्रमा बढी मात्रामा प्रतिविम्वित हुन आवस्यक छ। यो अध्ययनको मुख्य उद्देश्य निम्न वमोजिमका प्रश्नहरुको जवाफ खोज्नुलाई मानिएको थियो :

१. नेपाली नेताहरुमा लोकतान्त्रिक चरित्र

२. नेपाली समाजमा लोकतान्त्रिक चरित्र

# अध्याय दुई

# साहित्यको सिंहावलोकन

## २.१ लोकतान्त्रिक संस्कार

नेपालमा जातीय विभेदलाई कानुनी रुपमा दण्डनीय अपराध मानिन्छ। तर समाजमा अहिले पनि पर्याप्त रुपमा जातीय भेदभाव रहेका तमाम उदाहरण देख्न सकिन्छ।

यहाँनेर सामाजिक व्यवस्था र राजनीतिक व्यवस्थाको बिचमा कुनै किसिमको तालमेल देखिदैन। राजनीतिक रुपमा दलीतहरुले पनि समाजमा समान अवसर पाएका छन्, तर साममाजिक उत्पिडन र वहिस्करणको कारण बर्सौदेखि कानूनले प्रत्याभुत गरेको समानताको अधिकारको उपभोग भने गर्न पाएका छैनन्। त्यसैले सामाजिक व्यवस्था परिवर्तन नभएसम्म राजनीतिक व्यवस्थामा आएको परिवर्तन पनि औचित्यहीन सावित हुन पुग्छ। नेपालको जातीय व्यवस्थालाई हेर्दा यहाँ राजनीतिक रुपमा त लोकतन्त्र आएको देखिन्छ तर सामाजिक रुपमा लोकतन्त्र आएको छैन। यहाँ अझै सामन्तवादको अवशेश बाँकी नै छ भन्न सकिन्छ। नेपालको संविधानमा पनि सम्मानपुर्वक बाँच्न पाउने अधिकार सबैलाई नै मौलिक हकको रुपमा प्रत्याभूत गरिएको छ। तर संविधानमा परिकल्पना गरिएको जस्तो सम्मानपूर्ण जीवन र समानता समाजमा भेटिदैन।

त्यस्तै वालविवाहलाई पनि राजनीतिक व्यवस्था र सामाजिक व्यवस्थाकाबीच तालमेल नभएको उदाहरणको रुपमा हेर्न सकिन्छ। नेपालमा विवाहका लागि २० वर्ष पुरा भएको हुनुपर्दछ। तर यहाँ अहिले पनि १२, १३ वर्षको उमेरमा समेत विवाह हुने गरेका पर्याप्त उदाहरणहरु भेट्न सकिन्छ। लोकतन्त्रले कुनै पनि वयस्कलाई आफ्नो जीवनसाथी छान्न पाउने स्वतन्त्रता प्रदान गरेको हुन्छ। तर नेपालमा कतिपय अवस्थामा वावुआमाले आफ्नो मर्जीले आफ्ना वालवालिकाको वालविवाह समेत गर्ने गरेको पाइन्छ। रजस्वला नहुँदै छोरीको कन्यादान गर्दा पुण्य प्राप्त हुने विश्वासको कारणले अहिले पनि वालविवाह गर्ने प्रचलन कायमै छ।

यी र यसकिसिमका अरु पनि तमाम कारणले गर्दा लोकतन्त्र हुनका लागि राजनीतिक र सामाजिक रुपमा लोकतान्त्रीक व्यवहार देखिन आवस्यक छ। त्यसैले लोकतन्त्र एक राजनीतिक व्यवस्था हो र यो सामाजिक व्यवस्था पनि हो भन्न सकिन्छ।

आधुनिक लोकतन्त्रको विकासमा फ्रान्सेली राज्य क्रान्ति र अमेरिकी स्वतन्त्रता संग्राम पस्चात आएको अमेरिकी संविधानको ठूलो योगदान रहेको पाइन्छ। स्वतन्त्रता र समानता फ्रान्सेली राज्य क्रान्तिका मुख्य नारा थिए। क्रान्तिको भुमिका तयार पार्ने विद्वानहरु रुसो , मन्टेस्क्यु लगायतले स्वतन्त्रता र समानतालाई मानव विकासका प्रधान तत्व मानेका छन्। प्रशिद्ध राजनीतिशास्त्री जोन लकले मानिसको लागि सबै भन्दा प्रिय कुरा स्वतन्त्रतालाई मानेका छन्। स्वतन्त्रताको रक्षाको लागि नै समाजिक सम्झौतामार्फत राज्यको निर्माण भएको उनको दावी छ। **मन्टेस्क्यु (१७४८)** पनि स्वतन्त्रतालाई अपरिहार्य तत्व मान्दछन्। र त्यस्तो स्वतन्त्रता जोगाउनका लागि शक्तिको पृथकीकरणमा जोड दिन्छन्। एउटै व्यक्ति वा संस्थामा शक्ति केद्रीकृत भएमा निरंकुशताको संभावना रहन्छ।मन्टेस्क्युले राजतन्त्रात्मक शासन व्यवस्थामा समेत राज्यका विभिन्न निकायमा शक्ति बाँडफाँड गरेर स्वतन्त्रताको संरक्षण गर्न सकिने तर्क पेश गरेका छन् (मन्टेस्क्यु, १७४८)। मन्टेस्क्युको यही अवधारणाको आधारमा राज्यका तीन अंगहरु अर्थात व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरिएको पाइन्छ। जहाँ सामान्यतया कार्यपालिकाले प्रशासनिक कार्यहरु गर्ने गर्दछ। व्यवस्थापिकाले कानून निर्माण गर्दछ भने न्यायपालिकाले न्याय सम्पादन गर्दछ।

यही अवधारणालाई थप प्रस्ट पार्दै अमेरिकी राजनीतिशास्त्री जेम्स मेडिसन (jemes medison)ले नियन्त्रण र सन्तुलनको अवधारणा अघि सारे (अव्वास र कुमार : २०१२)।

अमेरिकी संविधानका निर्माताहरु मध्ये एक मेडिसनले शक्ती सन्तुलन र नियन्त्रणको यो धारणा अमेरिकी संविधानमा समेत समावेश गराए। जसको मूल आसय राज्यका कुनै पनि निकायले आफ्नो अधिकार क्षेत्रको उल्लंघन गर्नु हुदैन र अन्य निकायको अधिकार क्षेत्रमा कुनै किसिमको हस्तक्षेप गर्नु हुदैन भन्ने नै हो। मन्टेस्क्युले शक्तीलाई राज्यको एउटै निकायमा केन्द्रीकृत नगरी विकेन्द्रीकृत गर्नु पर्ने वा विभाजन गर्नु पर्ने कुरामा जोड दिएका थिए भने मेडिसनले कुनै निकायले गल्ती गरेको खण्डमा अर्को निकायले त्यसमा सच्याउन पाउने व्यवस्था सहित सन्तुलन र नियन्त्रणको अवधारणा अघि सारे।

उदाहरणका लागि कार्यपालिकाले गलत निर्णय गरेमा व्यवस्थापिका र न्यायपालिकाले त्यसमाथि रोक लगाउने, संविधान विपरितका तथा विधि र प्रक्रिया मिचेर गरिने निर्णयहरु नियन्त्रण गर्ने र सन्तुलन कायम गर्ने कार्य गर्दछन् भने व्यवस्थापिकाले संविधान विपरित गरेका निर्णहरु न्यायपालिकाले खारेज गरिदिन सक्दछ अथवा संविधानको दायरामा रहेर निर्णय गर्न आदेश दिन सक्छ। त्यस्तै न्यापालिकाले गलत निर्णय दिएमा व्यवस्थापिकाले त्यस्ता निर्णयहरु बदर गर्नुका अतिरिक्त विवादित फैसला सुनाउने न्यायाधीसमाथि महाअभियोग लगाई पदबाटै बर्खास्त समेत गर्न सक्दछ। राज्यका हरेक अङ्गहरु एक अर्काका परिपुरक हुन्छन्। एउटाले अर्कोलाई नियन्त्रण गर्ने र सन्तुलन कायम गर्ने कार्य हुन्छ लोकतान्त्रिक अभ्यासमा। तर कुनै पनि निकायले आफ्नो क्षेत्राधिकार नाँघेर निर्णय गर्न भने पाउदैनन्। राज्यका सबै निकायले आफ्नो संवैधानिक दायरामा रहेर मात्रै कार्य गर्नु पर्ने हुन्छ।

सन् १९८० को दशकको अन्तिमतिर विश्व बैंकले अफ्रिकाको सव सहारन क्षेत्रमा अपेक्षाकृत विकास किन हुन सकेन ?भनेर एउटा अध्यनन गऱ्यो। अनुसन्धानको निचोडमा त्यो क्षेत्रमा शुशासन(गुड गभर्नेन्स) को अभाव रहेको कुरा उल्लेख गरियो। सोही समय पछि विश्वमा शुशासनको अवधारणा विकसित भयो। यसको मुख्य ध्येय शासन, प्रशासन र शुशासनलाई हेर्नु हो। तर अहिले शुशासनलाई पनि लोकतन्त्रको एउटा अंगको रुपमा लिइन्छ। शुशासनले विशेष गरेर विधिको शासन, जवाफदेहिता, पारदर्शिता, अनुमान योग्यता आदि विविध पक्षलाई समेट्छ (विश्व  बैंक,*1992)*

विधिको शासनको अवधारणा राज्य प्रचलित ऐन , नियम र कानूनद्वारा चल्ने तथा न्यायिक सर्वोच्चता कायम हुने कुरासङ्ग सम्बन्धित छ। पारदर्शिताको अवधारणा आफ्नो सरकार तथा सरकारी संयन्त्रले गरेका काम कार्वाही वारे जनताले जान्न र सुसुचित हुन पाउने अधिकार सङ्ग सम्वन्धित छ। यसलाई सुचना सञ्चारको अवधारणा पनि मान्न सकिन्छ। त्यस्तै जवाफदेहिताको अवधारणा हुनुपर्ने कामहरु नहुँदा र नहुनु पर्ने कामहरु हुदाको अवस्थामा कसै न कसैले त्यसको जिम्मेवारी लिनु पर्दछ। कसै न कसैको जवाफदेहिता तय गरिनु पर्दछ भन्ने कुरासङ्ग सम्बन्धित छ। धेरै हद सम्म जवाफदेहिता र पारदर्शितालाई एउटै रुपमा जोडेर हेर्ने गरेको समेत पाइन्छ। त्यस्तै कुनै पनि कार्य एक्कासी घटित हुने नभएर अव देशमा यस्तो हुदैछ भनेर पूर्व अनुमान लगाउन सकिने किसिमको हुन्छ भने त्यस्तो

अवस्थालाई पूर्व अनुमान योग्यता मान्न सकिन्छ । योजनावद्ध विकास हुन्छ । मुख्य गन्तव्य पुर्व निर्धारित हुन्छ । अधिनायकवादमा जुनसुकै समयमा जस्तो सुकै निर्णय हुन सक्ने संभावना रहन्छ । तर लोकतन्त्रमा धेरै कुराहरु पूर्व अनुमान लगाउन सकिने किसिमका हुन्छन् ।

त्यस्तै सामाजिक सुरक्षा, लोककल्याणकारी राज्य व्यवस्था लगायतका मुल्य मान्यताहरुलाई समेत समेट्दै लोकन्त्रले आफ्नो दायरा फराकिलो बनाउदै लगेको देख्न पाइन्छ । यसरी लोकतन्त्रको अवधारणा विभिन्न चरणहरुमा परिष्कृत हुदै र नयाँ अध्यायहरु थपिदै अगाडी बढेको पाइन्छ । नयाँ नयाँ अध्याय थपिने, परिस्कार, परिमार्जन तथा सुधार हुदै जाने क्रम अद्यापी कायम छ ।

समाजमा आउने हरेक नयाँ र सकारात्मक कुराहरुलाई आत्मसात गर्न लोकतन्त्र सदैव तत्पर रहन्छ । यसमा पूर्णता भन्ने हुदैन । समाज कल्याणको दिशामा योगदान पुऱ्याउन सक्ने हरेक विचारहरुलाई यसले आफूमा समाहित गराउँछ । र यसमा सदैव नयाँ मूल्य मान्यता र विचारहश्रु थपिने क्रम कहिल्यै रोकिदैन । कुनै निस्चित विन्दुमा पुगेर लोकतन्त्र पूर्ण हुन्छ भन्ने नै छैन । यसमा नयाँयाँ आयामहरु थपिदै जान्छन् । यो नै लोकतन्त्रको सर्वाधिक उत्तम र महान विशेषता पनि हो । लोकतन्त्रको विश्व इतिहासमा पनि यस्तै भएको छ ।

पहिले ग्रिसेली ढाँचाको प्रत्येक्ष लोकतन्त्र थियो । यस प्रकारको लोकतन्त्रले धेरै ठूलो भूभाग र व्यापक आकारको जनसंख्यालाई समेट्न नसक्ने हुदा अप्रत्येक्ष लोकतन्त्र पनि प्रचलनमा आयो । र जनप्रतिनीधिमार्फत जनताको सहभागिता भएको विश्वास गरिन थाल्यो । लोकतन्त्रको यात्रा वा भनौं यो व्यवस्था समृद्ध हुने कुरा यहींनेर आएर रोकिएन । त्यसमा सामाजिक सुरक्षामा आधारित  लोककल्याणकारी व्यवस्थाका अतिरिक्त पारदर्शिता, जवाफदेहिता, विधिको शासन जस्ता महत्वपूर्ण पक्षहरु जेडिदै गए । यसरी हामी आजको अवस्थामा आइपुगेका छौं । लोकतन्त्रमा नयाँ विचार आउने र नयाँ आयाम थपिने क्रम अझै रोकिएको छैन । लोकतन्त्रको सर्वाधिक सुन्दर पक्ष पनि यही नै हो कियसमा कुनै पूर्णविराम भन्ने नै छैन । यो एक निरन्तर प्रक्रिया हो ।

आधुनिक लोकतन्त्रका पनि केही सीमाहरु छन्, केही सीमितताहरु छन् । उदाहरणका लागि नागरिकहरु आफ्नो लोकतान्त्रिक अधिकारको उपयोग नेताहरुलाई भोट दिने क्रममा मात्रै गर्न पाउँछन् त ? अरुवेला सो अधिकारको प्रयोग गर्न पाउनुपर्दैन ? यो प्रश्न जोडदार रुपमा उठ्ने गरेको छ । त्यसमाथि स्वच्छ, मर्यादित र  निस्पक्ष निर्वाचन हुने कुरामा शंका गर्न सकिने थुप्रै आधार छन् ।मतदाता पनि पूर्ण रुपमा सचेत र जागरुक भोट दिदैनन् । शिक्षा र चेतनाको अभाव त छदैछ । त्यसमाथि विभिन्न किसिमका अभाव, दवाव र प्रभावमा परेर भोट होल्ने प्रचलन पनि लोकतन्त्रका लागि गम्भिर चुनौति बनेको छ । यस्तो अवस्थाले लोकतन्त्रलाई जोगाउन सक्छ कि सक्दैन भन्ने कुरामा पनि शंका गर्न सकिने पर्याप्त ठाउँ छ । यि र यस्तैखाले विविध प्रतिकुलताको कारण लोकतन्त्रलाई अहिले पनि पूर्ण रुपमा विवाद रहित र खोट रहित व्यवस्था मान्न सकिने अवस्था भने छैन । तर लोकतन्त्रको उदार पक्षलाई नकार्न सकिने अवस्था पनि छैन । र यसलाई प्रतिस्थापन गर्न सक्ने किसिमको अर्को विकल्प पनि देखा परेको छैन । यसका केही सीमाहरु र केही सीमितताका वावजुद यो व्यवस्थामा सुधार हुने क्रम निरन्तर जारी रहेकाले आशा गर्ने ठाऊँ भने धेरै छ । त्यसैले अहिलेको विश्वमा लोकतन्त्रलाई नै उत्तम व्यवस्थाको रुपमा स्विकार गरिएको छ ।

## २.२ पूर्वीय मान्यता

यो भुभागमा थुप्रै सभ्यताहरु विकसित भए । तर यहाँ पूर्वी मान्यता भनेर सनातन देखि चल्दै आएको विश्वास गरिएको हिन्दु मान्यता, लिच्छवीहरुले वैशाली, कपिलवस्तु लगायतका विभिन्न राज्यहरुमा अभ्यास गरेको संघीय गणराज्य र प्राचीन चीनमा प्रचलनमा रहेको कन्फ्युसियसको सिद्धान्तको बारेमा संक्षिप्त चर्चा गरिनेछ ।

## २.३ सनातन हिन्दु मान्यता

पूर्वीय शासन परम्परामा लोकतन्त्र भन्ने शब्द प्रयोग नभएता पनि लोकहितकारी राज्य शत्ताको चर्चा पर्याप्त पाइन्छ । पूर्वी मत अनुसार, लोकोपकार नै राज्य शत्ता सञ्चालनको मुख्य उद्देश्य हो । पूर्वीय परम्परामा लोकहितलाई राज्य सत्ता सञ्चालनको केन्द्रीय तत्व मानिएको छ ।

हिन्दु धर्मको प्रशिद्ध ग्रन्थ मनुस्मृतिका अनुसार सृष्टिको प्रारम्भिक अवस्थामा जताततै भयको माहौल थियो । एककिसिमले मत्स्य न्यायको अवस्था थियो । ठूला माछाले साना माछालाई खाने, अत्याचार गर्ने किसिमको अवस्था वा विराट भय, त्रास र असुरक्षाको माहौललाई मत्स्य न्यायको नाम दिइएको हो ।पूर्वीय मत अनुसार यसकिसिमको कठोर परिस्थितिबाट संसारलाई जोगाउनका लागि ईश्वरले राज्यको सृष्टि गरे । राजालाई हिन्दु मान्यतामा प्रजा पालक र प्रजाका रक्षक मानिएको छ ।

*मनुस्मृतिको सप्तमोध्यायको तेस्रो श्लोकमा राजाको उत्पत्तीका सम्बन्धमा यस्तो भनिएको छ :*

*अराजके हि लोकेस्मिन्सर्वतो विद्रुते भयात् ।*
*रक्षार्थमस्य सर्वस्य राजानमसृजत्प्रभु : ॥७/३॥*

नेपालीमा अर्थः संसारमा सर्वत्र भय र हाहाकारको स्थिति थियो, यसकारण जगत्को रक्षाका लागि ईश्वरले राजा(शाशक)को सिर्जना गरे ।

यो श्लोकको आधारमा के भन्न सकिन्छ भने शासन गर्नुको प्रमुख उद्देश्य भनेको जगतको रक्षा गर्नु हो । कमजोरलाई संरक्षण र संवर्द्धन गर्नु हो ।

मनुस्मृतिको सातौं अध्यायमा राजा र प्रजाको सम्बन्ध, कर्तव्य आदिको व्याख्या गरिएको पाइन्छ । जहाँ राजा(शासक) र प्रजा(शासित) को विचमा पिता र पुत्र समान सम्बनध हुनुपर्ने, प्रजाले राजालाई पिता समान सम्मान गर्नु पर्ने र राजाले प्रजालाई पितालेझैं पालन पोषण गर्नुका अतिरिक्त सुरक्षा प्रदान गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । मनुस्मृतिमा राजा सानै उमेरको भए पनि प्रजाले त्यसप्रति सम्मानको भाव राख्नुपर्ने र राजाले पनि धर्म र लोकहितलाई केन्द्रमा राखेर शासन गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । मनुस्मृतिको सातौं अध्यायको १४६ औं श्लोकले धेरै हदसम्म जन चाहना र जन भावनाको कदर गरेको पाइन्छ । यस श्लोकमा अभिव्यक्त भएको धारणा अहिलेको विश्वमा अभ्यासमा रहेको लोकतान्त्रिक अभ्याससङ्ग पनि धेरै हदसम्म निकट रहेको पाइन्छ । श्लोकमा भनिएको छ :

*तत्रस्थितः प्रजाः सर्वा प्रतिवन्द्य विसर्जयेत् ।*
*विसृज्य च प्रजाः सर्वा मन्त्रयस्सह मन्त्रिभिः ॥७/१४६ ॥*

*नेपालीमा अर्थ : सभामा उपस्थित प्रजाहरुलाई संभाषणादि(वातचित)ले प्रसन्न पारेर तिनलाई विदा गरेपछि राजाले मन्त्रीहरुका साथ मन्त्रणा(छलफल) गर्नु पर्दछ ।*

यो श्लोकमा प्रजा(शासित) लाई विशेष प्राथमिकता दिएको देखिन्छ । राजा(शासक) ले पहिले जनतालाई सन्तुष्ट पार्ने गरी कुरा गर्ने र त्यसको आधारमा पछि मात्रै आफ्नो मन्त्रीहरुसङ्ग छलफल गर्ने र त्यही अनुरुपको नीति निर्माण गर्ने वा निर्णय प्रक्रियामा जाने आशय पाइन्छ यो श्लोकमा । त्यसैले यसमा शासित वर्गलाई उच्च प्राथमिकतामा राखिएको पाइन्छ । मनुस्मृतिमा राजालाई ईश्वरको प्रतिनीधि मानिए  पनि उसलाई असिमित अधिकार दिई निरंकुश बन्ने छुट दिइएको छैन । राजालाई अंकुश लागाउने धेरै उपायहरुको पनि चर्चा धर्मग्रन्थहरुमा गरिएको छ । र सारमा धर्मको अधिनमा रही प्रजाको पालन र रक्षा गर्नुलाई राजाको कर्तव्य मानिएको छ । चाणक्यले पनि मत्स्य न्यायको अवस्थाबाट मुक्ती पाउनका लागि राज्यको उत्पत्ती भएको कुरा उल्लेख गरेका छन् । यस सम्बन्धमा मनु(राजा) र प्रजाको बीचमा संझौता भएको उनी बताउछन् । यो सम्झौता सम्बन्धी सिद्धान्त बाहेक चाणक्य र मनुका विचार मिल्दाजुल्दा छन् (शिवाकोटी, २०७६)।

हिन्दु परम्परामा राजालाई धर्तीमा ईश्वरको प्रतिनीधि वा ईश्वरको अंशको रुपमा स्विकार गरिएको छ , तर त्यस्तो राजालाई पनि स्वैच्छाचारी हुने छुट भने दिइएको छैन । लोकोपकारलाई केन्द्रमा राखेर राज्य सञ्चालन गर्न नसक्ने राजालाई विधिको विधानले सजाय दिने कुरा त छदैछ त्यसका अलावा त्यस्तो राजालााई सत्ताच्युत गरी त्यसको स्थानमा योग्य राजाको नियुक्ती गर्ने प्रावधान समेत छ । यति हुदाहुदै पनि हिन्दु मान्यतामा धर्म र चामत्कारिकताले बढी स्थान पाएको देखिन्छ । जुन प्राचीन ग्रीसेली राज्यको भन्दा विलकुलै भिन्न अवस्था हो । ग्रीसमा शासन सञ्चालको विधी र प्रक्रिया मूर्त रुपमा देखापर्दछ , अर्थात्, शासन सञ्चालनका निस्चित विधी प्रकृया र यसका सीमाहरु तेकिएका छन्, तर पूर्वमा त्यस्तो छैन । यहाँ लोकोपकारको लागि र धर्मको रक्षार्थ शासन गरिनुपर्ने जस्ता अमूर्त कुराहरु बढी पाइन्छन् । न्याय कायम गरिनुपर्ने, कुनै पनि निर्दोशमाथि अन्याय अत्याचार हुननहुने, राजा प्रजापालक हुनुपर्ने लगायतका विभिन्न व्यवस्थाहरु पूर्वीय मान्यतामा पनि पाइन्छन्, तर यी सबै काम कुराको लागि कस्तो विधी र प्रक्रिया अवलम्वन गर्ने भन्ने स्पष्ट व्यवस्था पाइदैन । त्यसैले यो बढी आदर्श र अमूर्त छ ।

## २.४ लिच्छवीकालीन गणराज्य

सनातन हिन्दु दर्शनमा शासन गर्दा लोकोपकार र धर्मलाई ध्यानमा राख्नुपर्ने कुरा उल्लेख भए पनि लोकतन्त्रको अवधारणा भने पाइदैन । तर प्राचीन लिच्छवी शासनमा लोकतन्त्रको प्रारम्भिक स्वरुपको अभ्यास भएको पाइन्छ । वैशाली, कपिलवस्तु लगायतका लिच्छवी शासित राज्यहरुमा राजतन्त्र सहितको लोकतन्त्र प्रचलनमा थियो । जहाँ जन चाहना वमोजिमर जनसहभागितामा शासन सञ्चालन हुन्थ्यो । बुद्धको समयभन्दा अगाडी देखि नै गणराज्यहरु स्थापना भइ सकेका थिए, जहाँ लोकतान्त्रिक शासन पद्धति प्रचलनमा थियो ।लिच्छवी वाहेक पनि अन्य थुप्रै वंशहरुमा गणराज्यको परम्परा थियो तर लिच्छवीहरुको चर्चा बढी पाइन्छ । वि.सं. २०७६ असोज ८ गते बुधवार सेतोपाटी अनलाईन पत्रिकामा कथाएँ शीर्षक अन्तर्गत प्रकासित सुदिप श्रेष्ठको अनुसन्धानमूलक लेखले यो विषयलाई थप प्रष्ट पारेको छ । सो लेखमा तत्कालीन गणराज्यहरुको अवस्था बारे यसरी उल्लेख गरिएको छ :

> *बिज्जी गणतन्त्रमा धेरै कुल तथा जातिको छुट्टाछुट्टै स्वायत्त शासन चल्थ्यो, जसमध्ये लिच्छवि एक हो । लिच्छविहरुको राजधानी वैशाली भारतको बिहार राज्यमा पटनानजिकै पर्छ । भारतले वैशालीलाई संसारकै पहिलो गणराज्यका रुपमा प्रचार गर्दै आएको छ ।*

सोही लेखमा श्रेष्ठले लिच्छवीकालीन राजनीतिक ढाँचा र शासकीय स्वरुपको वर्णन गर्दै वैशालीबाटै नेपाल आएका विश्वास गरिने लिच्छवीहरुले नेपालमा अभ्यास गरेको संघीय गणतन्त्र तथा त्यो समयको शासकीय स्वरुपको वारेमा यसरी उल्लेख गरेका छन् :

*लिच्छिवीकालीन राजनीतिक ढाँचा हेर्ने हो भने केन्द्र सरकार मातहत विभिन्न गणराज्य फैलिएका देखिन्छन् । लिच्छविको मूलथलो भारतको वैशाली पनि गणराज्यकै अवधारणामा चलेको थियो । उनीहरुले त्यही ढाँचा नेपाल ल्याए, जसमा केन्द्रभन्दा द्रङ र द्रङभन्दा मुनी ग्रामजस्ता प्रशासनीक एकाई हुन्थे । केन्द्रशासित द्रङ र ग्रामहरुमा अलगअलग सामन्त नियुक्त गरिन्थ्यो जो लिच्छिवी खलककै वा कुनै न कुनै राजवंशकै सदस्य हुन्थे । यस्ता राज्यहरुले केन्द्रलाई नियमित तिरो निर्नुपर्दथ्यो । केन्द्रका निर्णय पालना गर्नुपर्दथ्यो । तर मुलभूत रुपमा ती स्वायत्त प्रदेशभ्कैं थिए । राजधानी हाँडीगाउँबाट नजिकका द्रङ र*

*ग्रामहरुमा पनि छुट्टाछुट्टै प्रशासक तोकिएको अभिलेख छ। पाटन अर्थात् त्यतिबेलाको युपग्राम कम विकसित क्षेत्र भएकाले त्यहाँ सामन्त तहका प्रशासक नियुक्त भएका थिए। काठमाडौं अर्थात् त्यति बेलाका दक्षिण कोलिग्राम विकसित बस्ती भएकाले महासामन्त तहका प्रशासक थिए।*

त्यस्तै वि.सं. २०७६ मा प्रकासित ***कोलिय बंशको वृत्तान्त*** किताबमा पनि तात्कालीन कपिल वस्तु नगरको शासन पद्यतिको बारेमा उल्लेख छ। डिल्लीराम कोलीय बंश ठकुरी, नकर्मीद्वारा लिखित यस किताबमा कपिलवस्तुमा राजासहितको प्रजातान्त्रिक शासन व्यवस्था रहेको कुरा यसरी उल्लेख गरिएको छ :

> *शाक्य राज्यहरुमा बैशालीका बिज्जी(वृज) लिच्छवी र पुसी नगर तथा पावाका मल्लहरुको जस्तै प्रजातन्त्र गणराज्य थियो। जनताबाट चुनिएको प्रमुख व्यक्ति राजा कहलाइन्थ्यो (नकर्मी, २०७६)।*

गणराज्यहरुमा व्यापक छलफल र विचार विमर्स पस्चात मात्रै निर्णय गर्ने परम्परा थियो। साना देखि ठूला सम्म हरेक विषयमा खुला विचार विमर्स हुन्थ्यो र सामुहिक निर्णय प्रक्रियामा विश्वास गरिन्थ्यो। शाक्यहरुको निर्णय प्रक्रियाको सम्वन्धमा नकर्मीले आफ्नो किताबमा यस्तो कुरा उल्लेख गरेको पाइन्छ :

*राज्य व्यवस्थाको कार्यलाई संगाघर(संस्थागार) भनिन्थ्यो। संस्थागारहरु तह तहका हुन्थे। सर्वोच्च संस्थागार पार्लियामेण्ट भवन जस्तो थियो। अरु अरु पनि विभिन्न किसिमका संस्थागारहरु थिए। यस भवनमा राज्यको सम्पूर्ण कार्य सम्वन्धमा छलफल हुन्थ्यो। यसै भवनबाट अनदेश निर्देशन जारी हुन्थ्यो। त्यस बखतको राज्यहरु कृषि प्रधान भएको हुदा यसै भवनबाट कस्तो विउ रोप्ने कहिले रोप्ने भन्ने विषयमा समेत त्यस भवनबाट निर्णय गरिथ्यो। गणतन्त्र प्रणालीको राज्य भएको हुदा जुनसुकै कुरा संस्थागारले नै छलफल गरेर निर्णय गरिन्थ्यो। त्यस बखतका राजाले संस्थागारबाट निर्णय गराएर मात्र कार्यान्वियन गर्दथे। त्यसकारण उनीहरु अति जनप्रिय थिए (नकर्मी, २०७६)।*

गणराज्य र लिच्छिवी राज्यहरुमा केही समानता पाइन्छ। यो पूर्वीय मान्यता भएता पनि यसका धेरै व्यवस्थाहरु ग्रीसेली नगरराज्य सङ्ग मेल खाने खालका छन्। विशेष गरी राज्यको संरचनात्मक स्वरुप, जुन केन्द्रदेखी स्थानीय तहसम्म विकास भएको थियो। शक्तीको

विकेन्द्रीकरण र राज्य सञ्चालनका निस्चित मापदण्ड र सीमाहरु यसका केही उदाहरण हुन् । त्यसमा पनि राज्यको स्वरुप र शक्तीको बाँडफााड तथा राज्यका प्रत्येक अङ्गका सीमाहरु गणराज्यमा बढी प्रष्ट थिए । त्यसैले यी दुई व्यवस्थाका बीचमा केही तात्विक विभन्नताका वावजुद धेरै कुराहरु मेल खाने खालका छन् । तर त्यसमा पनि गणराज्यमा केन्द्र र स्थानीय तहको संरचनात्मक स्वरुप मात्रै निर्माण गरिएको होइन, राज्यका विभिन्न तहबीच अधिकारको समेत स्पष्ट बाँडफाँड थियो भने ग्रिसको प्रजातन्त्रमा शासन प्रक्रियाममा सबैको सहभागिता रहन्थ्यो । यी दुवै व्यवस्थाका आआफ्नै विशेषता छन्, आआफ्नै किसिमका विशिष्टता छन् । त्यसैले यी व्यवस्थालाई त्यो समयका प्रगतीशील अवधारणा मान्न सकिन्छ ।

## २.५ कन्फ्युसियस विचारधारा

प्राचीन चीनका एक प्रशिद्ध विचारक कन्फ्युसियसको विचारको केन्द्रीय तत्व भनेको उच्च नैतिक मूल्य र मान्यता कायम गरी मानवतालाई केन्द्रमा राखेर जनकल्याणको भावनाले शासन गर्नु पर्दछ भन्ने नै हो । हिन्दु मान्यतामा दण्ड विधानलाई उचित स्थान दिइएको छ , तर कन्फ्युसियस दण्ड विधानमा विश्वास गर्दैनन् । उनी त्यस्तो एउटा आदर्श राज्यको पक्षमा देखिन्छन्, जहाँ दया, मायाँ, करुणा, सदभाव, क्षमाशीलतालगायतका मानवीय गुणहरु विद्ययमान रहुन् । त्यसैले उनी आत्मिक र नैतिक न्यायको पक्षमा देखिन्छन् ।

कन्फ्युसियसले ली, र जेन माथि विशेष जोड दिएको पाइन्छ । जहाँ लि ले मानव आचरणको वाह्य स्वरुप अर्थात् विगत देखि नै चलिआएका चाल, चलन,प्रथा, परम्परा, नैतिकता शिष्टाचार र पुराना अनुभव वा भनौं कर्मकाण्डलाई जनाउँछ भने जेन ले मानवता सम्वन्धी अवधारणा जनाउँछ । जेनका विभिन्न अवस्था र रुपहरु छन् र फरकफरक अवस्थाले फरकफरक अर्थ समेत दिन्छ । यसका विविध अवस्था अनुसारको अर्थलाई प्रा.डा. गोपाल शिवाकोटी राजनीतिक विचारधारा र विश्लेषण कितावमा यसरी उल्लेख गरेका छन् :-स्याओ (पुत्रोचित विनम्रता) चुनु(राजभक्ती) ई(कर्तव्य) सिन (निष्ठा वा इमान्दारी) वेन (मानव प्रेम) चुई (असल) र शू(क्षमाशीलता) (पृष्ठ ४९-५०) । समग्रमा जेनले मानवता वा उत्तम चरित्रलाई जनाउँछ । वाह्य व्यवस्थापन अर्थात ली र आन्तरिक व्यवस्थापन अर्थात जेनमा पनि कन्फ्युसियसले जेनलाई बढी महत्व दिएको पाइन्छ । यहाँ सम्म कि उनले जेन विनाको लीलाई औचित्यहीन मानेका छन् । आत्मशुद्धिको बाटोलाई उनले अनुष्ठान भन्दा धेरै

माथिल्लो दर्जा दिएको पाइन्छ । समग्रमा भन्नु पर्दा मानवतालाई कन्फ्युसियस विचारधाराको केन्द्रीय तत्व मान्न सकिन्छ ।

यसरी हेर्दा सनातन हिन्दु मान्यता र कन्फ्युसियस विचारधारामा धेरै हदसम्म समानता पाइन्छ । यी दुवै विचारधाराले प्राकुतिक नियमलाई मान्दछन् । दुवै अवधारणामा आदर्श राज्यको अवधारणामाथि अगाध श्रद्धाभाव पाइन्छ । लोकोपकार, दया, मायाँ, करुणा, सदभाव जस्ता मान्यतामा विश्वास छ , यी दुवै विचारधारामा । र पनि हिन्दु शास्त्रमा रहेको जस्तो दण्ड विधान भने कन्फ्युसियस विचारधारामा पाइदैन । त्यसैले कन्फ्युसियस अझ बढी आदर्शवादी देखिन्छन् । तर यी दुवै विचारधारामा आदर्श र अमूर्त कुराहरु बढी पाइन्छन् । जुन गणराज्य र नगरराज्यमा पाइदैन । गणराज्य र नगरराज्यले निस्चित मापदण्ड तयार पारेको देखिन्छ ।

यी राज्यहरुमा संविधान, चुनाव, विधी प्रक्रिया, संस्थागत स्वरुप, संरचना आदिको स्पष्ट व्यवस्था रहेको पाइन्छ । जसले राज्यलााई आदर्शबाट र अमूर्तताबाट वास्तविकता र मूर्ततातिर डोऱ्याउछ । हो, दया मायाँ, करुणा, सदभाव, धर्म, आत्मशुद्धि जस्ता विचारधाराहरु व्यापक विचारधारा हुन् ।यसमा विशाल र फराकिलो मानसिकता छ ।सम्पूर्ण रुपले सामाजिक न्यायमा आधारित समुन्नत समाज सबैको परिकल्पना हो । आधुनिक लोकतान्त्रिक विधी र प्रक्रियामा त्यहाँ सम्म पुग्नेनिस्चितमापदण्ड छ । लोकतान्त्रिकविधी र प्रक्रियासहितको निस्चित बाटो बनाइएको छ । लोकतन्त्रमा जनताद्वारा चुनिएको संसदले सबै निर्णय गर्दछ । र यसका पनि निस्चित सीमा छन् । तर आध्यात्मिक अवधारणा जति विशाल छ , यसको कार्यान्वयनको बाटो पनि त्यति नै खुला र अस्पष्ट छ । नगर राज्य र गणराज्यहरुमा कतिपय त्यस्ता प्रगतिशील र जनपक्षीय अभ्यासहरु थिए, जहाँ सम्म अहिलेका आधुनिक भनिने राज्यहरु समेत पुग्न सकेका छैनन् । त्यसैले होला, ग्रिसेली नगरराज्य र लिच्छिवीकालीन गणराज्यहरु अहिलेको आधुनिक लोकतन्त्रका लागि समेत अनुकरणीय बनेका छन् । पथप्रदर्शक बनेका छन् ।

## २.६ पास्चात्य विचारधारार प्राचीन ग्रीक नगर राज्य

पास्चात्य शासन पद्धतिको प्रसङ्ग आउँदा खास गरेर ग्रीसको नगर राज्य र त्यसमा पनि मूलतःएथेन्स नगर-जहाँबाट दैवी सिद्धान्तबाट अगाडी बढेर विचार विमर्स र चिन्तनमा

आधारित सहभागितामूलक शासन व्यवस्थाको प्रारम्भ भएको विश्वास गरिन्छ-को कुरा हुने गर्दछ ।वृहत जनसहभागितामूलक प्रत्येक्ष लोकतन्त्र र उदार पूँजीवादी लोकतन्त्रको प्रारम्भ विन्दुको रुपमा ग्रीसको र त्यसमा पनि विशेष गरेर प्राचीन एथेन्सको लोकतान्त्रीक अभ्यासको चर्चा गर्ने गरेको पाइन्छ। राजनीतिशास्त्रका अधिकाँस कितावहरुमा सर्वप्रथम लोकतन्त्रको अभ्यास ग्रीसका नगर राज्यहरुमा भएको उल्लेख पाइन्छ। कतिपय विद्वानहरु आज पनि प्राचीन एथेन्सको शासन पद्धतिलाई लोकतन्त्रको उत्कृष्ट नमुना मान्दछन्। एथेन्समा शासन प्रशासनमा प्रत्येक नागरिकहरुको समान सहभागिता रहन्थ्यो। त्यसैले राजनीतिक प्रशासनीक कार्यमा नागरिकहरुको समान सहभागिता केवल अधिकार मात्रै थिएन, कर्तव्य समेत थियो। अर्थात शासन प्रक्रियामा सहभागिता जनाउनु प्रत्येक नागरिकहरुको दायित्व मानिन्थ्यो। ग्रीसमा लोकतन्त्रको जग कसरी बस्यो भन्ने सम्बन्धमा अर्नेष्ट वार्करले आफ्नो किताव **ग्रिसको राजनीतिक सिद्धान्त : प्लेटो र उनका पुर्खाहहरु ( १९१८)मा**यस्तो अवधारणा प्रस्तुत गरेका छन्, :

> *युनानीहरुका लागि घरको महत्व हाम्रो तुलनामा धेरै कम थियो। उनीहरुका लागि खुला चोक र खुला जीवनको महत्व बढी थियो। यस प्रकार अपसी संसर्गमा सबै वर्गका मानिसहरु एकआपसमा भेटघाट गर्दथे र एकअर्कोसङ्ग बातचित गर्दथे। यस्तो वातावरणमा सायद समानता र स्वतन्त्रताको जरा गाडियो। युनानमा दिनहू विचार गोष्ठि र वार्ता मण्डलीहरु रहन्थे।सार्वजनिक वार्ताहरु र खुला वादविवादहरुमा समुदायका कार्य व्यापारका सम्वन्धमा स्वाभाविक रुपमा चर्चा हुने गर्दथ्यो। (पृष्ठ, २८, हिन्दी अनुवादः महेन्द्र चतुर्वेदी)*

एथेन्समा राजनीतिक प्रशासनीक केन्द्रको रुपमा एगोरा (आधुनिक एसेम्वली जस्तै) थियो, जहाँ नगरका प्राय सबै निर्णय लिइथ्यो। अगोरा ग्रिसको प्रशासनको केन्द्र थियो। यहीबाट नै राज्य सञ्चालनका सबै निर्णयहरु हुने गर्दथे। यो ग्रिसको राजनीतक प्रशाशनीक केन्द्र थियो। यहाँ सम्म कि कस्तो खेतमा के खेती गर्ने ? कस्तो विउँविजन प्रयोग गर्ने ?सिँचाईको व्यवस्था कुसरी गर्ने ?लगायतका निर्णयहरु पनि यही अगोराबाट लिइन्थ्यो। एथेन्स नगर पूँजीबादमा विश्वास गर्दथ्यो। र त्यो समयमा अहिलेको जस्तो ठूल्ठूला उद्योग धन्दाको विकाश नभईसकेकाले उत्पादनको मुख्य आधार कृषि नै थियो। अगोरा नै वास्तवमा एथेन्सको त्यस्तो मध्यविन्दु थियो, जहाँबाट एथेन्स नगरको विचार निर्माण

हुन्थ्यो । गन्तव्य तया हुन्थ्यो । हो , अगोरा एथेन्सको बाटो तय गर्ने केन्द्र थियो । त्यसका अतिरिक्त सीमाको सुरक्षा, कला, साहित्य, मनोरञ्जन लगायतका विभिन्न विषयको चर्चा हुने केन्द्र थियो अगोरा । त्यस्ता निर्णयहरु व्यापक छलफल पछि मात्रै लिइन्थ्यो ।प्रोफेसर टि.ए. सिनक्लेयर(**१९६७**)द्वारा लिखित किताव **युनानी विचारधारा**(हिन्दी अनुवाद : अनुवादक: विष्णुदत्त मिश्र) को पाना नं. ८ मा अगोरा **(Agora)** को महत्व वारे यसरी उल्लेख गरिएको छ :

> *शास्त्रीय युगका युनानी पनि अगोरामा केवल क्रय विक्रयको हेतुले मात्रै एकत्रित हुदैनथे, बातचितको लागि पनि यस्ता स्थानहरुको महत्व स्विकार गरि सकिएको थियो । युद्धकाल होस्, अथवा शान्तिकाल सभा गर्नु युनानी नागरिक जीवनको एक अभिन्न अङ्ग थियो ।*

आजका आधुनिक र व्यवस्थित मानिने राज्यहरुमा पनि सार्वभौम संसद सार्वभौम हुन नसकेको विभिन्न आरोप लाग्ने गरेको पाइन्छ । आफ्ना नेताहहरुको प्रभाव र दवावबाट मुक्त भएर स्वतन्त्र विचार राख्न नसक्ने स्थितिमा सांसादहरु रहेको देखिन्छ । तर अगोरामा त्यो समयमा पनि खुला वादविवाद र वहस हुन्थ्यो । त्यहाँ सबैले आफ्नो स्वतन्त्र विचार राख्न पाउथे । त्यसैले स्वतन्त्र र निर्भिक विचार राख्न पाउने सवालमा, आफू र आफ्नो विचारसङ्ग असहमत हुनेहरुलाई विरोधी वा दुस्मनको रुपमा हेर्ने भन्दा पनि नयाँ विचारकको रुपमा हेर्ने सवालमा, राज्य सञ्चालनमा सबैको समान सहभागिता सुनिस्चित हुने सवालमा र अन्य थुप्रै कुराहरु छन्, जुन आधुनिक राज्यहरुले समेत प्राचीन ग्रीसबाट वा एथेन्स नगरबाट सिक्न सक्छन् ।

ग्रीसको नगर राज्य(सिटि स्टेट) का सम्वन्धमा केही भ्रमहरु समेत रहेको पाइन्छ । पहिलो कुरा त नगरको परिभाषा नै हो । जस्तो कि नगरमा रहनेहरुलाई नागरिक भनिन्थ्यो र त्यस्ता नगरहरु विकसित हुन्थे अर्थात्, सहर बजार रहेको क्षेत्रलाई नगर भनिन्थ्यो भन्ने आम बुझाई रहेको पाइन्छ । तर वास्तविकता अर्कै छ । वास्तवमा नगरमा वस्नेहरुलाई नागरिक भन्ने नभएर नागरिक बसोवास रहेको स्थानलाई नगर भनिन्थ्यो । चाहे त्यो गाऊँ होस्, अथवा सहर नै किन नहोस् । वार्करले नगर राज्यको सम्बन्धमा यस्तो विचार व्यक्त गरेका छन्, :

*हामीले यो कुरा याद गर्न आवस्यक छ कि युनानीहरुको लागि नगरको अभिप्राय सदैव व्यक्तिहरुको एक समूह हुन्थ्यो, राज्य क्षेत्र होइन । उनीहरु जव नगरको कुरा गर्ने गर्थे उनीहरुको मतलव यसका निवासीहरु सङ्ग हुने गर्दथ्यो । (पृष्ठ ३५, हिन्दी अनुवादः महेन्द्र चतुर्वेदी)*

ग्रीसेलीहरु नगरिकहरु रहेको स्थानलाई नगर मान्दथे । उनीहरुमाएउटै उत्पत्तीको आधारमा विश्वास गर्दथे । एउटै सक्त सम्बन्ध वा भनौं गोत्रमा विशवास गर्दथे । उनीहरु आफ्नो जातिमा अथवा वंश विकासमा कुनै किसिमको मिसावट चाहदैनथे । उनीहरु विविधता भन्दा पनि एकरुपतामा विश्वास गर्दथे । यहाँनेर भनाईमा केही विरोधाभाष देखिन सक्छ । किनकी एकातिर उनीहरुलाई विविधतामा विश्वास गर्ने जातीको रुपमा चिनिन्छ भने अर्को तर्फ उनीहरु विविधता भन्दा पनि एकरुपतामा विश्वास गर्दथे भनिन्छ । यस्तोमा सत्य के हो भन्ने प्रश्न उठ्न सक्छ । तर यी दुवै तथ्यमा सत्यता छ । उनीहरु वैचारिक विविधतामा विश्वास गर्दथे । तर जातिगत एकरुपतामा पनि उनीहरुको त्यत्तिकै लगाव थियो । उनीहरु रगतमा मिसावट रुचाउदैनथे । उत्पत्तीको हिसाले, वोली , भाषा, संस्कृति र सभ्यताको हिसावले एकरुपतामा रमाउथे । यसका लागि अङ्ग्रेजीको होमोजेनस सोसाइटी भन्ने शव्द उपयुक्त हुन्छ । त्यो वेलाको ग्रीसेली समाज होमोजेनस थियो । त्यसैले उनीहरु नगरमा बाहिरबाट आएका आप्रवासीहरुलाई नागरिकको रुपमा स्विकार गर्दैनथे ।

त्यस्तै महिला तथा नोकर चाकरहरुलाई पनि नागरिकको दर्जा दिइएको थिएन । सकृय उमेरका वयस्क युवाहरुलाई मात्रै नागरिक मानिन्थ्यो । त्यस्ता व्यक्तिहरुको वसोवास चाहे गाउँमा होस्, चाहे सहरमा, ती सबै नागरिक नै कहलाउँथे । त्यसैले नागरिकता र सहरको टाढाटाढा सम्म कुनै सम्बन्ध नै छैन । सोही कितावको पृष्ठ ३४ मा उल्लेख भए अनुसार त्यो समयमा एथेन्सको जनसंख्या अन्दाजी ३०-४० हजारको वीचमा थियो । त्यस मध्ये आधा जनसंख्या सहरमा थियो भने आधा गाउँमा । र यी सबै ठाउँमा बसोवास गर्नेहरुलाई नागरिक भनिन्थ्यो ।

यसरी हेर्दा नगरको मतलव भवनहरुको समूह वा अन्य विकास निर्माण भएको र सुविधासम्पन्न स्थानसङ्ग थिएन जसलाई अहिले सहर(सिटी) भनिन्छ , नगरको मतलव त्यसका वासिन्दा (सिटिजन) हरुको वसोवास रहेको स्थान थियो भन्न सकिन्छ ।

दोस्रो नगरमा वस्ने सबैलाई नागरिक भनिन्थ्यो र सबै नागरिकहरुलाई समान अधिकार र कर्तव्यको व्यवस्था गरिएको थियो भन्ने आम बुझाई रहेको पाइन्छ। तर नगरमा वसोवास गर्ने सबैलाई नागरिक मानिदैनथ्यो। वास्तवमा युवावस्थाका पुरुषहरुलाई मात्रै नागरिक मानिन्थ्यो र उनीहरुले मात्रै राजनैतिक प्रशासनीक अधिकार प्रयोग गर्न पाउँथे। महिला, दासदासी र आप्रवासीहरुलाई त्यो सुविधा थिएन। (**हेल्ड, सन् २००६**)

ईसापूर्व ४८१ अर्थात्, पेरिक्लिजको समय अर्थात्, घोर परिवर्तनको समयमा एथेंस नगरको कूल जनसंख्या ३ देखि ४ लाख(अनुमानित) रहेको विश्वास गरिन्छ। जसमध्ये ४० हजार नागरिक थिए। यसको दुई गुणा अर्थात् करिव ८० हजार दासहरु थिए। यसरी हेर्दा एक जना नागरिक वरावर दुई जना दास थिए। त्यस्तै नागरिक पत्नी र बालबच्चाहरुको संख्या करिव १ लाख ६० हजार थियो।साथै मेटिक अर्थात्, ४५ हजार विदेसी र सोही संख्यामा बच्चाहरु गरी ९० हजारको संख्यामा रहेको वताइन्छ।

यो तथ्यबाटै थाहा हुन्छ कि पेरिक्लिजको समयमा एथेन्समा नागरिक भन्दा अनागरिकको संख्या धेरै थियो। जहाँ वालवालिका, महिला, वृद्ध र विदेशीहरुलाई नागरिकको मान्यता दिइएको थिएन। सम्पूर्ण राजनीतिक प्रशासनीक अधिकार त्यहाँका नागरिक अर्थात्, युवाहरुमा सिमित थियो। नागरिकता प्राप्तिका केही सीमाहरु थिए।केही सीमितताहरु थिए। अहिले एकथरीले भन्ने गरेको जस्तो पूरै सामाजिक न्याय र समानतामा आधारित राज्यव्यवस्था थिएन, एथेन्समा। तर लोकतन्त्रको विकासमा दिएको योगदान हेर्दा यसको स्थान भने उच्च छ।

नगरिकता प्राप्ति सम्बन्धी एथेन्सको तात्कालीन व्यवस्थको वारेमा अर्नेष्ट वार्करको किताव***ग्रीसको राजनीतिक इतिहास*** कितावको हिन्दी अनुवादको पेज नं. **३७** मा**महेन्द्र चतुर्वेदी**ले लेखेका छन् :

> *"एथेन्स नगरमा पनि इसा पूर्व ४८१मा यो विधि लागू गरिएको थियो कि त्यही व्यक्ती एथेन्सको नागरिकता प्राप्त गर्न सक्दछ जसका जसका मातापिता विधिसम्मत रुपमा विवाहित एथेन्सी नागरिक होउन्, र यो पेरिक्लिजको घोर परिवर्तनको युगको कुरा हो"*(वार्कर, १९१८)

ग्रीसको नगर राज्यमा आधारित लोकतन्त्र पनि एकै चरणमा निर्माण भएको होइन। यो केही दिन र केही छिनमै निर्माण भएको व्यवस्था होइन। ग्रीसेलीलोकतन्त्रको यात्रा विभिन्न चरणहरु पार गर्दै अगाडी बढेको हो र विकसित हुदै गएको हो। सामान्यतः यहाँको शासन व्यवस्थाले राजतन्त्र, अभिजाततन्त्र, निरंकुश तन्त्र हुदै लोकतन्त्र सम्मको यात्रा तय गरेको पाइन्छ। वार्करले आफ्नो किताव ग्रीसको राजनितिक सिद्धान्तमा ग्रीसेली शासन व्यवस्थामा देखिएका विकासका विभिन्न चरण र अवस्थाहरुलाई यसरी उल्लेख गरेका छन् :

> *युनानी राज्य जगतमा स्पार्टा मात्र एउटा त्यस्तो राज्य थियो जसले आफ्नो अटुट अविच्छिन्नताके अडिग परम्परा कायम राखेको थियो। अन्य राज्यहरुमा अनेक परिवर्तन भएका थिए। र यी परिवर्तनहरुको क्रम एउटै थियो-राजतन्त्र(monarcy) बाट अभिजात तन्त्र(aristocracy), अभिजात तन्त्रबाट निरंकुश तन्त्र(tyranny) र निरंकुश तन्त्रबाट लोकतन्त्र(democracy)।* (वार्कर, १९१८, *हिन्दी अनुवादः चतुर्वेदी)*

यहाँ राजतन्त्र भनेर उदार राजतन्त्रको कुरा गरिएको हो।जहाँ राजाले आफ्नो व्यक्तीगत स्वार्थबाट माथि उठेर सबैको भलाईको लागि निरन्तर प्रयत्न गर्दछ। प्लेटोले त यस्तो राजतन्त्रलाई सबैभन्दा उच्च स्थान दिएका छन्। उनी राजतन्त्रलाई सर्वाधिक राम्रो शासन व्यवस्था मान्दछन्। राजतन्त्र विग्रियो भने कुलीन तन्त्र आउँछ , कुलीनतन्त्र भ्रष्ट भयो भने लोकतन्त्र आउँछ भन्ने विचार राख्दथे प्लेटो।

अभिजाततन्त्रले केही कुलीनहरु मिलेर गर्ने शासन व्यवस्थालाई जनाउछ। यदि कुलीन व्यवस्था भ्रष्ट भयो र केही कुलीनहरुमा महत्वाकाँक्षा बढेर तयो शाशन व्यवस्था सीमित केही कुलीनहरुको हातमा जान्छ। अन्ततः यो व्यवस्था निरंकुश तन्त्रमा परिणत हुन्छ। जहाँ एउटै मात्र शासकको एकल निर्णयले काम गर्दछ। यस्तो व्यवस्था कठोर पनि हुन्छ। विरोधीहरुलाई ठेगान लगाउने किसिमको।

निरंकुश व्यवस्थाको विरुद्धमा जनताहरु एकजुट हुन्छन्। र संघर्षको वलमा सबैको सहभागीतालाई सुनिस्चितता प्रदान गर्ने किसिमको लोकतन्त्र वा प्रजातन्त्रको स्थापना गर्दछन्। यसरी स्थापिना भएको प्रजातान्त्रिक शासन व्यवस्थाले जनताको काम गर्दछ। तर निर्णय प्रक्रियामा ढिलाई हुने भएकाले यस्तो लोकतन्त्रलाई आदर्श र सक्षम राजतन्त्र भन्दा

तल्लो कोटीमा राख्दछन्, कतिपय विचारकहरु। यस्तो धारणा राख्नेहरुमा प्लेटोको नाम अग्रपंक्तीमा आउँछ।

वास्तवमा ग्रीसको नगर राज्य र त्यसमा पनि विशेष गरेर प्राचीन एथेन्स नगरमा अभ्यास भएको लोकतन्त्रको प्रारम्भिक स्वरुपले लोकतन्त्रको मात्रै होइन , समग्र राजनीतिक विचारधाराको जग हाल्ने काम गरेकोमा दुई मत नहोला। नागरिकता प्राप्तिको केही कठोर व्यवस्था भएता पनि प्रत्येक नागरिकहरुलाई राजनीतिक प्रशासनीक कार्यमा सहभागिताको लागि समान अधिकार मात्रै होइन अनिवार्य सहभागिताको लागि लागि बाध्य पार्ने गरी कर्तव्य समेत निर्धारण गरिएको थियो। त्यसैले एथेन्समा अभ्यास गरिएको व्यापक सहभागितामूलक शासन व्यवस्था त्यो समयको उत्कृष्ट व्यवस्था थियो जसले आधुनिक लोकतन्त्रलाई आज पनि पथ प्रदर्सन गरिरहेको पाइन्छ।

## २.६.१ प्लेटो

पश्चिमी जगतमा राजनीतिक चिन्तनको प्रारम्भ युनानीहरुले गरेका हुन्। बार्करको विचारमाराजनीतिशास्त्रमा प्रयोग हुने राजनीति, कुलिनतन्त्र, लोकतन्त्र जस्ता शब्दहरुको प्रादुर्भाभाव समेत युनान बाटै भएको पाइन्छ। युनानी विचारधाराको विकास विभिन्न चरणहरुमा भएको कुरा यस अघि नै उल्लेख भइसक्यो। प्राचीन युनानमा रानीतिक विचारधाराको उल्लेख होमर र हिसियाडका ग्रन्थहरुमा पाइन्छ। जहाँ होमरले राजतन्त्र प्रति आश्था राखेको देख्न पाइन्छ भने हिसियाडले कुलीनतन्त्र रुचाएको पाइन्छ। इसापूर्व छैटौं शताव्दी अर्थात् सोलोनको समयदेखि नै युनानमा राजनीतिक विचारधारको उल्लेख हुदै आएको पाइन्छ। सोलोनले कानुनको सर्वोच्चतालाई उच्च प्राथमिकता दिएको पाइन्छ। उनले कुलीन तन्त्र र लोकतन्त्रको मिश्रित अवधारणा अघि सारेका छन्।

यो बीचमा एथेन्समा थुप्रै विचारधाराहरुको विकास भयो। जसमध्ये शुकरातको विचारधारा पनि एक थियो। शुकरात राज्यको कानुन र वाह्य व्यवस्था भन्दा पनि आत्माको आवाज र आन्तरिक ज्ञानलाई बढी महत्व दिन्थे। पेरिक्लिजको प्रजातान्त्रिक शासन कालमा जन्मेका उनी वास्तविक ज्ञानलाई प्रधान तत्व मान्दथे। प्लेटो शुकरातका शिष्य थिए। त्यसैले स्वभावैले उनमा शुकरातको प्रभाव थियो।

प्लेटोले आदर्श राज्यको अवधारणा अघि सारेका छन् । साथै उनले त्यस्तो आदर्श राज्यमा कुनै किसिमको व्यक्तिगत सम्पत्ती नभएको र सबै किसिमका खरावीबाट मुक्त दार्शनिक राजाको परिकल्पना गरका छन् । प्लेटोले आफ्नो सुप्रशिद्ध किताव रिपब्लिकमा सक्षम, योग्य र गुणवान प्रशासक वर्गको निर्माणमा जोड दिएका छन् ।

सम्पत्तीको साम्यवाद सम्बन्धि अवधारणामा प्लेटोले राजनीतिक र आर्थिक अधिकार एउटै व्यक्तीको हातमा दिन नहुने बताएका छन् । यो अवधारणालाई अहिलेको शक्ती पृथकीकरणको सिद्धान्तको प्रारम्भिक स्वरुप पनि मान्न सकिन्छ । प्लेटोका अनुसार राजनैतिक अधिकार र आर्थिक अधिकार एकै वर्गको हातमा दिएमा शासक वर्गलाई त्यसले भ्रष्ट पार्दछ , त्यसैले जसको हातमा राजनैतिक सत्ता रहन्छ , त्यसलाई आर्थिक अधिकारबाट मुक्त गरिनुपर्दछ ।

प्लेटोले कानुनी सर्वोच्चतालाई विशेष प्रथमिकता दिएका छन् । रिपब्लिक र पोलिटिक्समा उनले कानुनलाई खासै महत्व दिएको पाइदैन तर **द लज**मा भने उनले कानुनलाई सर्वाधिक महत्व दिएका छन् । उनले ज्ञानमा आधारित कानूनमा जोड दिएका छन् ।

प्लेटोको साम्यवाद सम्वन्धी अवधारणा अहिलेको समाजका लागि त्यति सजिलो छैन । उनी सम्पत्तीको साम्यवादमा कुनै पनि शासकहरुले व्यक्तीगत सम्पत्ती राख्न नपाउने कुरा गर्दछन् । सम्पत्तीले शासकलाई भ्रष्ट बनाउने उनको बुझाई छ । यो विचार धेरै हदसम्म प्रगतीवादी पनि छ ।

आर्थिक अनियमितता र भ्रष्टाचार रोक्नका लागि आधुनिक राज्यहरुका लागि समेत यो अवधारणा अनुकरणीय छ । तर जव उनी पारिवारिक साम्यवादको कुरा गर्दछन् । त्यो अवधारणा भने आधुनिक समाजका लागि असम्भव जस्तै लाग्छ ।

प्लेटोको पारिवारिक साम्यवादले शासक र सैनिकहरुको व्यक्तिगत परिवार हुनु हुदैन भन्दछ । त्यस्ता शासकहरुका साझा श्रिमतिहरु हुने र जोसुकैले जोसुकै सित यौन सम्वन्ध राख्न पाउने परिकल्पना गरेका छन्, प्लेटोले । यसरी कुनै पनि सैनिक तथा शासकलाई पारिवारिक मायामोहबाट मुक्त राख्न सकिने उनको बुझाई छ । सबैले सबैसङ्ग यौन सम्वन्ध राख्ने भएकाले को कसको सन्तान हो भन्ने प्रष्ट हुदैन । यसरी सन्तान मोह हुदैन भन्ने उनको बुझाई छ ।

तर आजको आधुनिक समाजमा प्लेटोले त्यो वेला परिकल्पना गरेको जस्तो कुनै पनि महिलालाई सबै पुरुषको साझा सम्पत्तीको रुपमा प्रयोग गर्न संभव देखिदैन। र अहिलेको समयमा त्यस्तो कार्य उचित पनि मानिदैन। त्यसैले अहिलेको समाजमा प्लेटोको आदर्श राज्यमाको परिकल्पनामा जुन किसिमको पारिवारिक साम्यवादको परिकल्पना छ त्यो आजको विश्व परिवेशका लागि अव्यवहारिक र अप्रासंगिक प्रतीत हुन्छ।

## २.६.२. अरस्तु

अरस्तु प्लेटो भन्दा पछिका विचारक हुन्। यिनी प्लेटोकै चेला हुन्। तर कतिपय अवस्थामा प्लेटो अरस्तुभन्दा बढी क्रान्तिकारी र परिवर्तनका पक्षधर देखिन्छन्। अरस्तु बढी यथास्थितिवादी छन्। प्लेटो केही कल्पनासील देखिन्छन् भने अरस्तु धेरै हदसम्म यथार्थवादी। जव प्लेटो आदर्श राज्यको कुरा गर्दछन्, उनी त्यस्तो राज्यमा सबै थोक मिलेको देख्छन्। उनको आदर्श राज्यको आदर्श व्यवस्थालाई कुनै कुराले पनि व्यवधान खडा गरेको पाइदैन तर अरस्तुको विचारधारा ठ्याक्कै हाम्रो समाजको स्वरुप जस्तो छ। जहाँ राम्रो पनि छ र नराम्रो पनि।जहाँ वुद्धिमानहरु छन्, र बुद्धिहिनहरु पनि।त्यसैले शासन व्यवस्था सामाजिक परिर्सिथिति अनुरुपको हुने उनको धारणा छ। सामाजिक संरचना जस्तो छ , शासन प्रणाली पनि त्यस्तै हुने उनको बुझाई छ। समाजको बहुसंख्यक हिस्साको सोच, शैली र विचारधारासङ्ग मेल खाने खालको राज्य व्यवस्था हुने र सामाजिक परिस्थितिमा आएको परिवर्तनले शासन व्यवस्थामा पनि परिवर्तन ल्याउने अरस्तुको अवधारणा छ। जुन कुरा धेरै हदसम्म वास्तविकतासङ्ग नजिक रहेको छ। प्लेटोमा क्रान्तिकारिता त छ तर उनको अधारणा सामाजिक यथार्थसङ्ग खासै मेल खाने किसिमको छैन। विशेष गरेर उनको सामयवादको अवधारणा सामाजिक यथार्थ भन्दा निकै पर छ।

अरस्तुले कुन शासन व्यवस्था राम्रो वा कुन नराम्रो भन्ने भन्दा पनि कस्तो सामाजिक परिस्थितिमा कस्तो शासन व्यवस्था उपयुक्त हुन्छ भन्ने कुरामा जोड दिएका छन्। यिनी सामाजिक परिस्थितिले शासन प्रणालीको स्वरुप निर्धारण गर्ने कुरामा विश्वास गर्दछन्। कार्ल मार्क्सको उत्पादन प्रणाली (मोड आफ प्रोडक्सन) नै समाजिक संरचनाको निर्धारक हो भन्ने अवधारणा अरस्तुको यो अवधारणासङ्ग केही हदसम्म मेल खान्छ। तर समाजिक परिवर्तनको चक्र सम्बन्धी विचार भने फरक रहेको देखिन्छ। अरस्तुको विचारमा कुनै पनि समाज सधैं एकै किसिमको रहदैन। हरेक समाज परिवर्तनशील छ। राजनीतिक विचारधारा

र विश्लेषण किताबमा उल्लेख भए अनुसार अरस्तुको संविधान वा व्यवस्था परिवर्तनको चक्र यस्तो छ :

> *अरस्तुको विचारमा कुनै पनि शासन सधैं एकै रहदैन , परिवर्तन भइरहन्छ । तर यसरी परिवर्तन पनि खास नियमका आधारमा हुन्छ । उनका अनुसार यो परिवर्तनको चक्रको नियममा राजतन्त्र विकृत भएर तानाशाही तन्त्रमा बदलिन पुग्छ । ऊ आफ्नो स्वार्थ अनुरुप शासन गर्न लाग्दा प्रजा पिडित हुन्छन् । पिडित जनताले सो तानाशाही शासन विरुद्ध क्रान्ति गर्दछन्, र यो शासन केही कुलीन व्यक्तीको हातमा पुग्छ । कुलीन तन्त्र विस्तारै भ्रष्ट भएर पनि मानिसको हातमा पुगेपछि अल्पतन्त्र वा धनिक तन्त्रमा वदलिन्छ । उनीहरु आफ्नो स्वार्थका लागि जनता माथि शोषण गर्न लाग्छन् । शासनबाट शोषण र भ्रष्टाचार बढेपछि जनताले विद्रोह गर्दछन्, र वहुसंख्यकको हातमा सत्ता पुग्छ । यो जनताको भलाईको तन्त्र जनतन्त्र हो । पहिला यसमा धनी र गरीवले मिलेर शासन गर्दछन्, पछि यसमा निर्धन र अज्ञानीहरुको बहुसंख्या हुन पुग्छ । त्यसबेला त्यहाँ अराजकता र भिडतन्त्रको स्थिति उत्पन्न हुन्छ । त्यहाँ स्वतन्त्रता र विकृति बढेपछि कुनै एक जना व्यक्तिले शासन हातमा लिई शुशासन प्रारम्भ गर्दछ , यो राजतन्त्र हो । राजतन्त्र पुनः विकृत भएर तानाशाही आउँछ र यो चक्र लगातार चल्छ । (शिवाकोटी २०७६)*

यसरी हेर्दा अरस्तुले लोकतन्त्र भन्दा राजतन्त्रलाई बढी महत्व दिएको पाइन्छ । तर त्यस्तो राजतन्त्र खोटरहित र सर्वगुण सम्पन्न शासकको हातमा हुनुपर्दछ । त्यस्तो शासकले सर्वजनहितायको उद्देश्यले काम गर्नु पर्दछ । आदर्श राजतन्त्रप्रति अरस्तुको विशेष आश्था छ । यसको मतलव उनी लोकतन्त्र मन पराउँदैनन् भन्ने होइन । उनी लोकतन्त्रका पनि पक्षपाती हुन् । तर लोकतन्त्रको नाममा हुने अराजकता, विकृती र भीडतन्त्रका भने उनी घोर विरोधी हुन् । वास्तविक लोकतन्त्र प्रति भने उनले उच्च सम्मान व्यक्त गरेको पाइन्छ ।

यसरी लोकतन्त्र विभिन्न चरण र अवस्थाहरु पार गरी समयानुकुल परिष्कृत र परिमार्जित हुदै र शासन व्यवस्था थप लोकतान्त्रिकरण हुदै आजको अवस्था सम्म आइपुगेको छ ।

### २.६.३ नेतृत्व

नेतृत्व गर्न सक्ने क्षमता भएको व्यक्तीलाई नेता भनिन्छ। त्यसैले नेतृत्व नेतासङ्ग सम्वन्धित छ। कुनै पनि क्षेत्रको अगुवाई गर्ने व्यक्ती नेता हो। र अगुवाई गर्ने कार्य नेतृत्व हो। अझ स्पष्ट भाषामा भन्नुपर्दा नेताले गर्ने कार्य नै नेतृत्व हो। एउटा कुशल नेतृत्वले मात्रै वास्तवमा जनताका आकाँक्षालाई सम्वोधन गर्न सक्दछ। व्यक्ती र समाजलाई सहि दिसा निर्देश गर्न सक्दछ। समाजिक परिचालन गर्न सक्दछ। विगतको अनुभव वर्तमानको वास्तविक चित्रण र भविष्यको आँकलन गर्न सक्दछ। यस्तो नेतृत्वले वास्तवमा समाजको दशा र दिशा निर्धारण गर्दछ। निरन्तरको सक्रियताले नेतृत्वमा निखार ल्याउदै जान्छ। कुनै पनि नेतृत्वले विशेष विचार र सिद्धान्तको प्रतिनिधित्व गरेका हुन्छन्। त्यस्ता विचार र सिद्धान्तहरु कार्य रुपमा परिणत गर्न आफू खट्छन्, र आफ्ना समर्थकहरुलाई पनि खटाउछन्। यी र यस्तैखाले विविध गुण र विशेष क्षमताको कारण नेताहरु विचार र व्यक्तीहरुको प्रतिनिधित्व गर्न सफल भएका हुन्छन्।

सामाजिक, आर्थिक, धार्मिक तथा साँस्कृतिक, राजनितिक आदि गरी नेतृत्व विविध किसिमका हुन्छन्। तर यो अध्ययनमा मैले राजनीतिक नेतृत्वलाई हेरेको छु। र त्यसमा पनि लोकतान्त्रिक नेतृत्वलाई।

राजनितिक नेतृत्व पनि धेरै किसिमका हुन्छन्। तर मेरो विचारमा नेतृत्वलाई मुख्यतया दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ। -(१.) लोकतान्त्रिक मूल्य मान्यता र आदर्शमा आधारित लोकतान्त्रिक नेतृत्व र (२.) स्वविवेकमा आधारित अधिनायकवादी नेतृत्व। अधिनायकवादी नेतृत्व पनि मुख्यतया दुई प्रकारको हुन्छ। १. निरंकुश राजतन्त्रात्मक अधिनायकवादी नेतृत्व र २. कम्युनिष्ट विचारधारामा आधारित अधिनायकवादी नेतृत्व।

राजतन्त्र र कम्युनिष्टमा केही तात्विक भिन्नता छ। निरंकुश राजतन्त्र र निरंकुश कम्युनिष्ट शासन, यी दुवै व्यवस्थाका लागि अधिनायकबाद शब्द प्रयोग गरिन्छ। तर यी दुई व्यवस्था एकअर्कोको ठिक विपरित व्यवस्था हुन्। एउटा व्यक्ती वा केही व्यक्ती समूहको शासन व्यवस्था जसमा केही सामन्तहरुको मात्रै हालिमुहाली रहन्छ , त्यस्तो शासन प्रणालीलाई राजतन्त्रात्मक शासन प्रणाली मानिन्छ। तर गरीव तथा शोषित र पीडितहरुको पक्षमा काम गर्ने सरकार कम्युनिष्ट सरकार हो भन्ने आम बुझाई छ। कम्युनिष्टहरु आफ्नो

अधिनायकबादलाई  सर्वहारावर्गको अधिनायकत्वको रुपमा व्याख्या गर्ने गर्दछन् । यी दुई व्यवस्थामा आकास जमिनको फरक छ । तर यी दुवै व्यवस्थाभन्दा विल्कुलै भिन्न एउटा अर्को व्यवस्था छ , जसको नाम हो - लोकतान्त्रिक व्यवस्था ।

लोकतन्त्र सबै किसिमको स्वैच्छाचारीताको विरुद्धमा मानवअधिकारवादीहरुले अघि सारेको उदार अवधारणा हो । त्यस्तो उदार तथा सामुहिक निर्णय प्रक्रियामा विश्वास गर्ने नेतृत्व नै वास्तवमा लोकतान्त्रिक नेतृत्व हो ।

लोकतन्त्रको अवधारणा आउनु अघि विश्वमा राजतन्त्रात्मक व्यवस्था थियो। यस्तो व्यवस्थामा सामान्यतया एकजना व्यक्तीको राज हुन्छ, जसलाई राजा भनिन्छ र राजाको मृत्युपछि उसको छोराले राज गर्दछ। राजतन्त्रका केही अवशेषहरु अहिलेको विश्वमा पनि विद्यमान छन्, तर पहिलेको जस्तो सक्रिय र निरंकुश राजतन्त्र भने अहिलेको विश्वमा पाइदैन । आजको जस्तो लोकतान्त्रिक समाजमा त्यस्तो व्यवस्था टिक्न पनि सक्दैन । यसको ज्यलन्त उदाहरणको रुपमा नेपालको राजतन्त्रको समाप्तिको घटनालाई नै पनि लिन सकिन्छ ।

नेपालमा राजाले आफ्नो सकृयता बढाउन खोज्दा राजतन्त्रको नै अन्त भयो ।  कम्युनिष्ट अधिनायकवादी व्यवस्थाको उदाहरणको रुपमा रुसमा स्टालिनले सञ्चालन गरेको शासन व्यवस्थालाई लिन सकिन्छ । त्यस्तै सैन्य अधिनायकवादी शासन व्यवस्थको रुपमा फान्सेली क्रान्ति पछिको नेपोलियन बोनापार्टको शासन व्यवस्था, लिवियाको मोहम्मद गद्याफीको शासन व्यवस्था, हाम्रै छिमेकी पाकिस्थानमा मोहम्मद जिया उल हक तथा जनरल परवेज मुसर्रफको शासन व्यवस्थालाई लिन सकिन्छ। र अन्तमा लोकतन्त्रान्त्रिक विधि र प्रक्रियावाट सत्तामा पुगेका र सत्ता प्राप्तिपछि अधिनायकवादी शैली अपनाएका शासकहरुको रुपमा एडोल्फ हिटलर र मुसोलिनी प्रशिद्ध छन् ।

यसरी हेर्ने हो भने नेतृत्वका विविध आयामहरु छन् । तर यहाँ मैले लोकतान्त्रिक नेतृत्वको अध्ययन गरेको हुँ । लोकतान्त्रिक मूल्य मान्यता र आदर्शमा आधारित लोकतान्त्रिक नेतृत्व ।

### २.६.४ पूर्वीय मान्यता

विदुर नीतिले शासकलाई वास्तविकताको ज्ञान भएको विलक्षण क्षमता युक्त व्यक्तीको रुपमा चित्रण गरेको छ । वास्तविक लाभ वा हानीको वारेमा जानकारी भएको, राज्य कोषको वास्तविक अवस्था थाहा भएको , धर्म र जीवनको अर्थलाई राम्ररी बुझ्ने चेस्टा भएको एक हिसावले सर्वगुण सम्पन्न नेताको रुपमा हेरेको पाइन्छ । त्यो समयमा राजाले शासन गर्दथे त्यसैले यसमा राजामा हुनुपर्ने गुणहरुको वारेमा उल्लेख गरिएको छ । विदुर नीतिमा राजामा हुनुपर्ने गुणहरुलाई यसरी उल्लेख गरिएको पाइन्छ :

**यस्त्वेतानि प्रमाणानि यथोक्तान्यनुपश्यति**

**युक्तो धर्मार्थयोर्ज्ञाने स राज्यमधिगच्छति ॥२/११॥**

*जो राजा(शासक) लाभ हानी, स्थिति(अवस्था), कोष, आदिको यथार्थ जानकारी राख्दछ र धर्म र अर्थलाई राम्ररी बुझ्न खोज्दछ उसले नै राज्य(शासन) प्राप्त गर्दछ ।* हिन्दु दर्शनमा शासकलाई न्यायप्रेमी, दयालू, ज्ञानी , हरेक किसिमका दुर्गुण रहित र गुणवान व्यक्तिको रुपमा दर्शाइएको छ । मनुस्मृतिमा दण्ड विधानका सम्वन्धमा यस्तो भनिएको छ :

**तं राजा प्रणयन्सम्यक् त्रिवर्गेणाभिवर्धते**

**कामात्मा विषमः क्षुद्रो दण्डेनैव निहन्यते ॥७/२७॥**

*नेपालीमा अर्थ : त्यस दण्डको यथार्थ रीतिले विधान गर्दै गरेका राजा धर्म, अर्थ, काम यी तिनैबाट वृद्धिलाई प्राप्त हुन्छन् । जुन राजा विषयासक्त , क्रोधी, क्षुद्र विचारका हुन्छन् ती त्यसै दण्डद्वारा मारिन जान्छन् ।*

### २.६.५ पास्चात्य विचारधारा

प्राचीन ग्रीसमा पनि शासकलाई त्यही आदर्श स्वरुपमा लिइन्थ्यो जसरी सनातन धर्ममा लिइन्थ्यो । प्लेटोले आदर्श राजाको वारेमा कुरा गर्दा नेतृत्वको चरित्रको वारेमा कुरा गरेका छन् । आदर्श राजाले के गर्न हुन्छ र के गर्न हुदैन भन्ने सम्बन्धमा आफ्नो विचार प्रस्तुत गरेका छन् । प्लेटोले आदर्श राजाको वारेमा राखेको विचारलाई प्रा.डा. गोपाल सिवाकोटीले यसरी प्रस्तुत गरेका छन् :

*प्लेटोको दार्शनिक राजा सत्यको अन्वेषक हो, सच्चा ज्ञान प्राप्त नहोउञ्जेल सम्म प्रयत्न जारी राख्दछ। उसमा दृष्य तथा ईन्द्रिय विषय भोग्नका लागि कुनै लालसा हुँदैन, ईन्द्रियजयी हुन्छ , उसमा सुन्दर आत्माका सबै गुणहरु ह्रुन्छन्, ऊ मृत्युबाट डराउदैन, सत्यलाई छोड्दैन, उसमा न्याय, सौन्दर्य र समयका विचारहरु (Ideas) तथा परम् सतका विचारहरु (Idea of good)तथा मानवीय जीवनको अन्तिम प्रयोजन र कार्यको ज्ञान शिक्षाद्वारा हुन्छ। (सिवाकोटी २०७६)*

# अध्याय ३
# अनुसन्धान विधि र तरिका

## ३.१ अध्ययनको क्षेत्र

यहाँ मैले विशेषत: निम्नवमोजिम तीनओटा क्षेत्रको अध्ययन गरेको छु ।

(१) नेतृत्व

(२) लोकतन्त्र

(३) राजनीतिक दृष्टिकोण

सैद्धान्तिक ज्ञानको लागि आफू भन्दा अगाडिका अध्ययन, अनुसन्धान र अनुभव उपयोगी हुन्छन् । एक जना व्यक्तीले मात्रै सम्पूर्ण अध्ययन गर्न संभव नहुने भएकाले अरुका अध्ययन अनुसन्धानको समेत सहायता आवस्यक पर्दछ । र त्यसमा पनि सैद्धान्तिक कुरा र लामो इतिहासको जानकारीका लागि कसै न कसैमा निर्भर हुनैपर्ने हुन्छ ।

यो अध्ययनमा पनि अध्ययनलाई सार्थक तुल्याउन विभिन्न विद्वानहरुका खोज, अनुसन्धान, अनुभव र विचारको सहायता लिइएको छ । यसका लागि लोकतन्त्रको विकासमा पास्चात्य इतिहास र यसका सैद्धान्तिक पक्ष, पूर्वीय इतिहास र यसका सैद्धान्तिक पक्ष तथा नेपालको लोकतान्त्रिक अनुभव समेटिएका सामग्रीहरुको अध्ययन गरिएको छ । अङ्ग्रेजी ग्रन्थहरुको अध्ययन गर्दा केही मूल ग्रन्थको अध्ययन गरिएको छ भने केही किताबहरुको हिन्दी अनुवाद अध्ययन गरिएको छ । त्यस्तै संस्कृत भाषाका ग्रन्थहरुको अध्ययन गर्दा त्यसको नेपाली तथा हिन्दी अनुवादको सहायता लिइएको छ। यी दुवै भाषामा आफ्नो भाषिक ज्ञानको सीमिततालाई ध्यानमा राखेर अनुवादको सहायता लिइएको हो ।

मेरो अध्ययनको क्षेत्र नेपाल भएकाले नेपालको संविधान, नेपाली राजनीतिज्ञहरु तथा विभिन्न विद्वानहरुका अनुभव समेटिएका किताबहरु तथा नेपालका नाम चलेका पत्रपत्रिका हरुमा लोकतन्त्रका सम्वन्धमा प्रकासित विभिन्न विद्वानहरुका लेख रचना लगायत विभिन्न समाग्रीको अध्ययन गरिएको छ ।

त्यस्तै कुनै पनि कुराको सैद्धान्तिक पक्ष र इतिहासको अध्ययनलाई मात्रै कुनै पनि समाजको पूरा अध्ययन मान्न सकिदैन । सार्थक समाजशास्त्रीय अध्ययनका लागि आफ्नो अध्ययन र

अनुभवमा आधारित ***इम्पिरिकल डाटा*** (आफ्नै सहभागितामा तयार पारिएको तथ्याङ्क) समेत आवस्यक पर्दछ ।

फरक फरक समाजका फरकफरक चरित्र हुन्छन् । साथै प्रविधिमा आएको परिवर्तनले दिनानुदिन समाजमा नयाँ आयामहरु थप्दै समेत थप्दै गएको छ । त्यसैले समाजको परिवर्तित चरित्रलाई ध्यानमा राखेर समेत आफ्नो समय र समाजको अध्ययन गर्न आवस्यक देखिन्छ । यिनै कुराहरुलाई ध्यानमा राखेर वर्तमान समय र अहिलेको नेपाली समाजको चरित्र बुझ्नका लागि आफै केही तथ्यांक समेत संकलन गरिएको छ ।

समग्रमा यो अध्ययनलाई सार्थक तुल्याउन प्राथमिक (प्राइमरी) र द्वितीय (सेकेन्डरी) दुबै किसिमका सुचना स्रोतको उपयोग गरिएको छ ।

माध्यमिक(सेकेन्डरी) स्रोतको विषयमा माथि नै संक्षिप्त चर्चा भइसकेको छ । प्राथमिक क्षेत्र अन्तर्गत मैले निम्नानुसारका क्षेत्रहरुलाई चयन गरेको छु :

१. नेपालको प्रतिनीधिभाका प्रत्येक्ष निर्वाचन बाट निर्वाचित सभासदहरु
२. धनगडी उपमहानगरपालिका ४ उत्तर विहिडीको शिवपुरी टोलका ३३ परिवारका १६७ जना सर्वसाधारण

## ३.२ नमुना

*लोकतान्त्रिक अभ्यासमा संलग्न नेतृत्व तथा लोकतान्त्रिक प्रक्रियामा सहभागी नागरिक यी दुवै पक्षलाई यो अध्ययनको नमूनाको रुपमा छनोट गरिएको छ ।*

प्रत्येक्ष निर्वाचनद्वारा निर्वाचित सभासदहरु सरकार र जनता यी दुवै पक्ष सङ्ग नियमित सम्पर्कमा रहने भएकाले उहाँहरुको अनुभव काम लाग्ने महशुस गरी ११ जना प्रत्येक्षबाट निर्वाचित सभासदहरु छनोट गरिएको छ । त्यस्ता सभासदहरु छनोट गर्दा मुख्यतया निम्न अनुसारका तीनओटा मापदण्डहरु तयार गरिएको थियो :

१. नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टीमा तुलनात्मक रुपमा अध्ययनशील र वौद्धिक पहिचान बनाउनु भएका सभासदहरु
२. नेपालको पल्लिो परिवर्तन र संविधान निर्माण प्रक्रियामा महत्वपूर्ण भुमिका निर्वाह गर्नु भएका नेताहरु

३. साना दलहरुको समेत प्रतिनिधित्व सुनिस्चित हुने गरी साना दलका सभासदहरु ।

नेपाल कम्युनिष्ट पार्टी र नेपाली काँग्रेसका सभासदहरु छनोट गर्दा तुलनात्मक रुपमा अध्ययनशील र वौद्धिक पहिचान बनाउन सफल नेताहरु तथा पछिल्लो परिवर्तन र संविधान निर्माणमा महत्वपूर्ण भुमिका निर्वाह गरेका नेताहरुको छनोट गरिएको छ भने अन्य साना दलहरुको हकमा सकेसम्म वौद्धिक र अध्ययनशील व्यक्तित्वका प्राथमिकतामा राख्नुको अतिरिक्त प्रतिनीधित्व सुनिस्चित गर्ने कुरामा समेत ध्यान दिइएको छ ।

नेपालको व्यवस्थापिका संसदमा जम्मा १६५ जना प्रत्येक्ष निर्वाचित सभासद रहने व्यवस्था छ । प्रत्येक्ष निर्वाचित सभासद नीति निर्माणका दौरान सरकार, पार्टी नेतृत्व र जनतासङ्ग पनि प्रत्यक्ष जोडिएकाले यो वर्गलाई छनोट गरिएको हो । जनतासङ्ग पनि सिधै सम्पर्कमा रहनु पर्ने र सरकार तथा पार्टी नेतृत्वसङ्ग पनि सम्बन्ध राख्ने भएकाले प्रत्येक्ष निर्वाचित सभासदहरुबाट धेरै सुचना प्राप्त हुने अपेक्षा सहित यो वर्गलाई छनोट गरिएको हो । नमूना (स्याम्पल) को रुपमा प्राय सबै किसिमको विचारको प्रतिनिधित्व हुने गरी सत्ता पक्ष, प्रतिपक्ष तथा साना दल गरी जम्मा १० जना सभासदहरुको छनोट गरिएको छ ।

साथै साधारण जन समुदाय (शासित)को अध्ययन गर्नका लागि धनगडी उपमहानगरपालिकाको उत्तर विहिडीस्थित शिवपुरी टोल छनोट गरिएको छ । विविधतायुक्त सो गाऊँमा पहाडी र चौधरी समुदायको मिश्रित बसोवास छ । धनगडी नगरपालिकाको पश्चिम भुभागमा रहेको यो गाऊँ धनगडी बजारबाट करिव १० किलोमिटरको दुरीमा रहेको छ ।

यो मिश्रित समाजको अध्ययन गर्दा धेरै हदसम्म पहाडी र मधेसी यी दुवै समुदायको केही मधेसी समुदायको चित्र प्रतिविम्वित हुन्छ । यी दुवै समुदायका वारेमा केही ज्ञान थियो र थप केही जान्ने चाहना थियो । यस्तै कारणले गर्दा मैले नमुनाको रुपमा यो गाऊँलाई छनोट गरेको हु ।

## ३.३ विधि र प्रक्रिया

प्राथमिक अध्ययनका लागि मैले अन्तर्वार्ताको विधि अवलम्वन गरिएको छ भने भने माध्यमिक अध्ययनका लागि विभिन्न इतिहास र राजनीतिसङ्ग जोडिएका नेपाली, हिन्दी र अङ्ग्रेजी भाषाका कितावहरुको अध्ययन गरेको छु। त्यस्तै संस्कृत भाषाका ग्रन्थहरुको नेपाली र हिन्दी रुपान्तरण हेरेको छु। यसका अतिरिक्त नेपालका नाम चलेका पत्रपत्रिका र अनलाईन पत्रिकाहरुमा तीन महिनाको अवधीमा प्रकाशित लेख, रचना र समाचारहरुलाई समेत सदुपयोग गरिएको छ।

## ३.४ अनुसन्धानको मापदण्ड

सभासदहरुमा लोकतान्त्रिक चरित्र छ कि छैन भन्ने बुझ्नका लागि विशेष गरेर उहाँहरुको व्यक्तिगत र आनुभविक कुराहरुलाई यसको मापदण्ड बनाईएको छ।

**व्यक्तिगत**

१. संसदमा उपस्थिति र संसदमा स्थानीय मुद्दाको उठान
२. निर्वाचित भएपछि आफ्नो निर्वाचन क्षेत्रका जनतासङ्ग भेटघाट र छलफल गर्ने तथा जनताको माझमा समस्याको समाधानका उपाय खोज्ने प्रयत्न
३. आफूलाई जायज लागेको विषयमा पार्टी लाइन विपरित गएर बोल्ने गरेको छ वा छैन ?

**आनुभविक**

१. नेताहरुको आचरणको आधारमा अहिलेको नेपालको शासन प्रणालीलाई लोकतान्त्रिक मान्न सकिन्छ कि सकिदैन ? यदि मान्न सकिन्छ भने यो कुन तहको लोकतन्त्र हो ?
२. नेताहरु आफैले आफैलाई लोकतान्त्रिक मान्नुहुन्छ कि हुदैन ?
३. उहाँहरुको विचारमा नेपाली समाज लोकतान्त्रिक छ कि छैन ?
४. संविधानको मूल मर्म र शासकहरुको काम गराईको तौर तरिकामा भिन्नता आएको पाउनुहुन्छ कि पाउनु हुन्न ? आदि।

त्यस्तै सर्वसाधारण वा शासितसङ्ग निम्न प्रश्नको जवाफ खोज्ने प्रयत्न गरियो :

१. आफ्नो क्षेत्रबाट निर्वाचित सभासदका गतिविधिमा चासो राखिन्छ कि राखिदैन ?

२. कुनै पनि नेतालाई भोट दिँदा विचार, व्यवहार, क्षेमता वा निकटतामध्ये कुन कुरालाई आधार मानिन्छ ?

३. प्रतिवद्धता पूरा नगर्ने नेताहरुलाई दोहोर्‍याएर भोट दिइन्छ कि दिइदैन ?

४. परिवारका निर्णयहरु कसरी लिइन्छन् ? निर्णय प्रक्रियामा निर्णयक को हुन्छ ?

५. छुवाछुत प्रथामा कत्तिको विश्वास लाग्छ ?आदि ।

# अध्याय ४

## ४.१ नेपालमा लोकतन्त्र विश्लेषणका न्युनतम आधारहरु

लोकतन्त्र यो अवधारण आफैंमा विशाल छ। फराकिलो छ। त्यसैले लोकतन्त्रलाई धेरैले धेरै कोणबाट हेरेका छन्। लोकतान्त्रिक अवधारणाको व्यापकताकै कारण फरक फरक व्यक्तिले यसका सुचकलाई पनि फरक फरक ढंगले प्रस्तुत गरेका हुन्छन्। लोकतन्त्रबारे मेरो पनि आफ्नै बुझाई छ। सोही बुझाईको आधारमा मैले नेपालमा अभ्यासमा रहेको लोकतन्त्रलाई मापन गर्ने केही आधारहरु निर्धारण गरेको छु।

**शासकको विश्लेषणका आधारहरु**

लोकतन्त्रका मुख्य खेलाडी नेताहरु हुन्। नेताहरुको व्यवहारमा धेरै हदसम्म त्यो देशको लोकतन्त्र झल्किरहेको हुन्छ।

नेताहरुको लोकतान्त्रिक चरित्र हेर्नका लागि उनीहरु आफ्ना मतदाताहरुप्रति इमान्दार छन् कि छैनन् ? अर्थात् उनीहरु निर्वाचनमा गरेका प्रतिबद्धता पूरा गर्न प्रतिबद्ध छन् कि छैनन् ? उनीहरु आफ्ना गतिविधीप्रति जवाफदेही छन् कि छैनन् ? उनीहरु सामुहिक निर्णय प्रक्रियामा विश्वास गर्दछन्, कि एकल निर्णय प्रक्रियामा ? उनीहरुको जीवन सादगीपूर्ण छ कि विलाशी ? यी र यस्ता विविध पक्षको जानकारी लिइएको छ।

यसका अतिरिक्त लोकतन्त्रका न्युनतमम आधारभूत सुचकहरु तयार पारी नेपालको लोकतन्त्रलाई मापन गर्ने प्रयत्न गरिएको छ। शासकहरुको लोकतान्त्रिक चरित्रलाई बुँदागत रुपमा निम्नबमोजिम प्रस्तुत गरिएको छ :

**स्वतन्त्रता**

जहाँ स्वतन्त्रता हुन्छ त्यहाँ लोकतन्त्रको जग वलियो हुन्छ। जहाँसम्म जनप्रतिनीधिरुको स्वतन्त्रताको कुरा छ उनीहरु निर्णय प्रक्रियामा स्वतन्त्र देखिदैनन्। संसदमा महत्वपूर्ण निर्णयप्रक्रियामा भाग लिँदा सबै साँसदलाई पार्टीको ह्विप लाग्छ। जसको फलस्वरुप पार्टी अनुसासन पालना गर्नुपर्ने बाध्यताको कारण जनप्रतिनीधिहरु आफ्नो चाहनाविपरित समेत भोटिङ प्रक्रियामा सहभागी हुने गर्दछन्। अर्थात् आफूलाई मन परेको विषयको विपक्षमा र

आफूलाई मन नपरेको विषयको पक्षमा मतदान गर्न बाध्य हुन्छन् । स्वविवेक प्रयोग गर्ने छुट उनीहरुलाई हुदैन । फ्लोर क्रस गरी मतदान प्रक्रियामा सहभागी हुने सांसदहरु अनुशासनको कारवाहीमा उनीहरुको साँसद पद समेत गुम्न सक्ने खतरा रहन्छ ।

यसरी हेर्दा सँसदहरु निर्णय गर्न स्वतन्त्र छैनन् । जहाँ स्वतन्त्रता हुदैन त्यहाँ लोकतन्त्र हुनै सक्दैन । तसर्थ स्वतन्त्रतालाई मापक बनाउँदा नेपालमा लोकतन्त्र छैन ।

**समानता**

समानतालाई लोकतन्त्रको आत्मा मान्दा पनि हुन्छ । समानताबिनाको लोकतन्त्रको कल्पना पनि गर्न सकिदैन । संसदमा सबै जनप्रतिनीधिको समान हैसियत हुन्छ । चाहे त्यो प्रधानमन्त्री होस् वा मन्त्री वा सभासद नै किन नहोस् । सबैको भोटको पनि समान मूल्य हुन्छ । यति हुँदाहुँदै पनि ठूलो दलको नेता र सानो दलको नेताप्रति गरिने व्यवहारमा असमानता पाइन्छ । संसदमा ठूलो दलको नेतालाई बोल्नका लागि धेरै समय दिइन्छ भने साना दलका नेताहरुलाई थोरै समय ।

बि.सं. २०७७ को बर्खे अधिवेशस अर्थात बजेट अधिवेशनमा केपी ओली तथा प्रचण्डले नेतृत्व गरेको तात्कालिन नेपाल कम्युनिष्ट पार्टी(नेकपा) र नेपाली काँग्रेसका नेताहरु बोल्दा समय निर्धारण गरिएन तर जनता समाजवादी पार्टीका नेता राजेन्द्र महतो बोल्दा समय सुचक बत्ति बल्यो । महतोले त्यस्तो भेदभावपूर्ण व्यवहार किन गरियो भनेर सभामुखलाई प्रश्न गरे । सभामुख अग्नी सापकोटाले जवाफ दिए, चलन यस्तै रहेछ ।

महतोले प्रतिप्रश्न गरे, यस्तो विभेदकारी चलनलाई निरन्तरता दिने ?

महतो र सापकोटाबीचको यो सम्वाद पनि सबै सभासदहरु समान हैसियतमा छैनन् भन्ने कुरा पुष्टि गर्न पर्याप्त छ । सैद्धान्तिक रुपमा सबै समान छन् तर व्यवहारिक रुपमा छैनन् । यस्तो असमान व्यवहारलाई पनि लोकतन्त्र मान्न सकिदैन ।

**पारदर्शिता**

कुनै पनि लोकतान्त्रिक राज्यमा वार्षिक आय र व्ययको रकम सार्वभौम संसदबाट पारित गराउने प्रचलन हुन्छ । कुनै पनि काम नीति बनाएर गरिन्छ । शासकलाई गर्न मन लाग्दैमा

हचुवाको भरमा गरिदैन । नेपालमा पनि कुनै पनि आर्थीक तथा अन्य कामका लागि योजना तथा कार्यक्रम र त्यसमा लागि हुने खर्च अर्थात बजेट संसदबाट पारित गर्ने प्रचलन छ ।

तर नेताहरुका अधिकाँश गतिविधीहरु पारदर्शी छैनन् । गोप्य रुपमा हुने नेताहरुका त्यस्ता गतिविधीले समस्या सिर्जना गरेका पर्याप्त उदाहरण छन् । अझ त्यसमाथि पनि नेताहरु सत्तामा पुग्नेवित्तिकै रातारात उठ्ने आर्थिक हैसियत, उनीहरुको विलाशी जीवन सधैं शंकाको घेरामै रहेका छन् ।

**जवाफदेहिता**

नेपालको सबैभन्दा ठूलो समस्या भनेको जवाफदेहिताको अभाव हो । नेताहरु चुनावको वेलामा ठूल्ठूला प्रतिबद्धता गर्दछन्, गर्न सकिने कामको मात्रै होइन गर्न नसकिने कामको लागि समेत प्रतिवद्धता व्यक्त गर्दछन् , तर एकचोटी चुनाव जितेपछि अर्को चुनाव नआई गाउँ पुग्ने कमै मात्र हुन्छन् ।

त्यस्तै संसदबाट गलल नीति पारित हुँदा अथावा सरकारले गलत काम गर्दा अझ प्रष्ट भाषमा भन्नुपर्दा हुनुपर्ने कामहरु नहुँदा र नहुनुपर्ने काम हुँदा त्यसको जवाफदेहीता लिन नेताहरु तयार हुदैनन् । तर जहाँ जवाफदेहीता छैन, त्यहाँ लोकतन्त्र हुन सक्दैन ।

**पुर्वानुमानयोग्यता**

पहिलो संविधानसभा विघटन हुँदा केही पार्टीका प्रमुख नेताहरुलाई बाहेक अरु कसैलाई त्यस्तो अवस्थाको सामान्य जानकारी समेत थिएन । प्रमुख नेताहरुले संसदवाहिरबाटै संविधानसभा विघटन गर्दा सांसदहरु संसद चल्ने आशले मध्यरातसम्म संसद भवनमा थिए ।

बि.सं. २०७७ पुष ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गर्दा यस्तो अवस्था आउला भनेर कसैले सोचेको समेत थिएन । ओलीको सो अप्रत्यासित कदमपछि ओलीकै समर्थन सांसद पनि धेरै दिनसम्म अन्योलमा थिए ।

यी दुई प्रतिनीधि घटनाबाटै थाहा हुन्छ कि नेपालमा पुर्वानुमानग्यता छैन । यहाँ नेताहरुको लहड र सनकको भरमा जस्तासुकै निर्णयहरु जुनसुकै अवस्थामा हुनसक्छन् ।

तर सामान्यतया सरकारले के काम गर्ला ? पुर्वनिर्धारित योजना तथा कार्यक्रमहरु कसरी अगाडी बढ्लान ? नयाँ योजनाहरु के के आउलान् ? लगायतका केही विषयको पूर्वानुमान गर्न सकिने अवस्था भने छ ।

### विधिको शासन

लोकतन्त्र निस्चित विधी र पद्यतिको नाम हो । लोकतन्त्रमा शासन सञ्चालन गर्ने निस्चित नियम कानून हुन्छन् । संविधान हुन्छ र यसलाई पालना गराउने पनि निस्चित प्रकृया हुन्छन् ।

नेपालमा पनि लोकतान्त्रिक संविधान छ । त्यसकालाई कार्यान्वयन गराउने विभिन्न ऐन, नियम, नीति र निर्देशिकाहरु छन् । तर अझै पनि न्यायिक सर्वोच्चतामाथि बेलाबेला प्रश्न उठ्ने गरेका छन् । कानून कार्यान्वयन गराउनु पर्ने न्यायालय नै कहिलेकाहीँ कार्यपालिकाको लाचार छायाँ बनेका पर्याप्त उदाहरण हामीसँग छन् ।

### सादगी

वास्तवमा नेताहरुमा सादगीको अभाव भएमा आम सर्वसाधारणमा लोकतन्त्रप्रति वितृष्णा पैदा हुन्छ । असमानताको अनुभूति हुन्छ । विद्रोहको भाव उत्पन्न हुन्छ ।

सादगीले नेताहरुको आचरणमा पवित्रता ल्याउँछ । सादगीपूर्ण जीवन यापन गर्नेहरुका स्वभावैले अपेक्षा कम हुन्छन् । जसको कारणले अतिरिक्त आम्दानीको आवस्यकता पर्दैन । सादगीपूर्ण जीवनशैलीले भ्रष्टाचार व्यवभिचारजस्ता कार्यहरु न्युनिकरण गर्दछ ।

लोकतन्त्रको अन्तिम उद्देश्य जनतालाई सबै हिसावले सन्तुष्टि प्रदान गर्नु हो । तर अधिकाँस शासकहरुले जनताभन्दा पनि आफूलाई केन्द्रमा राखेर काम गरेको पाइन्छ ।

नेताहरु आफ्नै हैसियतले सुविधासम्पन्न जीवन बाँचेका होइनन् भन्ने थाहा पाउन उनीहरुको विलाशीतापूर्ण जीवन पछाडीको आर्थिक स्रोत खोज्दा प्रष्ट हुन्छ ।

### सिद्धान्त अनुरुप बोली र बोली अनुरुपको व्यवहार

नेताहरुमा लोकतान्त्रिक सिद्धान्त र यसका आधारभूत मूल्यमान्यता अनुरुपको बोली र बोली अनुरुपको व्यवहार भयो भने मात्रै त्यसलाई लोकतान्त्रिक आचरण मान्न सकिन्छ । तर

नेपालका अधिकाँश नेताहरुमा सिन्द्धान्त बमोजिमको बोली र बोली अनुरुपको व्यहार देख्न पाइँदैन ।

नेताहरुले सैद्धान्तिक रुपमा लोकतन्त्रका आधारभूत मान्यतालाई स्विकार गरे पनि उनीहरुको आचरणमा भने लोकतन्त्र निकै न्युन मात्रामा मात्रै प्रनिविम्वत भएको पाइन्छ ।

**शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन**

शक्ति कुनै एक व्यक्ति वा निकायमा केन्द्रीकृत भयो भने त्यसले निरंकुशता जन्माउँछ । तर लोकतन्त्र निरंकुशतन्त्रको विपरित शासन प्रणाली हो । त्यसैले लोकतन्त्रमा शक्तिको बाँडफाँड मात्रै गरिएको हुँदैन कुनै एक निकायले गल्ति गरेको अवस्थामा अर्को निकायले त्यसलाई सच्याउने व्यवस्था समेत गरिएको हुन्छ ।

त्यसका लागि व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरिएको हुन्छ । जहाँ व्यवस्थापिकाले कानून बनाउने, कार्यपालिकाले ती कानून कार्यान्वयन गराउने र न्यायपालिकाले कानूनको सही कार्यान्वयन भए, नभएको हेर्ने र न्याय निरुपण गर्ने कार्य गर्दछ ।

साथै यी तीनओटै निकायले एकअर्को निकायका गलत गतिविधीलाई नियन्त्रण गर्ने काम समेत गर्दछन् ।

उदाहरणका लागि प्रधानमन्त्री केपी शर्मा ओलीले अप्रत्यासित रुपमा सार्वभौम संसद विघटन गरे । तर ओलीको सो कदम अवैधानिक भएको ठहरसहित सर्वोच्च अदालतले उक्त विघटित संसद पुनःस्थापना गरिदियो । यसरी कार्यपालिकाले गरेको अवैधानिक कदम अदालतले सच्यायो र सन्तुलन कायम गरिदियो ।

त्यस्तै शक्तिको पृथकीकरणका लागि अहिले नेपालमा संघीय, प्रदेश र स्थानीय गरी तीन तहको शासनको व्यवस्था गरिएको छ ।

नेपालमा शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्तको प्रभावकारी कार्यान्वय नभएपनि यसको कार्यान्वयनका आधारभूत संरचना भने बनेको पाइन्छ । जसले लोकतन्त्रलाई जिवित राखेको छ ।

## शासितका न्युनतम आधारभूत सुचकहरु

नेपाली समाजको लोकतान्त्रिक चरित्र बुझ्न पारिवारिक संरचनालाई हेरिएको छ। परिवार सानो संस्था हो भने राज्य ठूलो संरचना। कुनै पनि शासकको शोच, शैली र संस्कार पनि धेरै हदसम्म परिवारमै निर्माण हुन्छ। परिवारमा निर्णय कसरी लिइन्छ ? र त्यस्तो निर्णय सामुहिक हुन्छ , अथवा एकल ? परिवारका सदस्यहरु राजनीतिप्रति चासो राख्छन् , कि राख्दैनन् ? साथै जनहितकारी काम गर्न नसकेका जनप्रतिनीधीहरुलाई दास्रो पटक मौका दिन्छन् कि दिदैनन् ? आफ्नो भोट खसाल्न परिवारका सबैजना स्वविवेकले निर्णय लिन सक्ने अवस्थामा छन् कि छैनन् ? परिवारले उँचनीचको भावना वा जाति व्यवसस्था र छुवाछुतमा विश्वास गर्छन्  कि गर्दैनन् ? लगायतका विविध पाटाहरु केलाउने प्रयत्न भएको छ यो अध्ययनमा। शासितहरुको लोकतान्त्रिक चरित्रलाई  बुँदागत रुपमा यसरी प्रस्तुत गरिएको छ :

## सामुहिक निर्णय प्रकिया

सामुहिक निर्णय प्रक्रियाले लोकतन्त्रलाई समृद्ध तुल्याउँछ। र त्यसको अभ्यास हुने पहिलो संस्था परिवार हो।

तर अधिकाँशतः नेपालका परिवारहरु एकल निर्णयबाट चल्दछन्। घरमूलीले निर्णय गर्दछ र परिवारका अन्य सदस्यहरु त्यसको पालना गर्दछन्। स्रोत साधनको परिचालन पनि अधिकाँसतः घरमूलीले गर्दछन् वा घरमूलीको चाहनाबमोजिन परिचालन हुन्छ।

यसरी हेर्दा लोकतन्त्रको अभ्यास हुने पहिलो संस्था परिवारमा लोकतन्त्रको प्रभावकारी कार्यान्वयन हुदैन।

## समानताः जातीय र लैङ्गिक

अवसर र परस्पर सम्मान वा भनौं सम्मानपूर्वक बाँच पाउने कुरामा समानता लोकतन्त्रको प्रमुख विशेषता हो। जहाँ असमानता हुन्छ त्यस्तो व्यवस्थालाई लोकतन्त्र मान्न सकिदैन।

नेपालका अधिकाँश परिवारहरुमा पुरुष घरमूली छन्। र परिवारका निर्णयहरुमा पनि उनीहरुकै बोलवाला हुन्छ।

त्यस्तै अझै पनि दलीतप्रतिको गैरदलितहरुको असमान व्यवहारमा पनि आमुल परिवर्तन आएको छैन । क्रमिक सुधार हुँदै छ तर असमानताका केही अवशेषहरु बाँकी नै छन् ।

नियम कानूनमा जातीय र लैङ्गिक विभेद अवैधानिक भए पनि व्यवहारमा भने यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । समाजमा असमानता जुनसुकै तहमा रहे पनि असमानता छ भने त्यो व्यवस्थालाई लोकतान्त्रिक मान्न सकिदैन ।

### मताधिकारको स्वतन्त्र र विवेकसम्मत प्रयोग

नागरिकहरुले आफ्नो मताधिकारको स्वतन्त्र र विवेकसम्मत प्रयोग गरी लोकतन्त्रलाई जिवन्त तुल्याउँछन् । नागरिकले आफूलाई मन परेको प्रतिनीधि छनोट गरी नीति निर्माण तहमा पुऱ्याउँछन् र त्यस्ता जनप्रतिनीधिले देश र जनताको हितमा नीति निर्माण गरी देशलाई अग्रगमन र समृद्धितिर डोऱ्याउँछन् भन्ने विश्वास गरिन्छ ।

तर नेपालमा मताधिकारको स्वतन्त्र र विवेकसम्मत प्रयोग हुदैन । कसलाई मतदान गर्ने भन्ने विषयमा घरमूलीले निर्णय गर्दछन् र त्यसको आधारमा घरका अन्य सदस्यले पनि मतदान गर्दछन् ।

यसरी मतदानका लागि जनप्रतिनीधिको छनोट गर्दा क्षेमतावान र इमान्दार प्रतिनीधि हेर्ने भन्दा पनि आफन्त, आफूले विगतदेखि समर्थन गर्दै आएको पार्टी लगायतका प्रतिनीधि हेर्ने चलन छ । यसलाई मताधिकारको विवेकसम्मत प्रयोग मान्न सकिदैन ।

वास्तवमा आवधिक निर्वाचनले लोकतन्त्रलाई जीवन्त तुल्याउँछ तर मताधिकारको स्वतन्त्र र विवेकसम्मत प्रयोग भएन भने त्यसलाई सम्पूर्ण रुपमा लोकतान्त्रिक अभ्यास मान्न सकिदैन ।

### जतप्रतिनीधिको निरन्तर निगरानी

लोकतन्त्रमा शक्तिका स्रोत जनता हुन् । जनताले आफूमा निहित सोही शक्तिको उपयोग गर्नका लागि आफ्ना प्रतिनीधिहरुलाई छनोट गरेका हुन्छन् । त्यस्ता जनप्रतिनीधिहरु सबै अवस्थामा जनताका आशा र अपेक्षामा खरो नउत्रिन पनि सक्छन् । अनि आफूले निर्वाचनमा गरेका प्रतिबद्धतामा कायम नरहन पनि सक्छन् । त्यस्तो अवस्थामा आफ्ना जनप्रतिनीधिहरु

के गर्दैछन् ? उनीहरुले के-के गरे र के-के गरेनन् ? यी कुरामा जनप्रतिनीधिको निरन्तर निगरानी गर्नु आम सर्वसाधारणको दायित्व हो ।

यस्तो निगरानीले जनप्रतिनीधिलाई जवाफदेही मात्रै बनाउँदैन, उनीहरु निर्वाचनको समयमा गर्न नसकिने कामको प्रतिवद्धता नगर्न समेत सजग रहन्छन् । तसर्थ आफूले म्यान्डेटसहित पठाएका आफ्ना प्रतिनीधिले गर्नुपर्ने कामहरु के-के गरेनन् ? र गर्ननहुने के-के गरे भनेर जानकारी राख्न आवस्यक छ। साथै त्यसको पछाडीका कारणको समेत खोज गर्न आवस्यक छ ।

तर नेपालमा भने आफ्ना जनप्रतिनीधिको निगरानी राख्ने प्रचलन कम छ । जनप्रतिनीधिलाई खुल्ला छाड्नु पनि लोकतन्त्रका लागि राम्रो होइन ।

# अध्याय ५.

# नेपालमा लोकतान्त्रिक संस्कार

***शासकहरुमा लोकतान्त्रिक मान्यता अनुरुपको सिद्धान्त, सिद्धान्त अनुरुपको बोली र बोली अनुरुपको व्यवहार देखिनुलाई नै वास्तवमा लोकतान्त्रिक संस्कार मान्न सकिन्छ ।***

हरेक शासकले राम्ररी बुझेका छन्, कि आफूलाई अलोकतान्त्रीक रुपमा प्रस्तुत गरेर आजको विश्वमा टिक्न मुस्किल छ। किनकि आजको विश्व लोकतन्त्रको नाममा एकिकृत छ। लोकतान्त्रिक मूल्य मान्यता सबैका साझा एजेण्डा बन्न पुगेका छन्। प्राय सबै देशहरुले अन्तराष्ट्रिय मञ्चहरुमा लोकतन्त्र प्रति आफ्नो आस्था र विश्वास प्रकट गरेका छन्। सन् १९६० को दशकदेखि विश्व समाजवाद र पुँजीवादका दुई ध्रुवमा विभाजित थियो। तर सन् १९९० मा वर्लिनको पर्खाल भत्कियो। दुई जर्मनीबीच एकिकरण भयो। तात्कालीन सोभियत संघको दवदवा कम भयो। अमेरिकाको प्रभाव बढेर गयो। त्यही समयदेखि विश्वमा उदार लोकतन्त्रको एकल प्रभुत्व कायम भयो। त्यसैले आजको विश्वमा लोकतन्त्र शब्द यतिधेरै मजबुत भएको छ। तर कतिपय अवस्थामा सिद्धान्त व्यवहारमा प्रतिविम्वित नहुन सक्छ। सिद्धान्त संस्कारमा रुपान्तरण नहुन सक्छ।

वास्तवमा हामीले कस्तो व्यवस्था अवलम्वन गरेका छौं ? भन्ने बुझ्नका लागि सिद्धान्त वा विचार हैन बरु संस्कार वा व्यवहारको कसीमा राखेर हेर्नुपर्ने हुन्छ। यसरी हेर्दा आजको विश्वमा लोकतान्त्रीक  भनेर दावी गरिने कतिपय व्यवस्थाहरु वास्तवमै लोकतान्त्रीक नै छन् त ? भन्ने प्रश्न उत्पन्न हुन्छ। यो प्रश्नको उत्तर खोज्नका लागि हामीले लोकतान्त्रीक संस्कार भनेको के हो ? भन्ने बुझ्न आवस्यक छ।

यहाँ लोकतान्त्रीक संस्कार भनेर प्राचीन ग्रीसको एथेन्स नगरमा अभ्यास गरिएको प्रत्येक्ष लोकतान्त्रिक र भारतीय उपमहाद्विपमा लिच्छवीकालीन समयमा अभ्यासमा रहेको संघ देखि आजको समयसम्म आई पुग्दा सम्मका विविध आयामहरुलाई यसको मापदण्डको रुपमा हेर्न खोजिएको छ। लोकतन्त्रका विविध मूल्य मान्यता र सिद्धान्तहरु केवल सिद्धान्तमा मात्रै देखा पर्दछन्, अथवा व्यवहारमा पनि प्रदर्सन भएका छन् ? के छ त वास्तविकता ? मुख्यतया यही कुरा बुझ्नका लागि यो अध्ययन गरिएको हो।

## ५.१. नेपालमा लोकतान्त्रिक संस्कार

*विगत लामो समय देखि सिद्धान्ततः नेपाल पनि एक लोकतान्त्रिक देश हो । वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापना भए पछिको ३० वर्षे पञ्चायती व्यवस्था वाहेकको समयमा नेपालमा प्रजातान्त्रिक शासन व्यवस्था नै रहेको पाइन्छ । अझ पछिल्लो समय अर्थात वि.सं. २०६३ पछि त गणतन्त्र सहितको लोकतन्त्र छ । यो त भयो सिद्धान्तको कुरा । संस्कारको कसीमा राखेर हेर्दा नेपालमा लोकतन्त्र छ त ? वास्तवमा  यही प्रश्नको जवाफ खोज्ने प्रयत्न गरिएको छ यो अध्ययनमा ।*

स्वतन्त्रता, समानता, शुशासन(जवाफदेहिता, पारदर्शिता, विधिको शासन), सामाजिक न्याय, आवधिक निर्वाचन, शक्ती पृथकीकरण नियन्त्रण र सन्तुलनको सिद्धान्त आदिलाई लोकतान्त्रिक मूल्य मान्यता मानिन्छ। नेपालमा लोकतन्त्रको नाममा अभ्यास गरिएको शासन व्यवस्था र नेतृत्वको चरित्रलाई आधार मानेर यहाँको शासन व्यवस्थाको वास्तविक स्वरुपलाई चित्रण गर्न खोजिएको छ ।

आजको विश्वमा जस्तोसुकै तानाशाह वा स्वैच्छाचारी शासकले पनि आफू र आफ्नो शासन व्यवस्थालाई सर्वाधिक लोकतान्त्रिक भएको बताउन चाहन्छ। अझ लोकतन्त्रमा विश्वास गर्नेहरु त झन पछि पर्ने कुरै भएन । त्यसैले आजको विश्वमा सबैले आफू र आफ्नो शासन व्यवस्थालाई लोकतान्त्रिक भनेर नै दावी गर्ने गर्दछन् । तर कतिपय लोकतान्त्रिक भनेर दावी गरिएका शासन व्यवस्थाहरु आवरणमा लोकतान्त्रिक जस्ता देखिए पनि व्यवहारमा अलोकतान्त्रिक पनि हुन सक्दछन् । त्यसैले नेपालमा लोकतन्त्रको नाममा सञ्चालनमा रहेको शासन व्यवस्थालाई वास्तवमै लोकतन्त्र मान्न सकिन्छ त ? यही तथ्य थाहा पाउनका लागि नै यो अध्ययन गर्न खोजिएको हो । अध्यनको औचित्य नै वास्तवमा नेपालमा लोकतन्त्र छ वा छैन ? छ भने कुन तहको लोकतन्त्र छ ? भन्ने कुरा पत्ता लगाउनु हो ।

## ५.२ विश्व इतिहास

पूर्वीय परम्परामा गौतम बुद्ध जन्मिनुभन्दा अगाडी देखि नै प्रचलनमा रहेको संघीय गणराज्यमा आधारित शासन व्यवस्थालाई लोकतन्त्रको प्रारम्भिक विन्दुको रुपमा चित्रण गर्ने गरेको पाइन्छ भने पश्चिमा मुलुकहरुमा इसापूर्व ५०८ देखि ५०७ को बीचमा प्रचीन ग्रीसमा प्रचलनमा रहेको नगर राज्य अर्थात सिटि स्टेट लाई लोकतन्त्रको प्रस्थान विन्दु

मानिन्छ । तर आजको विश्वमा पश्चिमा साहित्यको आधिपत्य रहेकाले होला एथेन्सको चर्चा बढी हुने गरेको पाइन्छ । तुलनात्मक रुपमा बुद्धिष्ट संघको अध्ययन अनुसन्धान समेत कम भएको पाइन्छ। सायद यसैले होला प्राचिन एथेन्समा प्रचलनमा रहेको सिटि स्टेटको अवधारणाले बढी व्यापकता र मान्यता पनि पाएको देखिन्छ ।

भारतीय उपमहाद्वीपमा बुद्धको समयभन्दा अघि देखि नै संघीय गणराज्यको व्यवस्था थियो । त्यस्ता राज्यहरुमा राजा(शासक) लाई जनताले प्रत्येक्ष रुपमा चुन्ने परम्परा थियो । राज्यका विभिन्न तहहरुको व्यवस्था थियो। मुख्य अधिकार केन्द्रमा रहने भएता पनि विभिन्न तहहरुका बीच शक्ती र अधिकारको स्पष्ट रुपमा बाँडफाड गरिएको थियो । सबैले आफ्नो अधिकार क्षेत्रमा रहेर मात्रै काम गर्ने प्रचलनको अभ्यास गरिएको थियो। वैशाली , कपिलवस्तु लगायतका लिच्छवी, मल्ल, विज्जी लगायतका राजाहरुले यस किसिमको शासन व्यवस्थाको अभ्यास गरेको इतिहास पाइन्छ ।

त्यस्तै ग्रिसका नगर राज्यमा प्रत्येक्ष लोकतन्त्रको प्रचलन थियो। नगरमा वस्ने महिला र दासदासी तथा आप्रवासी वाहेकका सबै व्यक्तीहरु नागरिक(सिटिजन) कहलाउँथे । र शासन सञ्चालनमा प्रत्येक नागरिकको समान सहभागिता रहन्थ्यो। राज्यका महत्वपूर्ण निर्णय प्रकृयामा सहभागी हुनुलाई प्रत्येक नागरिकको अधिकारका साथै कर्तव्य समेत मानिन्थ्यो । त्यसैले अगोरा (प्राचीन एथेन्स नगरको नीति निर्माणको केन्द्रीय निकाय अर्थात अहिलेको संसद जस्तै निकाय ) मा सबै नागरिकको अनिवार्य सहभागितामा जोड दिइन्थ्यो। यो व्यवस्थालाई लोकतन्त्रको उत्कृष्ट नमूना मान्नेहरु पनि भेटिन्छन्, र महिला, दासदासी र आप्रवासीहरुलाई नागरिकको दर्जा दिन नसकेकोले पक्षपातपूर्ण व्यवस्था मान्नेहरु पनि छन् ।

सन् १२१५मा वोरोन भुमिपती र पादरीहरुको अग्रसरतामा वेलायतमा राजा जोनको स्वैच्छाचारी शासनको विरुद्ध भएको संघर्ष भयो । सन् १२१५ जुन १५ मा राजालाई झुकाएर तयार पारिएको म्याग्नाकार्टा अर्थात प्रथम मानव अधिकारको प्रथम बडापत्र लाई लोकन्त्र र विधिको शासन स्थापित गर्ने दिशामा भएको महत्वपूर्ण घटनाको रुपमा हेरिन्छ। मानव अधिकारको प्रथम दस्तावेज अर्थात म्याग्नाकार्टालाई आधुनिक लोकतन्त्रको जग हाल्ने कोशेढुङ्गाको रुपमा व्याख्या विश्लेषण गर्ने गरेको पाइन्छ । (*Hlynka,2015*)

मध्यकालको चरम शोषण, अन्याय, अन्ध राष्ट्रवाद, सामन्तवाद र अन्ध  धार्मिक रुढिवादी परम्परा र चर्चहरुको वोलवाला भएको अन्धकारपूर्ण समयबाट समाजलाई उठाउनमा इटालीबाट सुरु भएर पश्चिमा मुलुकहरुमा फैलिएको पुनर्जागरणको आन्दोलनको महत्वपूर्ण योगदान रह्यो। पुनर्जागरणको अभियानले सत्य तथ्यमा आधारित वैज्ञानिक र प्रामाणिक कुरामा मात्रै विश्वास गर्नु पर्ने मान्यता स्थापित गऱ्यो। युरोपको पुनर्जागरण अभियानले विश्वलाई नयाँ दिशा निर्देश गरी धेरै क्षेत्रको सुधारमा योगदान पुऱ्यानुका अतिरिक्त मुख्य रुपमा ***धर्म निरपेक्षता***को मान्यतालाई स्थापित गर्नमा यसको महत्वपूर्ण योगदान रहेको पाइन्छ ।

अमेरिकी स्वतन्त्रता संग्राम पछि आएको अमेरिकी संविधान र सन् १७८९ मा भएको फ्रान्सेली राज्य क्रान्तिले विश्वमा नयाँ चेतनाको विस्तार गरेको पाइन्छ। मन्टेस्क्यु, जिन ज्याक रुसो र भोल्तेयर जस्ता विद्वनहरुको वैचारिक धरातलमा खडा भएको फ्रन्सेली राज्य क्रान्तिले विश्वमा नयाँ चेतनाको सञ्चार गरायो। स्वतन्त्रता, समानता र भातृत्व जस्ता मान्यतालाई स्थापित गर्नमा यो आन्दोलनको विशेष भुमिका रह्यो।

## ५.३ नेपालमा लोकतन्त्र

नेपालमा वि.सं. २००७ फागुन ७ मा प्रजातन्त्र स्थापना भयो। नेपाली काँग्रेसको नेतृत्वमा भएको शशस्त्र क्रान्तिको परिणामस्वरुप राजा, राणा, र काँग्रेसबीचको त्रिपक्षीय दिल्ली सम्झौता भयो। सोही सम्झौता बमोजिम नेपालमा राणा शासनको अन्त र प्रजातन्त्रको स्थापना भयो।

भारतमा निर्वासित जीवन बिताइरहेका राजा त्रिभुवनले स्वदेश फर्किदा जनआकाँक्षा बमोजिक लोक अभिमतको आधारमा अगाडि बढ्ने उल्लेख गरेका थिए। सो अवसरमा उनले भनेका थिए-'अव उप्रान्त हाम्रा प्रजाको शासन निजहरुले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरको गणतन्त्रात्मक विधान अनुसार होस् भन्ने हाम्रो इच्छा र निर्णय छ' (गिरी, २०६६)।

नेपाली काँग्रेसले यसलाई जनमत संग्रहको रुपमा व्याख्या गऱ्यो। तर त्यस्तो लोकअभिमत वा भनौं जनमत संग्रहलाई राजाले सत्ता प्राप्ति पस्चात आलटाल गर्दै गए (गिरी, २०६६)। वि.सं. २०१५ सालसम्म प्रजातान्त्रिक व्यवस्था खासै सुदृढ हुन सकेन। जनमत संग्रह त

भएन, तर  वि.सं. २०१५ सालमा आम निर्वाचन भयो। निर्वाचनमा नेपाली काँग्रेसको विजय भयो। कूल १०९ मध्ये ७४ सिटमा विजय हासिल गरेको काँग्रेसले दुई तिहाई बहुमत सहितको सरकार निर्माण गर्‍यो। वि.पि.को नेतृत्वमा गठन भएको सो सरकार महिला, मधेसी, मुस्लिम आदि पक्षको सहभागिताको आधारमा आजसम्मकै सबैभन्दा समावेसी र समानुपातिक मानिन्छ।

वि.सं. २०१७ पुष १ गतेको शाही घोषणा मार्फत राजा महेन्द्रले जननिर्वाचित सरकारलाई अपदस्त गरी सम्पूर्ण शासन सत्ता आफ्नो हालमा लिए। त्यसपछिको ३० वर्ष अर्थात वि.सं. २०४७ सम्म एकतन्त्रीय पञ्चायती शासन कायम रह्यो। २०४७ सालमा प्रजातन्त्र पुनर्वहाली भयो। वि.सं. २०६२ /०६३ को जन आन्दोलन र माओवादी युद्धको बलमा राजतन्त्र फालियो। देशमा गणतन्त्र आयो।

अहिले नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा छ। विश्वमा लोकतन्त्रलाई मजबुत पार्ने गरी आएका विविध मूल्यमान्यतालाई नेपालले स्विकार गरेको पाइन्छ। नेपालको संविधानमा लोकतन्त्रप्रति गहिरो आस्था दर्साइएको छ। तर सैद्धान्तिक रुपमा दावी गरिए वमोविम व्यवहारमा पनि लोतन्त्र पाइन्छ त ? यो बुझ्नका लागि माथि उल्लेख गरिएका लोकतान्त्रीक मूल्य मान्यताहरु शाशक र शासितमा प्रतिविम्वित भए कि भएनन् भनेर हेर्न खोजिएको छ।

## ५.४   लोकतन्त्र : अवसर, संस्कार, व्यवहार, अनुशासन

लोकतन्त्रलाई धेरैले राज्यको संरचनामा हेरे। संस्थागत स्वरुपमा हेरे। नीतिगत व्यवस्थामा हेरे। लोकतान्त्रीक संरचना अनि संविधान लोकतन्त्रका आधारभूत तत्व हुन्। तर यो मात्रै सबैथोक होइन। संरचनासँगै संस्कार समेत जोडिएर आउनुपर्दछ।

लोकतन्त्रलाई समृद्ध बनाउनमा केही अलिखित कुराहरु, केही अघोषित कुराहरु, केही संरचनाविहिन कुराहरुको पनि त्यत्तिकै महत्व हुन्छ , जति मूर्त रुपमा देखिने भौतिक र संचनात्मक तथा संगठनात्मक स्वरुपको। र त्यो तत्व भनेको संस्कार हो। व्यवहार हो।त्यस्तो संस्कार अलिखित हुनसक्छ, अव्यक्त हुनसक्छ। अमूर्त हुनसक्छ। तर समाजमा एउटा वलियो आस्थाको रुपमा विकसित हुदै आएको हुन्छ। यही तत्वले नै वास्तवमा कुनै पनि व्यवस्थालाई स्थापित गर्ने र त्यसलाई जोगाई राख्ने काम गरेको हुन्छ।

कुनै पनि व्यवस्था आउनका लागि, विकसित हुनका लागि र त्यो टिकिरहनका लागि त्यहाँका शाशक र शाशितहरुमा सो व्यवस्थाप्रति गहिरो आस्था र विश्वास हुन आवश्यक छ । र सो व्यवस्था आफ्नो मूलभूत आदर्शवाट विचलित हुन खोज्दा त्यो प्रतिकुलताको शशक्त प्रतिकार गरी व्यवस्था जोगाई राख्ने सामर्थ्य समेत हुन आवस्यक छ ।

अहिलेको विश्वको मुख्य समस्या नै यही हो कि अहिले राजनीतिक व्यवस्थाको देखाइने आवरण र आवरण भित्रको वास्तविक स्वरुपमा धेरै भिन्नता छ । लोकतन्त्रको नाममा अर्कै व्यवस्था चलेको अहिले कतिपय व्यवस्थाहरु आवरणमा अर्कै देखिन्छन्, भने सारमा तिनीहरु विल्कुलै भिन्न रहेको देख्न सकिन्छ ।

लोकतान्त्रीक संस्कारको अभावमा लोकतन्त्रले पनि सहि तरिकाले काम गर्न नसकेका गुनासाहरु दिनानुदिन बढ्दै गइरहेका छन् । शाशकहरुले लोकतन्त्रको नाममा अर्कै व्यवस्था चलाए । त्यसैले विश्वभरी नै आक्रोश छ । निरासा छ । ठगिएको अनुभूति छ ।व्यवस्थाले सही तरिकाले काम गर्न नसकेको अवस्थाको फाइदा उठाएर कतिपय लोकप्रियतावादीहरुले त्यसको फाइदा उठाएका छन् । कतिपय अधिनायकवादीहरु लोकप्रिय नारा दिएर सत्ता हत्याउन सफल भएका छन् । यास्सा मंक *(मंक , २०१८)* ले विश्वव्यापी रुपमा देखिएको यही निरासाजनक अवस्थाको चित्रण यसरी गरेका छन् :

*नागरिकहरुमा लामो समयदेखि राजनीतिप्रति मोहभंग हुदै आएको छ । अहिले उनीहरुमा वेचैनी, आक्रोस र अझ घृणाभाव विकसित भएको छ । लामो समयदेखि पार्टी प्रणाली जमेर रह्यो, तर अहिले विश्वभरी नै अधिनायबादी लोकप्रियताबादीहरु उदाउँदैछन् । अमेरिका देखी युरोपस सम्म, एसियादेखि अष्ट्रेलिया सम्म । मतदाताहरुमा निस्चित पार्टी, राजनीज्ञहरु र सरकारप्रति गहिरो असन्तोस छ । अहिले धेरै नागरिक उदार लोकतन्त्रप्रति विरक्त ( थकित)भएका छन् (मंक , २०१८)*

लोकतन्त्रले सहि तरिकाले काम गर्न नसक्दा नै वास्तवमा विश्वव्यापी रुपमा यो व्यवस्थाप्रति वितृष्णा पैदा भएको हो । यदि संस्थागत स्वरुप निर्माण गरेर मात्रै र लोकतान्त्रिक संविधान निर्माण गरेर मात्रै वा समग्रमा भन्नुपर्दा लोकतान्त्रिक राज्य संरचना निर्माण गरेर मात्रै त्यसैलाई लोकतन्त्र मान्ने अवस्था भन्दा एक कदम अगाडी बढेर संस्कारमा लोकतन्त्र खोजिन्थ्यो भने यस्तो अवस्था सिर्जना हुने थिएन । लोकतन्त्रले

नागरिकहरुमा स्वभावैले धेरै आशा र अपेक्षा जगाउँछ। तर सो आशा र अपेक्षा पूरा नहुदा पनि नागरिकहरु निरास हुन्छन्। तर अहिले विश्वव्यापी रुपमा देखापरेको निरासा भनेको शाशकहरुको वोली र व्यवहारमा एकरुपता नदेखिनू, उनीहरु लोकतन्त्रका नियमहरुप्रति इमान्दार नदेखिनू, र लोकतन्त्रको पूर्ण रुपमा पालना नहुनुले सिर्जना गरेको छ।

अहिलेको उदार लोकतन्त्रप्रति नागरिकहरुमा अरुची हुदाहुदै पनि र यो व्यवस्थाप्रति चरम वितृष्णा हुदाहुदै पनि यसको अस्तित्व कायम छ। किन त ? किनकि यसको उपयुक्त विकल्प देखा परेको छैन। अहिलेसम्म प्रयोगमा आएका सबै राजनैतिक व्यवस्थाहरुमध्ये लोकतन्त्र नै उत्कृष्ट व्यवस्था हो। त्यसैले यसका केही सीमितताको बावजुद यो व्यवस्थालाई नागरिकहरुले अंगालिरहेका छन्।

> *उदार लोकतन्त्र सफल रहनुको एउटा कारण यो पनि हो कि यसको शशक्त विकल्प फेला परेको छैन। मार्स्कवाद(कम्युनिजम) फेल भइसक्यो। इस्लामिक राज्यप्रति मध्यपूर्ववाहेकका अन्य राज्यहरुमा न्युन समर्थन छ। चाइनाको फरक किसिमको पूँजीवादी राज्य व्यवस्था पनि कम्युनिष्ट विचारधाराको व्यानरमुनी छ। जसको इतिहासलाई यसको इतिहास नै अनावस्यक लाग्ने देशहरुले स्विकार गर्नेछैनन्। यिनै कारणहरुले उदार लोकतन्त्रको अस्तित्व कायम छ। (मंक , २०१८)*

अहिले लोकतन्त्रप्रति हाम्रो जस्तो गरीव मुलुकमा मात्रै होइन, विकसित देशहरुमा समेत संकट पैदा हुदै गएको छ। ***यास्सा मंकले*** अमेरिकामा गरेको एक अनुसन्धान अनुसार : सन् १९९० मा १६ मा एकजना अमेरिकीले मात्रै सैन्य शासनलाई लोकतन्त्र भन्दा राम्रो मान्दथे भने अहिले(२०१८मा) छ जनामा एकजनाले सैन्य शासनलाई राम्रो व्यवस्था मान्दछन्। (मंक , २०१८,)

यो अध्ययनले लोकतन्त्रप्रति नागरिकको आश्था र विश्वास घट्दै गएको देखाउँछ। यस्तो अवस्था किन आयो त ?किनिकि लोकतन्त्रप्रति नागरिकका जुन आशा र अपेक्षा थिए, ती पूरा हुन सकेनन्। किनकि लोकतानित्रक नेतृत्वबाटै लोकतन्त्रका आधारभूत मान्यतामाथि प्रहार हुन थाल्यो। किनकि लोकतान्त्रिक विधि र प्रक्रियाबाट शत्तामा पुगेका शासकहरु लोकतन्त्रको दायरा नाघेर काम गर्न उद्यत देखिए।

जर्मनीमा एडोल्फ हिटलर, ब्राजिलमा गेटुलियो भर्गास, पेरुमा अल्बर्टो फुजिमोरी, भेनेजुयलामा ह्युगो चाभेज आदि एउटै तरिकाले सत्तामा आएका हुन । त्यो हो लोकतान्त्रिक विधी र प्रक्रिया । अर्थात निर्वाचनको माध्यमबाट । यिनीहरु लोकप्रिय थिए । यिनीहरुको त्यही लोकप्रियताको फाइदा उठाउनका लागि ती देशका शक्तीशाली पार्टीहरुले यिनीहरुसङ्ग सहकार्यको हात बढाए । जनताको मतको बलमा यिनीहरु सत्तामा स्थापित भए । र अन्ततः संविधान र संवैधानीक संस्थाहरुलाई कमजोर तुल्याउदै र विरोधीहरुलाई विभिन्न वहानामा विभिन्न तरिकाले तह लगाउदै आफ्नो अधिनायबादी स्वरुप देखाए । त्यसैले अहिलेको समयमा साम्यवाद, सैन्यवाद र अन्य किसिमका सत्ता कायापलटका घटना भन्दा पनि लोकतन्त्र लोकतन्त्र भित्रैबाट खतरामा छ । लोकतन्त्रका सम्पूर्ण नियमहरुको पालना गरी शत्तामा पुगेकाहरुको महत्वाकाँक्षाबाट बढी खतरामा छ , आजको लोकतन्त्र ।

कतिपय देशका नागरिकलाई त आफ्नो देशको लोकतन्त्र खतरामा परेको समेत थाहा हुदैन । उनीहरुलाई संकट गहिरिदै गएपछि मात्रै जानकारी हुन्छ । त्यसैले संकटको घण्टि बजेको थाहा नपाउदा पनि कतिपयलाई आफ्नो देशमा लोकतन्त्र नै छ भन्ने भ्रम हुनसक्छ ।

भेनेजुयलामा पनि त्यस्तै भयो । भेनेजुयलामा अधिनायकबादी शासनकालमा अर्थात् सन् २०११ मात्यहाँकाजनताहरुलाई आफ्नो देश कत्तिको लोकतान्त्रिक लाग्दछ भनेर एक अध्ययन गरियो । सो अनुसन्धानका दौरान अंक १ (यो देश कत्ति पनि लोकतान्त्रिक छैन भन्नेका लागि) देखि अंक १० (यो देश पूर्ण रुपमा लोकतन्त्र छ भन्नेका लागि) सम्म निर्धारण गरिएको थियो । यो अध्ययनको नतिजा भने आश्चर्यजनक थियो । करिव५१ प्रतिशतभन्दा बढी नागरिकहरुले सो देशको लोकतन्त्रलाई ८ अंक वा सो भन्दा पनि बढी अंक दिए । किनकी त्यहाँ कुनै किसिमको अभियान चलेको थिएन । न सत्तापलट भयो । न त सैन्य कानून नै लागू गरियो । त्यस्तै न संविधान नै खारेज गरियो । कुनै पनि सीमा नाघिएको जस्तो देखिएन । त्यसैले त्यहाँका नागरिकहरुले आफ्नो देशको लोकतन्त्रलाई उत्कृष्ट अंक दिए । (लेभिस्की र जिब्लाट, २०१८)

अहिलेको विश्वमा राजनीति बाहिरका कुनै वाह्य तत्वहरुबाट लोकतन्त्रमाथि खतरा उत्पन्न भएका घटनाहरु विरलै भेटिन्छन् । अहिलेको लोकतन्त्रमाथि राजनीति भित्रकै व्यक्तिहरुबाट खतरा उत्पन्न भएको पाइन्छ । लोकतान्त्रिक विधी र प्रक्रियामा सहभागीहरुबाटै यसमाथि खतरा उत्पन्न हुन्छ । महत्वाकाँक्षी शासकहरु शत्तामा पुगेपछि यसका नियमहरु मान्न

छाड्डछन् । विभिन्न तौरतरिकाले लोकतान्त्रिक संस्थाहरुलाई कमजोर बनाउने र सरकारको प्रभावमा राख्ने काम गर्दछन् । त्यस्तै अदालत र सञ्चार माध्यमलाई समेत प्रभाव र दवावमा राखी आफ्ना हरेक खराव कदमलाई समेत सहि सावित गर्ने प्रयत्न गर्दछन् । त्यस्तै आफ्नो विरुद्धमा आवाज उठाउनेहरुलाई विभिन्न आरोप लगाई जेल हाल्ने, देश निकाला गर्ने लगायत विभिन्न तरिकाले प्रताडित गर्दछन् ।

हंगेरीमा प्रधानमन्त्री भिक्टर अर्वानले सन् २०१० मा विजय प्राप्त गरेपछिलेखा परीक्षण सम्वन्धी कार्यालय, अम्बुड्सम्यान(नेपालको अख्तियार जस्तै) को कार्यालय, केन्द्रीय तथ्यांक विभागलाई नाममात्रका स्वतन्त्र संस्थाहरुमा सीमित राखेको थिए । त्यस्तै संवैधानिक अदालतलाई राजनैतिक भागबण्डाको केन्द्र बनाएका थिए । यसरी उनले त्यहाँको लोकतन्त्रमाथि प्रहार गरे । तर यी सबै कार्यलाई संविधानसंम्मत देखाउने भरपूर प्रयत्न गरे ।

त्यस्तै पेरुका शाशक फुजिमोरीका सल्लाहकार भ्लादिमिरो मोन्टेसिनोजको प्रत्येक्ष निगरानी र निर्देशनमा त्यहाँको इन्टेलिजेन्स सेवाले सयौं विपक्षी राजनीतिज्ञहरु, न्यायाधीसहरु, सभासदहरु, उद्योगी व्यवसायीहरु, पत्रकार आदिको भिडियो रेकर्ड गरेका थिए । त्यस्तै विभिन्न सम्पादकहरुलाई घुस दिने र लिने काम गर्नुका अतिरिक्त सम्पादकहरुलाई विभिन्न वेश्यालयमा पुऱ्याउने तथा अन्य थुप्रै अनुचित काममा अल्झाएर त्यसको भिडियो रेकर्ड गरी उनीहरुलाई ब्ल्याकमेल गर्न तिनै भिडियोहरु  प्रयोग गरेका थिए ।

त्यस्तै ३ सदस्यीय संवैधानीक ट्रिब्युनलमध्ये २ जना न्यायाधीसलाई मासिक रुपमा पैसा दिन्थे । मासिक तवल जस्तै दिइने सो रकम गोप्य रुपमा उनीहरुको घरमै पुऱ्याउने व्यवस्था गरिएको थियो । यसरी कसैलाई आश त कसैलाई त्रासमा राखेर फुजिमोरी शत्तामा टिकिरहे ।

हंगेरीका शासक भिक्टर अर्वानले ८ सदस्यीय संवैधानीक अदातललाई विस्तार गरी १५ सदस्यीय बनाए । र न्यायाधीस नियुक्ती सम्बन्धी नियमहरु समेत फेरबदल गरे । यसरी उनले न्यायाधीकरण (ट्रिब्युनल)मा दुई तिहाई बहुमत आफ्नो पक्षमा पारे ।

भेनेजुएलाका शाशक ह्युगो चाभेजलेसन् १९९९ मा अदालत सहितका विभिन्न राज्य संयन्त्र तथा संस्थाहरुको अधिकार सीमित पार्नेगरी संविधानसभाको निर्वाचन गरे । त्यसको दुई महिनापछि सर्वोच्च अदालत नै खारेज गरिदिए । र त्यसको ठाउँमा नयाँ सर्वोच्च न्यायाधीकरण (ट्रिब्युनल)न्यायको व्यवस्था गरे ।

यति मात्रै होइन। सन् २००० को मध्यतिर ह्युगो चाभेज सरकारले त्यहाँको प्रशिद्ध ग्लोबोभिजन टेलिभिजनका सञ्चालकमाथि आर्थिक अनियमिता गरेको आरोपमा अनुसन्धान थाल्यो। त्यसपछि ग्लोबोभिजनका मालिक सरकार मैत्री व्यवसायी बने। यसको असर अन्य च्यानलहरुमा समेत पऱ्यो। देशको प्रशिद्ध समाचार च्यानलमाथि भएको आक्रमणबाट तर्सिएर देशकै अर्को ठूलो च्यानल भेनेभिजनले समेत विहानको समयमा प्रसारण गर्दै आएको राजनीतिक कार्यक्रम बन्द गर्ने निर्णय गऱ्यो। यो टेलिभिजन राजनीतिक अन्तर्वार्ताहरुको स्थानमा ज्योतिश विज्ञान सम्वन्धी कार्यक्रमहरु चलाउन थाल्यो।

यो त भयो , लोकतान्त्रिक संस्थाहरुको कुरा। कतिपयले लोकतान्त्रिक संविधानलाई पनि लोकतान्त्रिक व्यवस्था मान्ने गरेको पाइन्छ। लोकतान्त्रिक संविधान हुनुलाई लोकतन्त्रका लागि आधार तयार भएको मान्न सकिन्छ तर लोकतान्त्रिक संविधान हुनुलाई नै लोकतन्त्र मान्न भने सकिदैन। किनकि यदि लोकतान्त्रिक शासक नहुने हो भने, लोकतान्त्रिक समाज नहुने हो भने र लोकतान्त्रिक संस्कार नहुने हो भने संविधान मात्रैले काम गर्दैन। संविधान फेरिन समय लाग्दैन। त्यसैले संविधान आफैमा लोकतन्त्र होइन। यो त लोकतन्त्रलाई दिशानिर्देश गर्ने एक माध्यम मात्र हो।

सन् १९१९ मा निर्मित जर्मनीको वेइमर संविधान [weimar constitution] लाई त्यो समयको उत्कृष्ट संविधान मानिन्थ्यो, जुन लव्ध प्रतिष्ठित संविधानविदहरुले  निर्माण गरेका थिए। जसले विभिन्न मौलिक हकका अतिरिक्त विधिको शाशनलाई प्रमुखताका साथ प्रत्याभुत गरेको थियो। तर त्यो संविधानले जर्मनीको लोकतन्त्रलाई जोगाउन सकेन। न त त्यहाँको विधिको शासनलाई नै। सन् १९३३ मा हिटलरले ती दुवै व्यवस्था खारेज गरी नाजीवादको सुरुवात गरे।

त्यस्तै सन् १८५३ को अर्जेन्टिनाको संविधानको दुई तिहाई भाग अमेरिकी संविधानबाट लिइएको थियो। त्यही अर्जेन्टिनामा सन् १९३० र १९४३ मा सैन्य विद्रोह भयो। र त्यसपछि लगातार ३ कार्यकाल पिरोनको लोकप्रिय अधिनायकवाद चल्यो। सन् १९४५ देखि १९७३ सम्म। अर्थात उनको मृत्यु नहुदा सम्म।

सन् १९३५ को फिलिपिन्सको संविधान अमेरिकी संविधानको हुवहु फोटोकपी जस्तै थियो। जसमा विभिन्न मौलिक हकहरु, शक्तीको पृथकिकरण लगायतका व्यवस्थको अतिरिक्त

बढीमा दुई कार्यकालका लागि मात्रै राष्ट्रपति निर्वाचित हुन पाउने व्यवस्था समेत थियो । तर राष्ट्रपती फर्डिनान्ड मार्कोसले आफ्नो दोस्रो कार्यकाल समाप्त भएसङ्गै १९७२ मा सैन्य कानून लागू गरे ।

त्यसैले आजको विश्वमा चिली, अर्जेन्टिना, ब्राजिल, घाना, ग्रीस, ग्वाटेमाला, नाइजेरिया, पाकिस्तान, पेरु, थाइल्याण्ड, टर्की, उरुग्वे आदिमा सत्तापलट बाट जसरी अधिनायकवाद आयो त्यो भन्दा फरक स्वरुपमा देखिन्छ अधिनायकवाद । अहिलेका अधिनायकवादी सोच पालेकाहरु लोकप्रिय नारा लिएर अगाडी आउँछन् । समाजलाई नयाँ दिशा दिने सपना बाँड्छन् । लोकतन्त्रलाई सुदृढ पार्ने प्रतिबद्धता गर्दछन् । ध्रुविकरणको राजनीति गरी मतदाताहरुलाई लठ्ठ पार्दछन् । र सत्तामा पुग्दछन् । तर जुन लोकतन्त्रलाई सुदृढ पार्ने प्रतिवद्धता सहित सत्तामा पुगेका थिए त्यही लोकतन्त्रलाई कमजोर पार्ने र लोकतान्त्रिक संस्थाहरुलाई प्रभावहिन बनाउने काममा लाग्दछन् ।

ह्युगो चाभेज चुनावी मैदानमा हुदा उनको गृहनगरको चनावी सभालाई संवोधन गर्दै उनकी एक महिला कार्यकर्ताले भनेकी थिइन, -***लोकतन्त्र संक्रमित भएको छ र यसका एकमात्र एन्टिबायोटिक ह्युगो चाभेज हुन् ।*** (स्टेभिन लेभिस्की र डेनियल जिब्लाट २०१८)

लोकतन्त्र एउटा अनुशासन पनि हो । जापानी मुलका प्रोफेसर फुजिमोरीमा अधिनायकबादी बन्ने चाहना थिएन । उनी केवल सिनेटको सदस्य बन्न चाहन्थे । तर कुनै पनि पार्टीले उनलाई त्यसको लागि छनोट गरेनन् । त्यसबाट आहत भएर उनले आफ्नै राजनीतिक पार्टी खोले । र निर्वाचनको प्रक्रियाबाट सत्तामा पुगे । तर शत्तामा पुगेपछि उनले अनुशासन विर्सिए । र विस्तार विस्तारै अधिनायकवादतिर अग्रसर भए ।

## ५.५ नेपालमा लोकतन्त्र

नेपालमा अहिले लोकतन्त्रको नाममा अभ्यासमा रहेको शासनलाई लोकतन्त्र मान्ने कि नमान्ने ? भन्ने सन्दर्भमा नेपालमा मुख्यतया तीनओटा मत रहेको पाइन्छ ।

१. दलीय अधिनायकवाद छ, लोकतन्त्र छैन

२. पूर्णलोकतन्त्र छ

३. आंशिक लोकतन्त्र छ

## ५.६ दलीय अधिनायकवाद

नेपालको अहिलेको शासनपद्धतिलाई दलीय अधिनायकबाद मान्नेहरुले दलका नेताहरुको स्वैच्छाचरी स्वभावलाई आधार मानेका छन् । चाहे पार्टीका आन्तरिक निर्णयमा होस्, अथवा देशको वारेमा गरिने निर्णय नै किन नहोस्, दलका नेताहरु सामुहिक तथा सहभागीतामूलक निर्णयप्रक्रियाभन्दा स्वविवेकका निर्णयहरुमा बढी रमाउने गर्दछन् ।

साथै भिन्न विचार राख्नेहरुलाई निषेध गर्ने संस्कार छ । नेताहरुको यही स्वभावको कारण पनि उनीहरुका निर्णयहरुको खासै विरोध हुदैन । विरोध गर्दा विरोधी कित्तामा पर्नसक्ने खतरा र राजनीतिक जीवनमा नेतृत्वबाट अवरोध हुने त्रासले पनि नेताहरुमा **'एस् म्यान'** बन्ने स्वभाव विकसित हुन्छ ।

सारा देश र जनताको भाग्य र भविश्यको फैसला सीमित केही नेताहरुबीचको आपसी सहमतिको आधारमा गरिन्छ । र निर्णयाधिकार प्राप्त नेताहरु व्यक्तिगत, पारिवारिक, पार्टीगत र गुटगत स्वार्थबाट माथि उठ्न सकेका छैनन् । अधिकाँशतः मूल नेतृत्व ससाना स्वार्थबाट प्रेरित भएर आफ्ना गलत निर्णय समेत लाद्ने गर्दछ । यी र यस्तै कारणले गर्दा अहिले नेपालका लोकतन्त्रको नाममा सञ्चालनमा रहेको शासन व्यवस्थालाई दलीय अधिनायकबादको संज्ञा दिने गरिन्छ ।

### ५.६.१ पूर्ण लोकतन्त्र

नेपालमा अहिले सञ्चालनमा रहेको शासन व्यवस्थालाई पूर्ण लोकतन्त्र मान्नेहरुले यहाँ रहेको लोकतान्त्रिक संविधान, सो संविधानको आधारमा बनेका लोकतान्त्रिक संस्थाहरुलाई आधार मानेका छन् ।

नेपालमा लोकतान्त्रिक संविधान छ । संघीय, प्रेदेश र स्थानीय गरी तीन तहको सरकार छ । विभिन्न संवैधानीक संस्था तथा संवैधानीक आयोगको व्यवस्था गरिएको छ । यो संरचनात्मक स्वरुपलाई आधार मान्ने हो भने नेपालमा पूर्ण लोकतन्त्र छ भन्न सकिन्छ ।

### ५.६.२ आंशिक लोकतन्त्र

नेपालमा आंशिक लोकतन्त्र छ भन्नेहरुको मतमा यहाँ लोकतान्त्रिक संविधान तथा लोकतान्त्रिक संस्थाहरु छन् लोकतान्त्रिक संस्कार छैन । लोकतन्त्र भनेको आचरण पनि हो । तसर्थ संस्कारबिनाको लोकतन्त्रलाई वास्तवमा लोकतन्त्र मान्न सकिदैन। अहिलेको व्यवस्थालाई लोकतन्त्र भनिएको छ तर कतिपय अवस्थामा अधिनायकबाद र सामन्तवादका अवशेषहरु पाइन्छन्। यी र यस्तै विविध कारणले अहिलेको व्यवस्थालाई पूर्ण लोकतन्त्र मान्न सकिन्न ।

**नेताहरुको विचार**

मैले यो अध्ययनका दौरान नेपालको राजनीतिमा प्रभाव राख्ने केही महत्वपूर्ण व्यक्तिहरुलाई भेटेको थिएँ। नेताहरुको  धारणा लिँदा लोकतन्त्रलाई मुख्यतया ३ ओटा कोणबाट हेरिएको थियो ।

१. **लोकतन्त्र संरचना हो**
   - क. संविधान
   - ख. लोकतान्त्रि संस्थाहरु
   - ग. सरकार बन्ने प्रक्रिया

२. **लोकतन्त्र संकार हो**
   - क. नेताहरुको जीवनशैली
   - ख. शासितहरुको जीवनशैली

३. **लोकतन्त्र निरन्तर विकासको प्रक्रिया हो**
   - क. हिजोको तुलनामा आजको अवस्था
   - ख. आजको अवस्था हेरी भोलीको पूर्वानुमान

**मिश्रित प्रतिक्रिया**

नेपालको लोकतन्त्र प्रति नेताहरुमा मिश्रित धारणा पाइयो  । एकथरीको विचारमा नेपालमा लोकतन्त्रको राम्रो अभ्यास हुदैछ। जननिर्वाचित सरकारहरुले जनभावना र समयको माग

बमोजिम काम गर्दै आएका छन् । नेताहरुको आचरणमा केही समस्या छ तर लोकतन्त्रले देश विकासमा ठूलो योगदान पुऱ्याउदै आएको छ ।

उनीहरुका अनुसार नेपालमा लोकतान्त्रिक संविधान छ। लोकतान्त्रिक संस्थाहरु छन् ।स्वतनत्र र निस्पक्ष न्यायालयको व्यवस्था संविधानमा गरिएको छ। संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था छ। वालिग मताधिकार र आवधिक निर्वाचनको व्यवस्था गरिएको छ। यसरी हेर्दा नेपालमा सवल लोकतन्त्र छ। नेपालको संविधानको प्रस्तावनामा जनताको प्रतिस्प्रधात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, अवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्धता व्यक्त गरिएको छ ।

नेकपाका नेता तथा पूर्व प्रधान मन्त्री झलनाथ खनालको विचारमा नेपालको लोकतन्त्र उत्कृष्ट छ । उनको विचारमा चुनावी प्रकृया केही महङ्गो भएको भएको छ । ठूलो धनरासी विना टिकट पाउन र चुनाव जित्न कठिन हुदै गएको छ। खनालको मतमा नेपालको लोकतन्त्रको एकमात्र चुनौति यही हो । खनाललाई मैले तपाईले नेपालको लोकतन्त्रलाई र आफ्नो लोकतान्त्रिक चरित्रलाई नम्वर दिनुपऱ्यो भने कति दिनुहुन्छ ? भनेर सोधेको थिएँ । उनको जवाफ थियो-दुवैलाई विशिष्ट श्रेणी । नेपालको पछिल्लो राजनीतिक परिवर्तनसङ्ग जोडिएका अर्का नेता हुन्,-नेकपाका नेता एवं पूर्व सभामुख(संविधानसभा रहँदाका सभामुख) सुवास नेम्वाङ। नेम्वाङ पनि नेपालको लोकतन्त्र ठिक बाटोमा रहेकोमा विश्वास गर्दछन् ।शक्ती पृथकिकरण सन्तुलन र नियन्त्रण कायम रहने गरी न्यायपालिका, कार्यपालिका, विधायिका र अन्य स्वायत्त संस्थाहरुको स्थापना भएको पाइन्छ । यिनै विविध पक्षलाई लिएर नेपालमा उत्कृष्ट लोकतन्त्रको अभ्यास भइरहेको विचार राख्ने गरिन्छ ।

तर यो त संस्था र संरचनाको कुरा भयो । यत्ति कुरालाई मात्रै आधार मानेर पनि यो देशमा लोकतन्त्र छ भनेर ढुक्क भैहाल्ने स्थिति छैन । त्यसका लागि संस्कार पनि हेर्नुपर्ने हुन्छ । व्यवहार पनि हेर्नुपर्ने हुन्छ । जसरी पनि सत्तामा जाने र त्यहाँ पुगेर आफूखुसी निर्णय गर्ने संस्कार विकसित भएको पाइन्छ नेपाली शाशकहरुमा । त्यसैले दोस्रो थरिको विचारमा नेपालमा नाम मात्रको लोकतन्त्र छ। नाम मात्रका संस्थाहरु र नाममात्रको स्वायत्तता ।

नेताहरु सिद्धान्त भन्दा पनि सत्ता र स्वार्थ केन्द्रित भएर काम गर्दै आएका छन् । विर्वाचन हुनुलाई मात्र लोकतन्त्र मान्न सकिदैन । नेताहरुमा लोकतान्त्रिक आचरण समेत देखिनु पर्दछ । जुन नेपाली नेताहरुमा विरलै पाइन्छ ।

यस्तो आरोप लगाउनेहरुले नेताहरुको भड्किलो जीननशैली , अपारदर्शी र केद्रीकृत कार्यशैली, नीति र विधि विपरितका आचरण आदि पक्षलाई लिएर प्रहार गर्ने गरेको पाइन्छ । आलोचकहरुले नेताहरुको यस्तो कार्यशैलीलाई लोकतान्त्रिक कम र अधिनायकवादी बढी भएको भनेर चित्रण गर्ने गरेको पाइन्छ ।

नेपाली काँग्रेसका नेता प्रदिप गिरी नेपालमा अहिले अभ्यासमा रहेको शासन व्यवस्थालाई लोकतन्त्र मान्न नै तयार छैनन् । गिरीका अनुसार-नेपालमा लोकतन्त्रको आवरणमा अधिनायकवादी चरित्र देखापरेको छ । स्वैच्छाचारी र निरंकुशतामा रमाउने संस्कार हावी भएको छ । नेताहरुमा सामुहिक निर्णय प्रक्रिया भन्दा पनि व्यक्तिवादी चरित्र हावी भएकोले यसलाई लोकतान्त्रिक संस्कार मान्न नसकिने उनको बुझाई छ ।गिरीलाई मैले नेपाली नेताहरुको चरित्र अलिअलि अधिनायकवादी लाग्दैन भनेर सोधेको थिएँ । गिरीको उत्तर थियो-“अलिअलि होइन पुरै अधिनायकवादी चरित्र देखिन्छ । संविधान नमान्नुलाई अधिनायकवाद मानिन्छ । यहाँ संविधानको पालना भएको पाइदैन । व्यवस्थापिका र न्यायपालिका लगायत स्वायत्त रहनुपर्ने अन्य संस्थाहरु समेत कार्यपालिकाको छायाँ जस्तो भएको देखिन्छ । तर यहाँ यसैलाई प्रजातन्त्र भनिएको छ । मुख्य समस्या यही छ । लोकतन्त्रको नाममा यहाँ हुने भनेको एउटै चुनाव मात्रै हुन्छ । चुनावमा २०/२२ प्रतिशत मत (कूल खसेको मतको) ल्याएर सरकार बनाएपछि पाँच वर्षसम्म जे गर्दा पनि हुन्छ भन्ने मानसिकता छ । त्यसैले हामीले संविधान निर्माणमा पश्चिम(युरोप/अमेरिका)को नक्कल गर्‍यौं, तर हाम्रो व्यवहार राजा महेन्द्रले गरेजस्तै भयो । विल्कुलै परम्परागत र अधिनायकवादी चरित्र” ।

नेपाली काँग्रेसका नेता एवं पूर्व रक्षामन्त्री भिमशेनदास प्रधान पनि नेताहरुमा लोकतान्त्रिक चरित्र नदेखिएकाले जनतामा आक्रोस रहेको बताउँछन् । कतिपय अवस्थामा सार्वजनिक स्थानहरुमा जनप्रतिनीधिको पहिचान समेत लुकाउनु पर्ने अवस्था रहेको उनी बताउँछन् । लोकतान्त्रिक चरित्र नभएका नेताहरुको कारण राम्रा नेताहरु समेत मारमा परेको उनको बुझाई छ । गिरी र प्रधानको विचारमा नेपालको लोकतन्त्रलाई जोगाउन नेताहरुको

चरित्रमा सुधार ल्याउनुका अतिरिक्त व्यवस्थाभित्र धेरै चिरफार गर्न समेत आवस्यक छ। ताकि व्यक्ती राम्रो नभएको अवस्थामा पनि व्यवस्थाले आफै काम गरोस् ।

तर यसो भन्दैमा लोकतन्त्र केही दिन र केही छिनमै विकसित हुने अवधारणा पनि त होइन । र यो आफैमा पूर्ण व्यवस्था पनि होइन । यो त क्रमिक रुपमा विकसित हुदै जाने र नयाँनयाँ आयामहरु थपिदै जाने प्रणाली हो । यो एक निरन्तर अभ्यास हो ।अभ्यासबाट सिक्दै र सुधार हुदै जाने प्रकृया हो । त्यसैले कुनै पनि देशमा लोकतन्त्र छ कि छैन भन्ने भन्दा पनि त्यहाँ कुन तहको लोकतन्त्र छ भनेर हेर्नु उपयुक्त हुन्छ । त्यसैले तेस्रो थरिको विचारमा नेपालमा आंशिक लोकतन्त्र छ। केही समान्तवाद र अधिनायकवादका अवशेषहरु बाँकी छन् । तर यसको मतलव यहाँ लोकतन्त्र नै छैन भन्ने होइन। यस्तो मत राख्नेहरुको विचारमा लोकतन्त्र एक जीवन प्रणाली हो। यसमा निरन्तर सुधार भइरहन्छ। नयाँ आयामहरु थपिदै जान्छन् । र नयाँ स्वरुप ग्रहण गर्दै जान्छ । त्यसैले नेपालको लोकतन्त्रलाई लोकतन्त्र हो कि होइन भन्ने भन्दा पनि कुन तहको लोकतन्त्र हो भनेर हेर्नु उपयुक्त हुन्छ ।

नेकपाका नेता घनश्याम भुसाललाईमैले नेपालमा लोकतन्त्रको नाममा जुन शासन प्रणालीको अभ्यास भइरहेको छ , त्यसलाई लोकतन्त्र मान्न सकिन्छ कि सकिदैन ? भनेर प्रश्न गरेको थिएँ । भुसालको उत्तर थियो-“लोकतन्त्र आफैमा कहिल्यै पनि पूर्ण हुदैन । त्यही भएर यो वैज्ञानिक छ। पूर्ण हुने वित्तिकै त्यो धर्म हुन्छ। र विज्ञान भनेको अपूर्ण नै हो। लोकतन्त्र एक प्रक्रिया हो । यो प्रकृयाकै क्रममा सुध्रिदै जान्छ । हिजो भन्दा आज राम्रो गर्‍यौं कि गरेनौं भन्ने हो । यो ऐनामा मात्रै लोकतन्त्रलाई हेर्न सकिन्छ। आज भन्दा भोली राम्रो हुने कुराको सुनिस्चितता छ कि छैन भनेर हेर्न सकिन्छ। त्यस हिसावले हेर्दा हामीले राम्रो गरेका छौं भन्ने मलाई लाग्दैन ”।

खनालले संरचनात्मक स्वरुपमा बढी जोड दिनु भएको छ। यहाँ लोकतान्त्रिक संविधान छ। बहुदलीय व्यवस्था छ। वालिग मताधिकार र आवधिक निर्वाचनको व्यवस्था छ। शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको लागि व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरिएको छ। विभिन्न संवैधानिक आयोग तथा अन्य स्वायत्त निकायहरुको समेत कानुनी रुपमा व्यवस्था गरिएको छ। यसरी संरचनात्मक दृष्टिले हेर्दा नेपालमा अहिले उत्कृष्ट लोकतन्त्रको अभ्यास भएको छ भन्न सकिन्छ ।

गिरीले संस्कारमा जोड दिएका छन् । नेपाली नेताहरु अपारदर्शी छन् । आत्मकेन्द्रित छन् । व्यवस्थापिका कार्यपालिकाको छायाँ जस्तो छ वा भनौं केवल आदेश पालक जस्तो छ । त्यस्तै न्यायपालिका पनि कार्यपालिकाको दवाव र प्रभाववाट मुक्त हुन सकेको छैन । साथै कुनै पनि स्वायत्त संस्थाहरुले स्वायत्त ढंगले काम गर्न पाएका छैनन् । यसरी संस्कारगत रुपमा हेर्ने हो भने नेपालमा लोकतन्त्र छ भनेर भन्न सकिने कुनै आधार देखिदैन ।

भुसालले विकास प्रक्रियालाई हेरेका छन् । वि.सं.२००७ साल अघि नेपालमा पहिले राणा शासन थियो । त्यसपछि राजासहितको प्रजातन्त्र आयो । वि.सं.२०१७ मा राजा महेन्द्रले प्रजातन्त्र समाप्त पारी निरंकुशतन्त्र ल्याए । २०४७ मा फेरी राजासहितको लोकतन्त्र पुनःस्थापित भयो । २०६३ मा राजारहितको लोकतन्त्र स्थापित भयो । जसलाई गणतन्त्र भनियो । यसरी घटनाक्रम विकसित हुदै हुदै गएर देश अहिलेको अवस्थामा आइपुगेको छ ।विश्वको इतिहासलाई नै हेर्ने हो भने पनि पहिले जंगलराजको अवस्था थियो । त्यसपछि क्रमशः सामन्तवाद, राजतन्त्र, कुलीन तन्त्र र प्रजातन्त्र हुदै समाज विकासको क्रम अगाडी बढेको पाइन्छ । कार्ल मार्क्सको भाषामा भन्ने हो भने मानव इतिहासको प्रारम्भमा आदिम साम्यवाद थियो । त्यसपछि क्रमशः दास, सामन्तवादी, पूँजीवादी र वैत्रानीक समाजवादी युग गरी समाज विकास भइरहन्छ ।

***सबल लोकतन्त्रका आधार*** शीर्षकमा १७कार्तिक २०७६ मा अन्नपूर्ण दैनिकमा लोकसेवा आयोगका पूर्व अध्यक्ष ***उमेशप्रसाद*** मैनालीको लेख प्रकासित भयो । लोकतन्त्रका विविध आयामवारे प्रकास पारिएको मैनालीको लेखमा लोकतन्त्रको अपरिहार्यताको सम्वन्धमा समेत चर्चा गरिएको छ । मैनालीका अनुसार लोकतन्त्र आफैमा पूर्ण व्यवस्था होइन तर आजको विश्वमा यो भन्दा राम्रो अर्को व्यवस्था नदेखिएकाले लोकतन्त्रको विकल्प छैनभन्ने आशय भएको यसरी व्यक्त भएको छमैनालीको लेखमा :

*प्रशिद्ध राजनेता तथा बेलायतका प्रधानमन्त्री चर्चिलका यी भनाई मननयोग्य छन् : 'कसैले पनि लोकतन्त्र पूर्ण छ भनेर ढाँट्न मिल्दैन, अहिलेसम्म प्रयोग भएको व्यवस्था हटाउँदा यो खराव व्यवस्था नै हो । लोकतन्त्रभन्दा राम्रो व्यवस्थाको आविस्कार हुन नसक्नुले यसको आकर्षण बढेको हो भन्न सकिन्छ । विश्वभर लोकतन्त्रका लागि रक्तपातपूर्ण र शान्तिपूर्ण आन्दोलन हुनुको कारण नियन्त्रणबाट मुक्त हुने चाहना र खुला आकाशमा विचरण गर्ने स्वतन्त्रता प्रेरणात्मक देखिन्छ ।*( **मैनाली २०७६**)

यी सबै कुरालाई ध्यानमा राखेर हेर्दा नेपालमा अहिले आंशिक लोकतन्त्र छ भन्न सकिन्छ । जुन अझै विकासको चरणमै छ ।

समग्रमा सिद्धमन्ततः नेपाल एक लोकतान्त्रिक देश हो । यहाँ लोकतान्त्रिक संविधान छ । संविधानमा स्वतन्त्रता, समानता, वालिग मताधिकार, आवधिक निर्वाचन,  विधिको शासन लगायतका लोकतानित्रक मूल्य मान्यता प्रति गहिरो आस्था प्रकट गरिएको छ । शक्ति पृथकीकरण, सन्तुलन र नियन्त्रणको स्पष्ट व्यवस्था गरिएको छ । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको बीचमा स्पष्ट रुपमा शक्तिको बाँडफाँड गरिएको छ । केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था छ । र यी तिनै तहका निकायहरुको भुमिका निर्दिष्ट गरिएको छ ।

यसका अतिरिक्त लोकतन्त्रलाई सुदृढ तुल्याउने किसिमका विभिन्न संवैधानिक आयोग तथा अन्य स्वायत्त संस्थाहरुको समेत व्यवस्था गरिएको छ । त्यस्तै मूलधारका सबै दलहरुले लोतन्त्रप्रति आफ्नो आस्था प्रकट गरेको पाइन्छ ।

यो त भयो सकारात्मक पाटो । यसको नकारात्मक पाटो पनि छ । हाम्रो शासन संयन्त्रले पूर्ण रुपमा पारदर्शिता र जवाफदेहितालाई अनुषरण गरेको पाइदैन । संसद सरकारको र दलका प्रभावशाली नेताहरुको प्रभावबाट मुक्त हुन सकेको देखिदैन । लोकतान्त्रिक संस्थाहरुले स्वतन्त्र रुपमा काम गर्न पाएका छैनन् । यिनिहरुलाई नियन्त्रित र निर्देशित गर्न खोजिन्छ । नेताहरुमा स्वविवेकी शक्तीको आधारमा निर्णय गर्ने गराउने प्रवृत्ति हावी भएको पाइन्छ । निर्णय प्रक्रियामा सहभागितामूलक चरित्र भन्दा पनि व्यक्तीवादी चरित्र हावी भएको पाइन्छ । यी र यस्तै खाले अन्य पनि कारणले नेपालको लोकतान्त्रीक अभ्यासमा केही अधिनायकवादी चरित्र समेत देखापर्दछ ।

नेपाली समाजमा अहिले पनि उँच नीचको भावना छ । वर्णाश्रम व्यवस्था अन्तरगतको जातीय व्यवस्था कायम छ । वर्ग विभेद कायम छ । यी र यस्तै कारणले सिद्धान्त भन्दा पर गएर संस्कारको आधारमा मापन गर्ने हो भने नेपालमा अभ्यास भइरहेको शासन व्यवस्थालाई पूर्ण रुपमा लोकतन्त्र मान्न सकिदैन । साथै यसलाई पूर्ण रुपमा लोकतन्त्र होइन भन्न सकिने अवस्था पनि छैन । त्यसैले यसका कुन कुन पक्षलाई लोकतान्त्रिक मान्ने ?र

कुनलाई नमान्ने ?अथवा नेपालको लोकतन्त्रलाई कुन तहको लोकतन्त्र मान्ने ?नेपाली लोकतन्त्रको अभ्यासमा अहिलेको अहम् प्रश्न यही हो ।

**शासकहरुको चरित्र चित्रण**

नेपालको अहिलेको अवस्था बुझ्नका लागि मैले पछिल्लो समय आएका केही कितावहरुको अध्ययन गरेको छु। साथै साउन पछि चार महिनाको अवधिमा नेपालका विभिन्न पत्रपत्रिकामा छापिएका लेख तथा समाचारको सहायता लिएको छु। कितावहरुबाट मैले नेपाली नेतृत्वको औषत चरित्र बुझ्ने कोशिस गरेको छु भने समाचार तथा विचारसहितका अखवार(अनलाईन पत्रिका सहित) का सामग्रीबाट अहिलेको शासन प्रक्रिया र नेताहरुको स्वभावको सम्वन्धमा विद्वानहरुको समसामयिक बुझाई जान्ने कोशिस गरेको छु।

नेपालको राजनीतिको चरित्रलाई बुझ्न मैले मुख्यतया तीनओटा प्रतिनीधि घटनाहरुलिएको छु। पहिलो वि.सं. २०५१ को मध्याधिक निर्वाचन पस्चातको गिरिजाप्रसाद कोइरालाको विश्लेषण, दोस्रो सुधीर शर्माले पहिलो संविधान सभा विघटन भएको दिन सांसदहरुको लाचार मनोदशाको विषयमा गरेको चित्रण, र तेस्रो पुर्व प्रधानन्याधीस शुशिला कार्कीले आफुमाथि महाअभियोग लाग्ने अवस्थाको वारेमा गरेको विश्लेषण ।

> *"६-६ महिनामा सत्ता समिकरण फेरियो। साढे चार वर्षको अवधिमा पाँचओटा सरकार बने। सरकार बनाउने र गिराउने खेलमा सांसदहरु रुमल्लिँदा संसदको महत्व र विश्वसनीयता कमजोर हुँदै गयो। सांसदहरुलाई भन्सार छुटमा महँगा गाडीहरु (पजेरो, प्राडो) ल्याउने सुविधा दिइयो। जसले सांसद र नेताहरुको बदनाम गराउने काम गर्‍यो"* (कोईराला, बि.सं.२०६७)।

वि.सं. २०५१ को मध्यावति निर्वाचन पछिको अवस्थालाई चित्रण गर्दै त्यो समयका नेपालको राजनीतिका एक मजबुत खेलाडी गिरिजाप्रसाद कोइरालाको अभिव्यक्तीले धेरै कुराको संकेत गर्दछ। यहाँको राजनीतिक संस्कारको वारेमा, नेताहरुको आचरणको वारेमा, पारदर्शिताको सम्वन्धमा र नेताहरुको वैचारिक धरातल र आचरणबीचको भिन्नताको सम्वन्धमा कोइरालाको यो अभिव्यक्तीले धेरै कुराहरु प्रष्ट पारेको छ।

अहिले पनि नेपालको राजनीतिमा यस किसिमका साम, दाम, दण्ड, भेदका नीति कायम रहेको देख्न सकिन्छ। संविधानसभा निर्वाचन भएको १० वर्षमा १० ओटा सरकार फेरिनू त्यसकै एक ज्वलन्त उदाहरण हो।

र यो खेलमा अग्रस्थानमा यिनै कोइराला थिए भन्ने गरिन्छ। जनतामा आफ्नो विचार लिएर जाने भन्दा पनि अरुलाई च्याँखे थाप्ने प्रचलन हावी भए सम्म लोकतन्त्र सुदृढ हुन सक्दैन। नेपालको लोकतान्त्रिक अभियानका लागि नेताहरुमा रहेको सत्तालोलुपताको भाव प्रमुख चुनौतिको रुपमा देखापरेको छ।

अहिले देशमा झण्डै दुई तिहाईको सरकार छ। बाहिरका दलबाट सरकारलाई कुनै खतरा छैन। तर यो अवस्थामा पनि सत्ता फेरवदलका लागि अनेक दाउपेच देखापर्दैछन्। प्रधानमन्त्री नै नफेरिए पनि मन्त्रीहरुको फेरवदल सामान्यजस्तै बनेको छ।

नेपालको पछिल्लो राजनीतिक घटनाक्रमलाई समेटिएको सुधीर शर्माको किताव प्रयोगशालाले नेपाली राजनीतिको धेरै अन्तर कुन्तर खोतल्ने कोशिस गरेको छ। नेपालको अहिलेको नेतृत्व वर्गको मिहिन चरित्र चि

नेपाली काँग्रेस आफ्नै दुई तिहाईको सरकार रहेको अवस्थामा मध्यावति निर्वाचनमा गएको घटना धेरै पुरानो भएको छैन। त्यो घटनालाई सत्तालिप्सा र सत्तास्वार्थको ज्वलन्त उदाहरणको रुपमा लिन सकिन्छ।

कान्तिपूर दैनिकका सम्पादक समेत रहेका शुधीर शर्माले आफ्नो किताव प्रयोगशालामा पहिलो संविधानसभा विघटनको घटनाको बयान गरेका छन्। विभिन्न नेताहरुको चरित्र चित्रण गरिएको यो कितावमा व्यवस्था(वैधानिक प्रक्रिया) भन्दा वाहिरबाट कसरी समाधान खोजिन्छ भन्ने कुराको प्रस्ट चित्र पाइन्छ। पहिलो संविधानसभा संविधान नै नलेखी विघटन भएको दिनको संविधानसभा भवनको दृश्यलाई उनले आफ्नो कितावमा यसरी उतारेका छन :

> *संविधान सभाको अन्तिम दिन सबभन्दा बिजोक सभासदहरुको थियो, जो नयाँ वानेश्वर स्थित संविधानसभा भवनमा बैठक हुन्छ भनेर विहानैदेखि जम्मा भएका थिए। संविधान सभाको भविष्य कसले निर्धारण गर्दै छ, कहाँ गर्दै छ, के हुदै छ -*

*सभासदहरुलाई नै अत्तोपत्तो थिएन । दलहरु बाहिरबाहिर वार्तामा थिए । शीर्ष नेता त कोही त्यहाँ पुग्दै पुगेनन् ...*

*केही नहुने देखेपछि सभासदहरुले भवन परिसरमै नाराबाजी गर्न थाले - सभासदहरुलाई बन्धक बनाउन पाइदैन ! राति अबेर बैठक नै नबसी संविधासभा विघटन भएको खवर आएपछि उनीहरुले गर्न सक्ने कुरा केही बाँकी रहेन । त्यसैले त्यहाँबाट सुटुक्क निस्कन थाले हारेका सिपाहीझैं । बाहिर कसैले चिन्ला भन्ने त्रास पनि देखिन्थ्यो कतिपयको अनुहारमा । केहीले त छातीमा टाँसेको सभासदको लोगो पनि झिके । उनीहरुलाई संविधानसभा विघटन भएको औपचारिक जानकारी समेत दिइएन । (शर्मा, बि.सं. २०७०)*

लोकतन्त्रमा जनताको स्थान सर्वोच्च हुन्छ । र जनताको प्रतिनीधित्व त्यहाँको सार्वभौम संसदले गर्दछ । त्यसैले सबै नीति नियमहरुको वारेमा वहस गर्ने, विवेचना गर्ने, निर्णय गर्ने थलो भनेको संसद नै हो । तर शाशकहरु सामुहिक निर्णय प्रक्रियालाई लत्याएर अपारदर्शी र गैरजिममेवार ढंगले संसद बाहिरबाट समाधान खोज्न थाले । देशको भाग्य भविष्यसंग प्रत्येक्ष रुपमा जोडिएको विषयमा सामुहिक निर्णय गर्ने भन्दा पनि केही झुण्डहरुमा मिलेर निर्णयमा पुग्ने अलोकतान्त्रिक विधि अवलम्वन गरियो । संसदलाई वन्धक बनाउने यस्तो प्रवृत्तीलाई कुनै रुपममा पनि लोकतान्त्रिक मान्न सकिदैन । लोकतन्त्रमा नीतिनियम अबनाउने र निर्णय गर्ने एकमात्र निकाय संसद नै हो । तर ठूला दलका शीर्षस्थ नेताहरुले त्यही संसदालाई नै वाहिर गरिएको निर्णय पास गराउने थलोको रुपमा दुरुपयोग गर्ने गरेको पाइन्छ ।

लोकतन्त्र एउटा पद्धति हो, एउटा संरचना हो । तर नेताहरुले निर्णय गर्दा त्यो संरचना र त्यो पद्धतिलाई नै लत्याउने गर्दछन् । सामुहिक निर्णयभन्दा पनि केही नेताहरुको स्वविवेकमा निर्भर रहन्छन् निर्णय प्रक्रियामा पुग्नका लागि । र त्यो व्यवहार अहिले पनि प्रष्ट रुपमा देख्न सकिन्छ ।

प्रदेश ५ को राजधानी दाङको भालुवाङ तोक्ने सवालमा प्रधानमन्त्री केपीशर्मा ओली र नेकपा अध्यक्ष प्रचण्डको बिचमा सहमती भयो । बाँकी नेताहरुले निर्णय भएपछि थाहा पाए । तल्लो तहका कार्यकर्ता वा सर्वसाधारण तर परको कुरा शीर्ष नेतृत्वले गर्ने गर्ने

कतिपय निर्णयहरु यति अपारदर्शी हुन्छन् कि पार्टीका अन्य नेताहरुलाई समेत निर्णय भएपछि सञ्चार माध्यमबाट थाहा हुन्छ ।

तर लोकतन्त्र पारदर्शी व्यवस्था हो । जहाँ कुनै नेताको लहडको भरमा वा सनकको भरमा कुनै निर्णय हुदैन । तर नेपालमा दीर्घकालीन महत्वको अधिकाँश निर्णयहरु नेताको लहड र सनकको भरका हुने गरेको पाइन्छ। पहिलो संविधानसभा विघटनको निर्णय पनि त्यस्तै लहडको एक उदाहरण थियो । नेपाली नेताहरुमा विधि र प्रक्रियाबाट भन्दा पनि स-साना झुण्डहरुबाट समाधान खोज्ने बानी रहेको पाइन्छ। जुन लोकतन्त्रको मुल मर्म र भावना विपरित हो ।

पुर्व प्रधान न्यायाधिस शुशिला कार्की र तात्कालीन सरकारको बीचमा खटपट हुदा वि.सं. २०७४ सालमा उनी विरुद्ध महाअभियोगको प्रस्ताव संसदमा दर्ता गरियो । जुन निर्णयलाई सवोच्चकै फैसलाले उल्ट्याईदियो । अवकासपस्चात शुशिला कार्कीले यो घटना समेत समावेश गरी जीवनी लेखिन ।२०७५ मा आएको किताव **शुशिला कार्की**मा आफूमाथि महाअभियोग लगाइएको प्रसङ्गलाई उनले यसरी उल्लेख गरेकी छन् :

> *मलाई महाअभियोग लगाउने कुनै ठाउँ थिएन किनकि म भ्रष्ट न्यायाधीस थिइनँ । मैले कामूनबमोजिम काम गरेको सबैलाई थाहा थियो । महाअभियोग दर्ता गर्न कि त भ्रष्ट हुनुपऱ्यो कि त क्षमता नभएको हुनुपऱ्यो । त्यस्ता कुनै कमजोरी ममा थिएनन् । संवैधानिक प्रावधान छोडेर राजनीतिक दलहरुको नाममा भक्ती प्रदर्शन गरियो भने मात्रै उनीहरुको नजरमा योग्य हुने देखियो । तिनका कार्यकर्ता वा चन्दादाताका मुद्दा तिनका इसारामा फैसला गर्नुपर्दा चन्दा वा कमिसन तिनले पाउने र तिनका लागि नियम कानून हामीले मिच्नुपर्ने ? अर्को कुनै उद्देश्का निम्ति नेपाली काँग्रेस र माओवादीका सभासदहरुको हस्ताक्षर संकलन गरिएको थियो तर सोही हस्ताक्षरको दुरुपयोग गरी महाअभियोग लगाइएको तिनकै सभासदहरुले पोल खोलेका थिए, जुन गैरकानूनी र नाजायज थियो । (कार्की, २०७४)*

लोकतन्त्रमा व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका यी तीनओटा अङ्गहरुलाई एकअर्काको पूरकको रुपमा लिइन्छ । यिनीहरु मध्ये कुनै पनि अङ्गले गल्ती गरेको अवस्थामा गलत गतिविधी नियन्त्रण गर्ने र सन्तुलन कायम गर्ने उद्देश्यले नै यी तीनथरी संस्थाहरुको

परिकल्पना गरिएको हो। तर नेताहरुले राज्यका अन्य अङ्गहरुलाई कार्यपालिकाको छायाँजस्तो भएको वा कार्यपालिकारको आदेश पालकको रुपमा हेर्न खोजेको देखिन्छ। जुन लोकतन्त्रका लागि घातक हो। आफ्नो आदेशको पालना नगर्ने वित्तिकै विभिन्न तरिकाले तर्साउने काम हुने गरेको छ। त्यसकै ज्वलन्त उदाहण हुन्,-शुशिला कार्की पनि।

नेताहरुले कार्यपालिका बाहेक अन्य संवैधानिक अङ्गहरुलाई कार्यपालिकाकै छायाँको रुपमा व्यवहार गर्न खोज्ने र आफ्नो सो लक्ष्यमा सफल हुन नसकेको अवस्थामा काम गर्न नदिने वा अवरोध सिर्जना गर्ने लगायतका कार्यहरु नेतृत्वबाट हुने गरेको छ। जुन व्यवहारले कुनै हालतमा पनि लोकतन्त्रलाई समृद्ध हुनै दिदैन।

मैले पनि यही अध्ययनको दौरान कार्कीलाई भेटेको थिएँ। मसङ्गको भेटमा उनले दलका नेताहरुले न्यायाधिसहरुलाई आफ्ना कारिन्दा सम्झिने गरेको र यसको स्वतन्त्र अस्तित्वलाई स्विकार गर्न नसकेको अनुभव सुनाएकी थिइन्।

नेपाली काँग्रेसका नेता प्रदीप गरी पनी नेताहरुको यस्तो चरित्रलाई लोकतान्त्रीक नभएर अधिनायकवादी चरित्र मान्दछन्।

२०७७ पुस ५ मा प्रधानमन्त्री केपी शर्मा ओलीले अप्रत्यासित रुपमा संसद विघटन गरिदिए। अनको आरोप थियो कि उनलाई आफ्नै पार्टीका नेताहरुले काम गर्न दिएनन्। साथै प्रचण्ड, माधव नेपाल, झलनाथ खनाल लगायत नेताहरु प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव र राष्ट्रपतीप्रति महाभियोगको प्रस्ताव ल्याउने तयारीमा रहेको पूर्वसुचनाको आधारमा संसद विघटन गरेको उनको तर्क थियो।

यसको किसिमको अप्रत्यासित, कुनै किसिमको पूर्वानुमान लगाउन नसकिने किसिमले पाँच वर्षका लागि चुनिएर आएको जनप्रतिनीधिमूलक संस्था संसद एकाएक विघटन गरिनुलाई कुनै पनि हालतमा लोकतान्त्रिक कदम मान्न सकिदैन।

कुरा केपी ओलीको मात्रै होइन। नेपालका अरु नेताहरुमा पनि यस्तै किसिमको व्यवक्तिवादी चरित्र देखिन्छ। पद्धति भन्दा पनि व्यक्तिगत स्वार्थका लागि काम गर्ने प्रवृत्ति देखिन्छ। ससाना स्वार्थका लागि व्यवस्थालाई नै समस्यामा पार्ने स्वभाव देखिन्छ। जुन स्वभावलाई किमार्थ लोकतान्त्रिक चरित्र मान्न सकिदैन।

वास्तवमा लोकतन्त्रमा संस्थाहरुको स्वायत्ततामाथि हस्पक्षेप हुनुहुदैन। लोकतन्त्रमा प्रत्येक संस्थाको क्षेत्राधिकार सुनिस्चित गरिएको हुन्छ। पूर्वर्धिारित क्षेत्राधिकारको सीमा मिच्नु पनि लोकतन्त्रको मूल मर्ममा प्रहार गर्नु हो। तर नेपालमा संस्थाहरुको स्वायत्तता र क्षेत्राधिकार नाममात्रको छ। सबै कुराको लगाम नेताहरुको हातमा छ।

नेपालको व्यवस्थापिका वास्तवमा कार्यपालिका र दलका प्रभावशली नेताहरुको लाचार छायाँ अथवा उनहरुको आदेशपालकसिवाय अरु केही होइन। त्यस्तै न्यायपालिका पनि एकाध अपवाद वाहेक स्वतन्त्र निर्णय दिन सक्ने हैसियतमा छैन। अझ प्रष्ट भाषामा भन्नु पर्दा व्यवस्थापिका र न्यायपालिका यी दुवै संवैधमनिक निकायले कार्यपालिकाको दवाव र प्रभावविना स्वतन्त्र ढंगले काम गर्न सकेका छैनन्। त्यसैले नेपालमा लोकतन्त्रको मुख्य आधारस्तम्भ शक्ति पृथकिकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्तको पालना भएको पाइदैन।

लोकतान्त्रिक संस्कार एकदमै न्युन भएको अवस्था र संरचनात्म स्वरुप निर्माण भई संवैधानिक रुपमा शक्तीको प्रष्ट सिमाङ्कन समेत भइसकेको अवस्थामा नेपालको लोकतन्त्र अहिले सोचिएको भन्दा धेरै राम्रो हुन सक्ने र अहिलेको भन्दा पनि झन खराव भएर जाने र व्यवस्था नै संकटमा पर्न सक्ने यी दुवै संभावना कायम छन्।

## शासितको चरित्र चित्रण

लोकतन्त्रका लागि शासकको जति महत्व हुन्छ शासितको पनि त्यत्तिकै महत्व रहन्छ। साथै लोकतन्त्रलाई जीवित राख्न सर्वसाधारणको पनि महत्वपूर्ण भूमिका रहन्छ। त्यसैले अध्ययनमा सर्वसाधारणलाई पनि समेटिएको छ।

जति सचेत र जति न्याय तथा समानताप्रेमी नागरिक हुन्छन्, लोकतन्त्र पनि त्यत्तिकै समृद्ध हुन्छ। नागरिक भनेका लोकतन्त्रका पहरेदार पनि हुन्। त्यसैले वास्तविक लोकतन्त्रका लागि शासित वर्गको चरित्र पनि लोकतान्त्रिक हुन आवस्यक छ।

यो अध्ययनमा शासित वर्गमा निम्न कुराहरु अध्ययन गर्न खोजिएको छ :

१. **चेतना**

क. लोकतन्त्रका आधारभूत मान्यताको सैद्धान्तिक ज्ञान (स्वतान्त्रता, समानता, परस्पर सम्मान आदि)

ख. निर्वाचन तथा मतदानको महत्वबारे जानकारी

**२. लोकतन्त्रप्रतिको प्रतिबद्धता**

क. स्वैच्छाचारी र अधिनायकवादविरोधी लोकतान्त्रिक प्रणाली जोगाई राख्ने तत्परता

ख. जनप्रतिनीधिको निरन्तर निगरानी

ग. गल्ति गर्नेलाई नदोहोऱ्याउने परिपाटी

**३. लोकतान्त्रीक आचरण**

क. समानता र स्वतन्त्रताको सम्मान

अ. लैंगिक समानता

आ. जातीय समानता

इ. भेगीय समानता

**४. सामुहिक निर्णयप्रक्रिया**

परिवारका सबै सदस्यको मत बुझेर परिवारका निर्णय लिने कार्य

**उत्तर विहिडीका सर्वसाधारणको स्थलगत अध्ययन**

साधारण जन समुदाय अर्थात शासितहरुको अध्ययन गर्नका लागि धनगडी नगरपालिकाको उत्तर विहिडीस्थित शिवपुरी टोल छनोट गरिएको छ। विविधतायुक्त सो गाऊँमा पहाडी र चौधरी समुदायको मिश्रित बसोवास छ। धनगडी नगरपालिकाको पश्चिम भुभागमा रहेको यो गाऊँ धनगडी बजारबाट करिव १० किलोमिटरको दुरीमा रहेको छ।

अध्ययनमाउत्तरविहिडीका ३३ परिवारलाई समेटिएको छ। यो गाऊँ धनगडी बजार बाट नजिकै छ। तर बजारमै भने छैन। त्यसैले यहाँ गाऊँ र सहरको मानसिकता बुझ्न समेत सहज हुने अनुमान गरी यो गाऊँ छनोट गरिएको हो।

समाजको अध्ययनका दौरान विशेष गरी परिवारको संरचनाको अध्ययन गरिएको छ। नागरिकहरुको विश्वास र स्वभावको अध्ययन गरिएको छ। त्यसका लागि विशेष गरेर

उनीहरुको परिवारको बनोट कस्तो छ ? परिवारमा निर्णय प्रक्रिया कस्तो छ ?लगायतका विषयमा कुराकानी गरिएको छ ।

त्यस्तै उनीहरु देशको राजनीतिमा चासो राख्छन् कि राख्दैनन् ? कस्ता प्रतिनीधिलाई र केको आधारमा छनोट गर्ने गरेका छन् ? अहिलेको व्यवस्थाबाट उनीहरु सन्तुष्ट छन् कि छैनन् । र त्यस्तो सन्तुष्टि वा असन्तुष्टिको आधार के हो ? लगायतका विषयको जानकारी लिने प्रयत्न गरिएको छ ।

**तालिका १**

**घरमूली**

१ नम्वर तालिकामा घरमूलीको अवस्था, परिवारमा निर्णय प्रक्रिया, परिवारको जाति व्यवस्थाप्रति विश्वासको विषयमा अध्ययन गरिएको छ । जहाँ३१ ओटा परिवारमा पुरुष घरमुली रहेको र २ ओटा परिवारमा मात्रै महिला घरमुली रहेको पाइयो । ती दुईओटा परिवारमा पनि परिवारमा महिलावाहेक ससाना बालबालिकाहरु मात्रै भएकाले महिला घरमूली संभव भएको हो ।

उत्तरविहिडी मात्रै होइन अन्यत्र पनि महिला घरमूली विरलै भेट्न सकिन्छ । यो तथ्यलाई हेर्दा नेपाली समाज अझै पनि पुरुष प्रधान समाज हो भन्न सकिन्छ । तर लोकतन्त्रमा सबैको समान अस्तित्व र समान महत्व हुन्छ ।

**निर्णय प्रक्रिया**

हामी लोकतन्त्रको अभ्यास वा लोकतान्त्रिक चरित्र हेर्दा नेताको आचरणका अतिरिक्त विभिन्न राजनैतिक तथा प्रशासनिक संयन्त्र र संवैधानिक संस्थाहरुलाई मात्रै हेर्ने गर्दछौं । तर परिवारको स्वरुप वा संरचनातिर ध्यान दिदैनौं । तर लोकतन्त्रको वास्तविक अभ्यास परिवारबाटै हुन्छ । हुनुपर्दछ ।

जहाँको परिवार र समाज लोकतान्त्रिक हुन्छ स्वभावैले त्यहाँको राज्यसंयन्त्र पनि लोकतान्त्रिक हुन्छ । किनकि राज्य हाँक्ने प्रत्येकले लोकतान्त्रिक विधी र प्रक्रियाको अभ्यास परिवारमै गरेका हुन्छन् ।

**उत्तरविहिडीको अवस्था**

उत्तरविहिडीमा एकल निर्णय प्रक्रियामा विश्वास गर्ने परिवार संख्या २६ छ भने सामुहिक निर्णय प्रक्रियामा विश्वास गर्ने परिवार संख्या सात ।

लोकतन्त्रका लागि परिवारबाटै तयारी हुनु पर्ने हो । परिवारमै त्यसको अभ्यास हुनुपर्ने हो तर उत्तरविहिडीलाई हेर्दा यसको यथोचित अभ्यास भएको देखिदैन । नेपाली समाजमा सामुहिक भन्दा एकल निर्णय प्रक्रियामा विश्वास गर्ने गरिएको पाइएको छ । सामुहिक निर्णय रुचाउने संख्या ज्यादै न्युन छ । देशको निर्णय प्रक्रियामा पनि यही विचार हावी भएको हुनसक्दछ ।

**जाति व्यवस्थामाथि विश्वास**

लोकतन्त्रमा उचनीचको भावनालाई कुनै स्थान हुदैन । सबै नागरिकहरु समान हुन्छन् । तर नेपालको लोकतन्त्रका लागि यही उचनीचको भावना नै सर्वाधिक चुनौतिको रुपमा देखापरेको छ । मैले अध्ययन गरेको गाउँ अर्थात् उत्तरविहिडीमा करिव २७ परिवारले जाति व्यवस्था माथि विश्वास गरेको पाइएको छ भने छ ओटा परिवारमा मात्रै यो व्यवस्थाप्रति विश्वास छैन । र यस्तो भेदभावपूर्ण व्यवस्थामाथि विश्वास नभएको सबै परिवारहरु चौधरी परिवार हुन । पहाडी मुलका सबैमा जातीय छुवाछुतमाविश्वास रहेको पाइयो ।

गाउँको अवस्थालाई तालिकाद्वारा यसरी देखाउन सकिन्छ :

**तालिका : १**

**परिवारको निर्णय प्रकिया र जातिव्यवस्थामाथि विश्वास**

| घरमुली | | निर्णय प्रक्रिया | | जाति व्यवस्थामाथि विश्वास | |
|---|---|---|---|---|---|
| **महिला** | **पुरुष** | **एकल** | **सामुहिक** | **छ** | **छैन** |
| २ | ३१ | २६ | ७ | २७ | ६ |

माथिको तालिकामा परिवारको अवस्था चित्रण गरिएको छ । यो तालिकाले विशेष गरी घरमूलीको अवस्था, निर्णय प्रक्रिया र जातीय व्यवस्थामाथि परिवारको विश्वास मुख्यतया यी तीन पक्षलाई हेर्न खोजिएको छ । जसको व्याख्या र विश्लेषण माथि नै गरिएको छ ।

**तालिका २**

**राजनीतिमा चासो**

दोस्रो तालिकामा मैले नागरिकहरुले देशको राजनीतिमा कत्तिको चासो राख्दछन् ? यो व्यवस्थाप्रति उनीहरुमा रहेको सन्तुष्टि वा असन्तुष्टिको अवस्था, र आफ्ना प्रतिनीधिरुका काम कार्वाहीमा उनीहरुले कत्तिको निगरानी राख्दछन् ?भन्ने विषय देखाउन खोजेको छु ।

लोकतन्त्रमा सबैजना सबै प्रक्रियाप्रति निरन्तर जागरुक रहेमा मात्रै लोकतन्त्रका आधारभूत मूल्यमान्यता जोगाईराख्न सकिन्छ । तर व्यवस्थाप्रति असन्तोष मात्रै राख्ने तर आफ्नो जिम्मेवारी निर्वाह नगर्ने स्वभावले लोकतन्त्र सदैव खतरामा रहन्छ । त्यसैले व्यवस्थाप्रति प्रत्येक नागरिकको निरन्तर निगरानी आवस्यक छ । लोकतन्त्र सबैको व्यवस्था हो त्यसैले यसलाई जोगाउने दायित्व पनि सबैको हुन्छ ।

मैले अध्ययन गरेका कुल ३३ जनामा १३ जनाले राजनीतिमा चासो राख्ने गरेको बताएका छन् । १२ जनाले सामान्य रुचि राख्दछन् भने भने ८ जनामा राजनीति प्रति कुनै चासो नरहेको पाईएको छ ।

**व्यवस्थाबाट सन्तुष्ट वा असन्तुष्ट**

अहिलेको व्यवस्थाबाट असन्तुष्ट रहेकाहरुको संख्या भने ठूलो छ । २६ जनाले अहिलेको यो व्यवस्थाप्रति असन्तोष व्यक्त गरेका छन् । त्यस्तै पाँच जनाले यो व्यवस्थालाई ठिकठिकै अर्थात मध्यम मानेका छन् भने दुई जना मात्रै यसबाट सन्तुष्ट रहेको पाइन्छ । असन्तुष्टहरु मध्ये अधिकाँश नेताहरुको कुरा गर्ने तर काम नगर्ने प्रवृत्तिबाट आजित भएका छन् ।

**जनप्रतिनीधका गतिविधीमाथि निगरानी**

अध्ययनमा समेटिएका मध्ये ६ जनाले आफ्ना जनप्रतिनीधीहरुको काम कार्वाहीको निगरानी राख्ने गरेको बताएका छन् । ७ जनाले सामान्य जानकारी लिने गरेको बताएका छन् भने २० जनाले कुनै मतलव नै नहुने बताएका छन् । यहाँ आफ्ना जनप्रतिनीधिहरुको कामको निगरानी गर्ने र उनीहरुलाई सदैव प्रश्न गर्नेहरुले नै वास्तवमा लोकतन्त्रकको संरक्षण गर्न सक्दछन् । र यसलाई कुनै किसिमको खतराको स्थितिबाट जोगाउन सक्दछन् ।यसमा पूरै सन्तुष्ट भैहाल्ने आधार त छैन तर सानो संख्या भए पनि निगरानी गर्दछ र प्रश्न गर्दछ ,

जसले लोकतन्त्रको जगेर्ना गर्ने कार्यमा योगदान पुऱ्याएको छ। नागरिकहरुको निगरानीले लोकतन्त्रलाई जिवन्त तुल्याउने काम गरेको हुन्छ।

यो तथ्यलाई तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

**तालिकाः २**

**राजनीतिमा चासो तथा जनप्रतिनीधिको निगरानीको अवस्था**

| अहिलेको व्यवस्थाबाट सन्तुष्टि वा असन्तुष्टिको अवस्था | | | देशको राजनीतिमा चासो | | | आफ्ना प्रतिनीधिका गतिविधिको निगरानी | | |
|---|---|---|---|---|---|---|---|---|
| सन्तुष्ट | मध्यम | असन्तुष्ट | छ | अलिअलि छ | छैन | गरिन्छ | समान्य जानकारी राखिन्छ | केही मतलव हुदैन |
| २ | ५ | २६ | १३ | १२ | ८ | ६ | ७ | २० |

तलिका ३ मा नागरिकहरुले कुनै उम्मिद्वारलाई भोट दिने आधार, काम नगर्नेलाई दोहोऱ्याएर भोट दिने गरेको छ कि छैन ? भोट दिने सम्वन्धमा निर्णय कसले गर्दछ ? भन्ने विषयको जानकारी लिइएको छ। जसमध्ये कुनै पनि उम्मिद्वारलाई भोट दिदा ९ जनाले सिद्धान्त हेर्ने गरेको बताएका छन्। यिनीहरुमध्ये अधिकाँश व्यक्ति कुनै न कुनै राजनैतिक पार्टीसङ्ग जोडिएका छन्। त्यस्तै आफ्नो नाता सम्वन्ध, चिनजान र अन्य किसिमको निकटताको आधारमा भोट दिनेहरु १७ जना छन् भने ७ जनाले उम्मिद्वारको क्षता र इमान्दारी हेरेर भोट दिने गरेको बताएका छन्।

त्यस्तै काम नगर्नेहरुलाई भोट दिने मतदाताहरु पनि छन्। हामीले गरेको अध्ययनमा विभिन्न समयमा गरेर त्यस्ता उम्मिद्वारहरुलाई भोट दिएको बताउने २० जना भेटिएका थिए। उनीहरुले निकटता, पार्टीको सिद्धान्त लगायतका विभिन्न कारणहरुले गर्दा काम गर्न नसकेको अनुभुति हुदाहुदै पनि दोहोऱ्याएर त्यस्ता प्रतिनीधीहरुलाई मतदान गरेको बताएका छन्।

त्यस्तै कसलाई भोट दिने भन्ने सम्वन्धमा आफै निर्णय गर्नेहरु २ जना भेटिए। परिवारले गरेको निर्णयको आधारमा मतादान गर्नेहरु २५ जना थिए भने समाजको निर्णय माने मतदान गर्नेहरु ६ जना भेटिए। समाजको निर्णयको आधारमा मतदान गर्नेहरु सबै चौधरी

परिवार हुन् । उनीहरु सामुहिक निर्णयको आधारमा कसलाई मतदान गर्ने भन्ने विषयमा निर्णय गर्दछन् । पारिवारिक र सामाजिक निर्णयको पनि आआफ्नै किसिमको महत्व छ , तर लोकतन्त्रकमा स्वतन्त्र निर्णय क्षमतालाई  उपयुक्त मानिन्छ ।

यो तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ :

**तालिका : ३**

**उम्मिदवार छान्ने आधार**

| **कुनै पनि उम्मिद्वारलाई केको आधारमा मतदान गरिन्छ?** | | | **काम नगर्नेलाई दोहोऱ्याएर भोट दिइएको भएको छ कि छैन?** | | **कसलाई भोट दिने सम्वन्धमा निर्णय कसले गर्छ ?** | | |
|---|---|---|---|---|---|---|---|
| **सिद्धान्त** | **निकटता** | **क्षमता र इमान्दारी** | **छ** | **छैन** | **आफै** | **परिवार** | **समाज** |
| ९ | १७ | ७ | २० | १३ | २ | २५ | ६ |

# अध्याय ६

## ६.१ लोकतान्त्रिक संविधान, संरचना र संस्थाहरु

### संविधान

कुनै पनि राज्यका लागि संविधान मूल बाटो हो। जसको मार्गनिर्देशमा कुनै पनि राज्य आफ्नो गन्तव्यसम्म पुग्न सक्दछ। त्यसैले लोकतान्त्रिक राज्य हुनका लागि सो राज्यको संविधान लोकतान्त्रिक हुन आवस्यक छ।

लामो संघर्ष र बलिदानबाट प्राप्त नेपालको संविधानमा पनि लोकतन्त्रका आधारभूत मुल्य र मान्यताप्रति गहिरो आश्था प्रकट गरिएको छ। संविधानको पस्तावनामा नै वर्गीय, जातीय, क्षेत्रीय,भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ।

त्यस्तै जनाको प्रतिस्प्रधात्मक, बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन,पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्धता व्यक्त गरिएको छ।

नेपालको संविधानको प्रस्तावनामा उल्लेख गरिएका यी सबै अवधारणाहरु लोकतान्त्रिक समाज निर्माणका महत्वपूर्ण आधारहरु हुन्। यहाँ अभिव्यक्त नागरिक स्वतन्त्रता, वालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता लगायताका अवधारणाहरु लोकतन्त्रका आधारभूत तत्व हुन्।

त्यस्तै स्वतन्त्र र सक्षम न्यापालिका तथा कानूनी राज्यको अवधारणाले राज्यमा अनुशासन कायम गरी लोकतन्त्रलाई समृद्ध तुल्याउन मद्दत गर्दछ।

संविधानको भाग तीनमास्वतन्त्रता, समानता, सञ्चार, न्यायसम्वन्धी, छुवाछुत तथा भेदभाव विरुद्धको हक लगायत ३१ ओटा मौलिक हकको व्यवस्था गरिएको छ ।

मौलिक हक भनेका राज्यका विरुद्ध नागरिकलाई दिइएको अधिकार हो। जसले राज्यको भुमिकालाई सीमित तुल्याउँछ भने नागरिकलाई थप मजबुत बनाउँछ। राज्यका विरुद्ध नागरिकलाई प्रदान गरिने मौलिक हकले पनि त्यो देशको लोकतन्त्र कति मजबुत छ भन्ने कुरा निर्धारित हुन्छ। नेपालको संविधानमा पर्याप्त मौलिक हक प्रदान गरिएको छ। यसको आधारमा नेपालको लोकतन्त्र सुदृढ छ भन्न सकिन्छ ।

## संरचना

नेपालमा संघ, राज्य र स्थानीय गरी तीन तहको राज्य संरचना छ। र तिनको सञ्चालका निस्चित विधी, प्रकृया र मापदण्ड तयार गरिएका छन्। जुन व्यवस्थाले शक्ति पृथकीकरण र विविधिकरणमा महत्वपूर्ण योगदान दिनुका अतिरिक्त स्रोत साधनको वितरणमा केन्द्रदेखि स्थानीय तहसम्म अधिकार प्रत्यायोजित गरेको छ ।

संघ, प्रदेश र स्थानीय तह सञ्चालनका लागि पनि ऐन, नियम, नीति निर्देशन लगायतका विभिन्न संरचना निर्माण गरिएको छ। यसकिसिमको विकेन्द्रीकरणले प्रत्येक समाजका मौलिकतालाई कायम राखी समाजलाई समान रुपले उठाउन मद्दत पुग्छ। वास्तवमा यी र यस्तै व्यवस्थाहरुले हो लोकतन्त्रलाई सुदृढ तुल्याउने ।

## संस्थाहरु

वास्तवमा संस्थाहरुको स्वायत्तताले लोकतन्त्रलाई मजबुत बनाउँछ। राज्यका सबै संयन्त्रलाई आफ्नो दायरामा राख्छ, सीमा नाघ्न दिदैन र सबैलाई अनुशासनमा राख्दछ। त्यसैले लोकतन्त्र सुदृढ हुनका लागि लोकतान्त्रिक संस्थाहरुको स्वायत्तता अपरिहार्य छ ।

नेपालको संविधानमा पनि राज्य सञ्चालन र सेवा प्रवाहमा महत्वपूर्ण भुमिका रहेका त्यस्ता संस्थाहरुको व्यवस्था गरिएको छ ।

स्वतन्त्र तथा सक्षम न्यायपालिकाको वारेमा संविधानको प्रस्तावनामै व्यवस्था गरिएको छ। त्यस्तै सार्वभौम व्यवस्थापिका र कार्यकारी कार्यपालिकाको समेत व्यवस्था गरिएको छ।

जहाँ व्यवस्थापिकाले नियम कानुन निर्माण गर्ने गर्दछ भने कार्यपालिकाले त्यसको कार्यान्वयन गर्दछ । साथै न्यायपालिकाले न्याय सम्पादन गर्ने गर्दछ ।

राज्य सञ्चालनका यी तीन संयन्त्रले एकअर्कोले गर्ने कमिकमजोरी सच्याउने र यसरी आफ्नो दायरामा राख्ने काम समेत गर्दछन् । यसरी शक्तिको नियन्त्रण र सन्तुलन कायम हुन्छ ।

यसका अतिरिक्त राज्य संचालका लागि विभिन्न अधिकार प्रत्यायोजन गरी १३ ओटा संवैधानिक आयोगहहरुको व्यवस्था गरिएको छ ।

जसमा कुनै पनि सार्वजनिक पदमा रहेको व्यवक्तिले आफ्नो अख्तियारीको दुरुपयोग गरी कुनै किसिमको अनुचित काम गरेको छानविन गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ ।

त्यस्तै निस्पक्ष निर्वाचन सञ्चालन सम्वन्धी सम्पूर्ण कार्यका लागि निर्वाचन आयोग, मानव अधिकारको संरक्षण संवर्द्धन गर्नका लागि राष्ट्रिय मानव अधिकार आयोग तथा पछि परेका वा पारिएका वर्ग र समुदायका व्यक्तिलाई राज्यको मुलधारमा समेट्नका लागि महिला, दलित, जनजाति, थारु, मधेसी लगायत विभिन्न आयोगको व्यवस्था गरिएको छ ।

यसरी हेर्दा नेपालमा लोकतान्त्रिक संविधान, त्यसलाई सहयोग गर्ने किसिमको संरचना र लोकतन्त्रलाई सुदृढ तुल्याउने स्वतन्त्र संस्थाहरुको व्यवस्था गरिएको छ ।

यति हुँदाहुँदै पनि यदि शासक र शासितहरुमा लोकतान्त्रिक संस्कार भएन भने यी संरचनाले काम गर्न सक्दैनन् । तसर्थ वास्तविक लोकतन्त्रका लागि लोकतान्त्रिक संविधान र संस्थाहरु मात्रै भएर पुग्दैन लोकतान्त्रिक संस्कार पनि आवश्यक पर्दछ ।

# अध्याय ७

# सारांश र निष्कर्ष

## ७.१ सारांश

नेपालमा शासक र शासितमा लोकतान्त्रिक संस्कार शीर्षकमा तयार पारिएको यो अध्ययनमा मुख्यतया दुईओटा प्रश्नको जवाफ खोज्ने प्रयत्न भएको छ । जसमध्ये पहिलो प्रश्न थियो,- नेपालमा लोकतन्त्र भनेर दावी गरिएको शासन वयवस्था वास्तवमा लोकतन्त्र हो कि होइन ?

त्यस्तै अर्को प्रश्न थियो,-नेपालका नेता र नागरिकमा लोकतान्त्रिक चरित्र छ कि छैन ?

र यसको मापन नेताहरुको बोली र व्यवहारको तादात्म्य, उनीहरुको जीवनशैली, आफ्नो स्थानीय तह अनि आफूलाई निर्वाचित गर्ने नागरिकप्रति उनीहरुको जिम्मेवारीवोध लगायतका विषयलाई हेरेर गरिएको थियो ।

मापनका अन्य आधारहरु पनि थिए । जस्तो कि शासकहरु लोकतन्त्रका नियमहरु, व्यवस्थाको मूलभावना, देशको संविधान, संस्थाहरुको स्वायत्ततताप्रति इमान्दार छन् कि छैनन् भन्ने कुराहरुलाई पनि हेरिएको छ ।

यति हुदाहुदै पनि नेताहरुको लोकतान्त्रिक संस्कारको मूल्यांकन गर्दा मुख्य रुपमा लोकतान्त्रिक मूल्यमान्यताको पालनाका अतिरिक्त उनीहरुको बोली र व्यवहारबीच तालमेल छ कि छैन भनेर हेरिएको थियो ।

त्यस्तै शासितहरुको लोततान्धिक चरित्रको मूल्यांकन उनीहरु आफ्ना जनप्रतिनिधीको निरन्तर निगरानी गर्दछन् कि गर्दैनन् ? सामाजिक कुरीतिप्रति तथा विभेदप्रति उनीहरुको विश्वास छ कि छैन ? उनीहरुको परिवार लोकतान्त्रिक छ कि छैन ? लगायतका विविध पक्षको अध्ययन गरेर गरिएको थियो ।

यसरी नेपाली समाज लोकतान्त्रिक छ कि छैन ? वा नेपालमा कुन तहको लोकतन्त्र छ ? भन्ने कुरा पत्ता लगाउनू यो अध्ययनको मुख्य उद्देश्य हो ।

जुन कुरा थाहा पाउन विभिन्न किताव, लेख रचनाका अतिरिक्त नेपाली समाज र नेताहरुको स्वभाव समेत अध्ययन गरिएको छ ।

शासकहरुको र समाजको अध्ययन गर्दा प्रत्येक्ष अन्तरवार्ताका अतिरिक्त ऐतिकासिक दस्तावेजहरुको समेत अध्ययन गरिएको छ ।

यसको सैद्धान्तिक छलफलको लागि भने मैले 'हाऊ डेमोकेसी डाइ ' र 'पिपुल भर्सेस डेमोकेसी' यी दुई किताबको अध्ययन गरें । जहाँ लोकतन्त्रको नाममा नक्कली लोकतन्त्रको अभ्यास भैरहेका तथ्यहरु पर्याप्त छन् । त्यस्तै अहिलेको समयमा लोकतन्त्रको हत्या कुनै सैन्य जनरलहरुका बन्धुकको नाल अथवा बुटद्वारा नभई लोकतन्त्रसभत्रैबाट हुने कुरा उल्लेख गरिएको छ । जसका पर्याप्त उदाहरणहरु आजको विश्वमा पाइन्छन् ।

तर यसका अपवाद पनि भेटिन्छन् । म्यानमारमा भएको सैन्य कू लाई त्यस्तै यौटा अपवादको रुपमा लिन सकिन्छ । तर सामान्यतया अहिलेको विश्वमा लोकतान्त्रिक विधी र प्रकृयाद्वारा चुनिएका शासकहरुले नै यसका नियमहरुको पालना नगर्दा लोकतन्त्रमाथि खतरा उत्पन्न हुने गरेको छ ।

जहाँसम्म पूर्ण लोकतन्त्रको कुरा छ, त्यो विश्वमा कतै पनि छैन भन्ने गरिन्छ । र लोकतन्त्रमा नयाँनयाँ आयामहरु थपिदै जाने भएकाले लोकतन्त्र पूर्ण हुदैन भन्ने मान्यता पनि त्यत्तिकै मजबुत छ । लोकतन्त्र यसकारण पनि उत्कृष्ट व्यवस्था हो किनकि मानव सभ्यताको विकासक्रममा आएका नयाँनयाँ आयामका लागि सदैव स्थान खाली नै रहन्छ ।

नेपालमा पूर्ण लोकतन्त्र छ भनेर विश्वास गर्नेहरु पनि छन् । यहाँ लोकतन्त्र नै छैन भन्नेहरु पनि छन् । लोकतन्त्र छ वा छैन ? भन्दा पनि कुन तहको लोकतन्त्र छ भनेर हेर्नुपर्छ भन्नेहरु पनि छन् । मलाई नेपालमा लोकतन्त्र छ कि छैन ? भन्ने भन्दा पनि यहाँ कुन तहको लोकतन्त्र छ भनेर हेर्नु उपयुक्त हुन्छ भन्ने तर्क बलियो लाग्यो ।

अहिलेको नेपालको शासनप्रणाली, नेताहरुको चरित्र, नेपाली समाजको चरित्र हेर्दा नेपालको लोकतन्त्र प्रारम्भिक चरणमा र अविकसित अवस्थामा रहेको मान्न सकिन्छ ।

## ७.२ निष्कर्ष

समग्रमा नेपालका लोकतान्त्रिक संविधान छ , लोकतान्त्रिक संस्थाहरु छन् । कार्यपालिका, न्यायापालिका र व्यवस्थापिका मार्फत शक्ति सन्तुलन र नियन्त्रणको व्यवस्था गरिएको छ । यहाँको सरकार लोकतान्त्रिक विधी र प्रक्रियाबाट बन्दछ । स्वतन्त्र र सक्षम न्यायपालिकाको व्यवस्था गरिएको छ । तर अझै पनि नेपालका शासकहरुमा सामुहिक निर्णय प्रक्रियामा भन्दा पनि स्वविवेकले निर्णय लिने कुरामा विश्वास रहेको पाइन्छ । व्यवस्थापिका र न्यायपालिकालाई कार्यपालिकाको आदेश पालकको रुपमा हेर्ने संस्कार छ ।

त्यस्तै नेपाली समाजको पनि पूर्ण रुपमा लोकतान्त्रिकरण हुन सकेको छैन । यसमा जातीय छुवाछुत जस्ता अमानवीय र सामन्ति स्वभाव पनि बाँकी नै छन् । व्यवहारिक रुपमा नेपाल अहिले पनि पुरुष प्रधान समाज हो । यस्ता थुप्रै कमी कमजोरीका बावजुद नेपालमा लोकतन्त्र छ । तर यसलाई आंशिक लोकतन्त्र मान्न सकिन्छ, पूर्ण लोकतन्त्र भने मान्न सकिदैन ।

## सन्दर्भ सामग्री

अर्याल, मदनप्रसाद,नीति(विदुर, चाणक्य,भर्तृहरि) एभरेष्ट गीता निकेतन, बालाजु, बाइपास, काठमाडौं, २०७३,

उपाध्याय श्रीरामप्रसाद, विश्वको इतिहास, रत्न पुस्तक भण्डार, काठमाडौं,नेपाल, २०५२

कुमार विजय, खुसी, फाइनप्रिन्ट बुक्स, विशालनगर, काठमाडौं, २०७१

कोइराला गिरिजाप्रसाद, आफ्नै कुरा, जगदम्बा प्रकाशन प्रा.लि. ललितपुर,२०६७

कोइराला विश्वेश्वरप्रसाद, जेल-जर्नन, जगदम्बा प्रकाशन प्रा.लि. ललितपुर, २०५४

कोइराला विश्वेश्वरप्रसाद, फेरी सुन्दरीजल, जगदम्बा प्रकाशन, हात्तिवन ललितपुर, २०६३

दिक्षित कनकमणि, देखेको मुलुक, जगदम्वा प्रकाशन प्रा.लि. ललितपुर,२०६६

नेपाल किशोर, मेरो समय, फाइनप्रिन्ट, विशालनगर, काठमाडौं, २०७०

भट्टराई, कृष्णप्रसाद, मेरो म, सन्त नेता कृष्णप्रसाद भट्टराई प्रतिष्ठान, बाडेगाउँ, ललितपुर, २०६७

मिश्र चैतन्य, लोकतन्त्र र आजको मार्स्कवाद, बुक-हिल पब्लिकेसन, कालिकास्थान, काठमाडौं, २०७६

मिश्र रविन्द्र, भूमध्येरेखा, फाइनप्रिन्ट, झम्सीखेल, ललितपुर, २०६७

मैनाली उमेश, लोकतन्त्रका आधार, अन्नपूर्ण दैनिक, २०७६ कार्तिक १७

मैनाली राधाकृष्ण, नलेखिएको इतिहास, अल्केमी पब्लिकेसन, बानेश्वर, काठमाडौं, २०७३

शर्मा गणेशराज, विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त, जगदम्वा प्रकाशन प्रा.लि. ललितपुर, २०५५

शर्मा सुधीर, प्रयोगशाला, फाइन प्रिन्ट, विशालनगर, काठमाडौं, २०७०

श्रेष्ठ सुदिप, कथाएँ,सेतोपाटी अनलाइन पत्रिका, वि.सं. २०७६ असोज ८ बुधवार

सिनक्लेयर टि.ए., युनानी विचारधारा, (हिन्दी अनुवाद : अनुवादकः विष्णुदत्त मिश्र), सन् १९६७

सिंह माथवर, मेरो कथाका पानाहरु, आयाम प्रकासन प्रा.लि.,कमलादी, काठमाडौं, २०६७

Garner, political science and government,American book company, 1928

*Governance and Development, 1992,World Bank Report*

Lowell, Jamesrussel , Democracy and other addresses, Boston, newyork, Houghton,miffin company,1887

Monttesquieu baron de, The spirit of laws,hafner publishing company, New York, 1949

Mounk yascha, The people vs democracy: Why our freedom in denger and how to shave it, Cambridge Massachusetts: Harbart university press,2018

Mill Sturt Joshn, Representative Government, Princetion University Press,1976

Zibalattdaniel and Steven Levitsky, how democracies die, penguin random house, uk, 2018

# प्रश्नावली

नाम

उमेर

परिवारका सदस्य संख्या

शिक्षा

पेशा

ठेगाना

## नागरिकलाई प्रश्न

१. लोकतन्त्रको ज्ञान छ कि छैन ?

२. कस्ता व्यक्तिलाई मतदान गरिन्छ ?

३. प्रतिवद्धता पूरा नगर्नेलाई दोवारा अवसर दिइक्न्छ कि दिइदैन ?

४. परिवारको निर्णय कसले र कसरी गर्ने गरेको छ ?

५. जाति व्यवस्थाममाथि विश्वास छ कि छैन ?

## नेतालाई प्रश्न

आफ्नो निर्वाचन क्षेत्रमा महिनामा कतिपटक गइन्छ ?

संसदमा स्थानीय मुद्दाको उठान कत्तिको गरिन्छ ?

संसदमा अनुपस्थित रहनुहुन्छ कि हुन्न?

आफूले आफैंलाई कुन हदसम्म लोकतान्त्रिक मान्ने गरेको छ ?

नेपालको शासकीय स्वरुप लोकतान्त्रिक छ कि छैन ?